सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

३० जेठ २०८०, मंगलबार (13 June 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ६१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# सार्वजनिक संस्थानमा बेथिति : पदपूर्ति नगरेर ज्यालादारी र करारमा भर्ती गरिएका छन् ६७४२ कर्मचारी

## राजनीतिक दबाबमा 'अदक्ष' कर्मचारी भर्ती गरेर पाल्नुपर्दा संस्थानहरूमा आर्थिक बोझ बढ्दै

**अजित अधिकारी, पवन तिमिल्सिना**

सर्वसाधारणलाई बजारमा पहुँच र मूल्यमा सहुलियत दिने भनेर सरकारले उद्योग, सेवा, जनउपयोगी र वित्त क्षेत्रमा स्थापना गरेका विभिन्न सार्वजनिक संस्थान राजनीतिक दलका कार्यकर्ता भर्ती केन्द्र बनेका छन् । ४३ संस्थान र समितिमा पदपूर्ति गर्नुको साटो दरबन्दी मिचेर भर्ती गरिएका ६ हजार सात सय ४२ ज्यालादारी तथा करारका कर्मचारी छन् । राजनीतिक दबाबमा 'अदक्ष' कर्मचारी भर्ती गरेर पाल्नुपर्दा संस्थानहरूमा आर्थिक बोझ बढ्दै गएको छ ।



दरबन्दीभन्दा बाहिर गएर करारमा भर्ती गर्नु गैरकानुनी हो

● **धनीराम शर्मा,** प्रवक्ता, अर्थ मन्त्रालय

अर्थ मन्त्रालयले हालै प्रकाशित गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८०' को तथ्यांकअनुसार कार्यालय सहयोगी पदमा मात्रै ज्यालादारीमा दुई हजार तीन सय तीन र करारमा चार हजार एक सय ४७ 'अदक्ष' कर्मचारी छन् । करार र ज्यालादारीमा भर्ती भएका ९० प्रतिशत कर्मचारी सहायक तहका छन् । यसको अर्थ कुनै सीपविना राजनीतिक भनसुनका आधारमा यस्ता कर्मचारी संस्थानमा कार्यरत छन् भन्ने बुझिन्छ । संस्थानमा 'अदक्ष' कर्मचारीको बोझ बढ्दा प्रशासनिक खर्च वृद्धि भई आर्थिक नोक्सानी पनि बढ्दै गएको छ । हाल सार्वजनिक संस्थान र समितिमा २४ हजार नौ

» पृष्ठ ११ मा क्रमशः

## ■ सयभन्दा धेरै अस्थायी/करार/ज्यालादारी कर्मचारी भएका १७ संस्थान

सबैभन्दा धेरै नेपाल बैंक लिमिटेडमा १२८० तथा सबैभन्दा थोरै राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीमा २/२ करार/ज्यालादारीका कर्मचारी

| संस्थान | कुल कर्मचारी | करार/ज्यालादारी | विवरण | नाफा/घाटा |
|---|---|---|---|---|
| नेपाल बैंक | ३२११ | १२८० | (स्थायी १९३१, अस्थायी ७८१, ज्यालादारीमा ४०८ र करारमा ९१ कार्यरत) | नाफा : ३ अर्ब ४२ करोड २२ लाख |
| कृषि विकास बैंक | २८७९ | ७०५ | (स्थायी २१७४, करारमा १७१ र ज्यालादारीमा ५३४ कार्यरत) | नाफा : ३ अर्ब ५२ करोड १८ लाख |
| नेपाल नागरिक उड्डयन प्राधिकरण | १४४८ | ५९५ | (८५३ स्थायी, ४९४ अस्थायी र १०१ करारमा कार्यरत) | नाफा : १६ अर्ब ५८ करोड |
| नेपाल वायुसेवा निगम | १३६३ | ५०० | (८६३ स्थायी, ५०० ज्यालादारी तथा करारमा कार्यरत) | घाटा : (१५ अर्ब ४७ करोड) |
| खानेपानी संस्थान | ६३० | ३२९ | (३०१ स्थायी र ३२९ करारमा कार्यरत) | घाटा : (दुई अर्ब ४५ करोड १६ लाख) |
| दुग्ध विकास संस्थान | १००३ | ३१९ | (६८४ स्थायी, ३१३ अस्थायी र ६ करारमा कार्यरत) | घाटा : (एक अर्ब २० करोड) |
| नेपाल टेलिभिजन | ४९५ | २३९ | (२५६ स्थायी, १२१ अस्थायी, ९० करार र २८ ज्यालादारीमा कार्यरत) | घाटा : (दुई अर्ब ६ करोड १५ लाख) |
| जडीबुटी उत्पादन तथा प्रशोधन कं.लि. | २५४ | २२० | (३४ स्थायी, १४८ अस्थायी, ३६ ज्यालादारी र ३६ करारमा कार्यरत) | नाफा : २९ करोड ९२ लाख |
| गोरखापत्र संस्थान | ४७७ | १९७ | (२८० स्थायी, १६० करार र ३७ ज्यालादारीमा कार्यरत) | घाटा : (१७ करोड) |
| खाद्य व्यवस्था तथा व्यापार कं. लि. | ३८२ | १८४ | (१९८ स्थायी र १८४ ज्यालादारीमा कार्यरत) | घाटा : (७८ करोड ७३ लाख) |
| रेडियो नेपाल | ५४९ | १८० | (३६९ स्थायी र १८० करारमा कार्यरत) | नाफा/घाटा : उपलब्ध छैन |
| हेटौँडा सिमेन्ट | ३९५ | १७१ | (२२४ स्थायी, ज्यालादारीमा १०५ र ६६ करारमा कार्यरत) | घाटा : (९० करोड तीन लाख) |
| जनक शिक्षा सामग्री केन्द्र | ५०२ | १७० | (३३२ स्थायी, १५९ करार र ११ ज्यालादारीमा कार्यरत) | घाटा : (१ अर्ब ३९ करोड १३ लाख) |
| राष्ट्रिय वाणिज्य बैंक | २१३६ | १३३ | (२००३ स्थायी र १३३ करारमा कार्यरत) | नाफा : १ अर्ब ८६ करोड ३४ लाख |
| नेपाल विद्युत् प्राधिकरण | ८५३६ | १३२ | (८४०४ स्थायी र १३२ ज्यालादारीमा कार्यरत) | नाफा : २४ अर्ब ८० करोड ९ लाख |
| नेपाल आयल निगम | ६२५ | ११८ | (५०७ स्थायी र ११८ करारमा कार्यरत) | घाटा : (१७ अर्ब ८१ करोड) |
| नेपाल रेल्वे कं.लि. | ११९ | १०९ | (१० स्थायी र १०९ ज्यालादारीमा कार्यरत) | घाटा : (४१ करोड ४९ लाख) |

### ■ अरू संस्थान र समिति : कहाँ कति करार/ज्यालादारीमा ?

कृषि सामग्री कम्पनीमा ८५ । नेपाल टेलिकममा ७६ । पारवहन तथा गोदाम व्यवस्था कम्पनीमा ७३ । राष्ट्रिय बिमा संस्थानमा ६३ । नेपाल वन निगममा ६१ । उदयपुर सिमेन्ट ५८ । राष्ट्रिय आवास कम्पनी लिमिटेडमा ५७ । विद्युत् उत्पादन कम्पनीमा ३४ । विशाल बजार कम्पनीमा २४ । नेपाल औषधि लिमिटेड २३ । नागरिक लगानी कोषमा २३ । निक्षेप तथा कर्जा सुरक्षण कोषमा २० । साझा यातायातमा २० । हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल)मा १९ । सांस्कृतिक संस्थानमा १८ । औद्योगिक क्षेत्र व्यवस्थापनमा १७ । कपास विकास समितिमा १७ । नेपाल स्टक एक्सचेन्जमा ९ । नेपाल पूर्वाधार निर्माण कम्पनीमा ८ । राष्ट्रिय बिमा कम्पनीमा ४ । राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रमा २ । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीमा २ ।

### सञ्चालनमै नरहेका सात संस्थानमा ८८ जना करारमा

निरन्तर नोक्सानीमा गई बन्द भएका ६ संस्थान र स्थापना भए पनि सञ्चालनमै आउन नसकेको एक संस्थानको रेखदेखका लागि ८८ कर्मचारी करारमा भर्ती गरिएका छन् । अर्थ मन्त्रालयका अनुसार यसरी भर्ती भएका अधिकांश सेक्युरिटी गार्ड हुन् भने थोरै संख्यामा जिन्सी सामग्री रेखदेख गर्ने अदक्ष कर्मचारी छन् । बन्द भइसकेको जनकपुर चुरोट कारखानामा ११, बुटवल धागो कारखानामा पाँच, ओरिएन्ट म्याग्नेसाइट प्रालिमा १९, औवादी फलाम कम्पनीमा १२, गोरखाकाली रबर उद्योगमा सात र विराटनगर जुट मिलमा २५ कर्मचारी करारमा छन् । त्यस्तै, स्थापना भएर पनि सञ्चालनमा आउन नसकेको नेपाल मेटल कम्पनीको सुरक्षार्थ नौजना करारमा छन् ।

### १४ संस्थानमा स्थायीभन्दा ज्यालादारी/करारका धेरै

१४ सार्वजनिक संस्थान र कम्पनीहरूमा स्थायी कर्मचारीभन्दा करार/ज्यालादारीमा धेरै भर्ती गरिएका छन् । नेपाल पूर्वाधार कम्पनी लिमिटेड र विद्युत् उत्पादन कम्पनीमा त स्थायी दरबन्दीमा कर्मचारी नै छैनन् । जब कि करार र ज्यालादारीमा क्रमशः ८ र ३४ कर्मचारी राखिएका छन् । दुई अर्ब ४५ करोड १६ लाख सञ्चित नोक्सानीमा रहेको खानेपानी संस्थानमा स्थायी ३०१ र ज्यालादारी/करारका ३२९ कर्मचारी छन् । त्यस्तै, ४१ करोड ४९ लाख घाटामा रहेको नेपाल रेल्वे कम्पनीमा स्थायी १० मात्रै छन् । जब कि करार/ज्यालादारीमा १०९ कर्मचारी भर्ती गरिएका छन् । १० करोड ८० लाख सञ्चित नोक्सान भएको राष्ट्रिय आवास कम्पनीमा पनि ५७ जना ज्यालादारी/करारका छन् भने स्थायी ५ जना मात्रै छन् ।

### कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## स्वर्गद्वारीका दर्शनार्थी चढेको जिप दुर्घटना

# चालकसहित आठको मृत्यु

### घुम्तीबाट ५० मिटर तल खसेको जिप तीव्र गतिका कारण दुर्घटना भएको प्रहरी अनुमान

दाङमा **दीपक बोहरा**



प्युठानको स्वर्गद्वारी मन्दिर दर्शन गरेर फर्किएकाहरू चढेको लु.१च ६३४५ नम्बरको जिप दुर्घटना हुँदा चालकसहित सबै आठ यात्रुको मृत्यु भएको छ । मृत्यु भएका सबै दाङका हुन् भने ६ जना दुई परिवारका हुन् ।

तुलसीपुर उपमहानगरपालिका- १५ कोठरीकी ३५ वर्षीया सरिता पोखेल, उनका दुई छोरा १४ वर्षीय विशाल र नौ वर्षीय विकासको मृत्यु भएको छ । त्यस्तै, दगढवा गाउँपालिका- ५ बाँकीका ४० वर्षीय गोविन्द शाह, उनकी श्रीमती ३० वर्षीया राधा र छोरा नौ वर्षीय आदिश्य शाहको मृत्यु भएको प्रहरीले जनाएको छ । ज्यान गुमाउने अर्का बालक घोराही उपमहानगरपालिका- १५ का

» पृष्ठ ११ मा क्रमशः

## मालपोत र भूमि आयोगबाट दुई धनीपुर्जा

# न कित्ताकाट हुन्छ, न धितो राख्न मिल्छ

■ झापा गौरादह- ४ र ५ का झन्डै ६ हजार स्थानीयसँग धनीपुर्जा छ, तर उनीहरू 'धनीपुर्जा भएका सुकुमबासी'सरह छन्

झापामा **चिरञ्जीवी घिमिरे**



आफूहरूसँग भएको दुईवटा धनीपुर्जा देखाउँदै गौरादह- ४ का स्थानीय

झापाको गौरादह नगरपालिका- ४ का युवराज पौडेलसँग एउटै जग्गाको दुईवटा जग्गाधनी प्रमाणपुर्जा छन् । तर, दुवै पुर्जा काम नलाग्ने कागजका चिर्कटाझैँ छन्, न कित्ताकाट गर्न पाउँछन् न धितो राखेर ऋण लिन पाउँछन् ।

०३४ मा तत्कालीन भूमि सुधार कार्यालयले पौडेलका बुबालाई तीन बिघा जग्गाको दर्ता प्रमाणपुर्जा दिएको थियो, जसलाई पछि उनले आफ्नोमा नामसारी गरे । त्यही जग्गाको अर्को प्रमाणपुर्जा २२ चैत ०७८ मा थपियो । उनलाई राष्ट्रिय भूमि आयोगले १४ महिनाअघि अर्को धनीपुर्जा दिएको थियो । पुरानोमा जग्गाको कित्ता नम्बर फरक थियो । नयाँमा फरक भएर आएको छ ।

तर, दुवै पुर्जा 'बेकामे' छन् । पौडेलको जग्गामा सिमाना विवाद आयो भने समाधानको कुनै उपाय छैन । किनकि जग्गाको नक्सा छैन । बैंकमा जग्गा धितो राखेर ऋण लिन पनि पाउँदैनन् । 'जग्गा बिक्री हुन्छ, तर तर्फ (दिशा) खुलाएर मात्र, कित्ताकाट पनि हुँदैन,' उनले भने, 'हामी त धनीपुर्जा भएका सुकुमबासीजस्तै

» पृष्ठ ११ मा क्रमशः

### ■ गौरादहका मेयर छत्रपति सुवेदी भन्छन्- धनीपुर्जा होइन, नक्सा आवश्यक हो



गौरादह- ४ र ५ मा धनीपुर्जाभन्दा पनि नक्साको समस्या हो । भूमि आयोगले ५० वटा पुर्जा दियो, तर नक्सा कार्यान्वयन अहिलेसम्म भएको छैन । ५० मात्र धनीपुर्जा बाँडेर उसको कर्तव्य पूरा हुँदैन । सबै पुर्जा बाँडेपछि मात्र नक्सा जारी हुन्छ । अहिले पनि भूमि आयोगले नगरपालिकामै आएर काम गरिरहेको छ । गत वर्ष तत्कालीन नगरप्रमुख रोहितकुमार साहको प्रभावमा परेर चुनावको मुखमा ५० वटा धनीपुर्जा बाँडियो । उहाँ अहिले मैले गलत गरेँछु भन्दै हुनुहुन्छ । स्थानीयसँग धनीपुर्जा त पहिला नै थियो । विशेष नापीले नापी पनि गरेको हो । नापीले नै काम गर्नुपर्ने हो । तर, सरकारमा बस्नेले यसलाई कहिले झोडाको रूपमा त कहिले ऐलानी जमिनका रूपमा व्याख्या गर्दा समस्या भयो । यहाँको समस्या समाधान गर्न नापीले नक्साको आधारमा भूमि आयोगले धनीपुर्जा बनाउँदै छ । धनीपुर्जा वितरणभन्दा नापीको नक्सा कार्यान्वयन गर्ने हो ।

### ■ वडाध्यक्ष दुर्गामणि बस्नेत भन्छन्- नक्सा आउँछ भनेर मात्र धनीपुर्जा लिएका हौँ



धनीपुर्जा त हामीसँग छँदै छ नि ! हामीलाई नक्सा चाहिएको हो । नक्सा नहुँदा धनीपुर्जा भएका सुकुमबासी भएका छौँ । यहाँ त मान्छे रोएर बसेका छन् । यो त धनीपुर्जा दिनेभन्दा पनि नक्सा आवश्यकता छ । नक्सा आउँछ भनेर मात्र धनीपुर्जा लिएका हौँ । यो समस्या आयोगले भन्दा पनि मालपोत र नापीले समाधान गर्नुपर्छ । आयोगले त धनीपुर्जा मात्र दिने हो । पुर्जा बाँडेपछि पनि मालपोतले स्रेस्ता कायम गर्ने र नापीले नक्सा प्रमाणीकरण गर्ने गर्नुपर्छ । उसले गरेन भने फेरि उस्तै हुन्छ । हामीलाई पुर्जा नभएर समस्या भएको होइन । नक्सा नभएर समस्या भएको हो ।



# दुईवटा दमकल किन्दै ललितपुर महानगर

**ललितपुर**/ आगलागी नियन्त्रण र यसको क्षति न्यूनीकरण गर्न ललितपुर महानगरपालिकाले थप दुईवटा दमकल किन्ने भएको छ। आगलागी नियन्त्रणमा महानगरसँग हाल भएका दुईवटा दमकल र दुईवटा पानीट्यांकर अपुग भएपछि थप दमकल किन्ने योजना अघि सारेको हो।

महानगर प्रहरी प्रमुख सीताराम हाछेथूका अनुसार आगलागीको जोखिम र क्षति कम गर्न महानगरले जनचेतनामूलक कार्यक्रम पनि चलाइरहेको छ। अब थप दमकल पनि किन्न लागेको उनको भनाइ छ। 'पहिला आगलागीका घटना भए दमकल त जान्थ्यो, तर बीचमा पानी सकिए आगलागी नियन्त्रण कठिन हुन्थ्यो। अहिले दमकल सँगसँगै पानीट्यांकर पनि पठाउँछौँ। ट्यांकरमा पानी पनि तयारी अवस्थामा हुन्छ। पानी भर्न कुद्नुपर्ने अवस्था छैन,' उनले भने। उनका अनुसार महानगरभित्र रहेका पिलाछें, ढोलाछें, भिन्डेलाक्षीं, चोछेंलगायतका कोर क्षेत्रमा आगलागी भए पनि दमकलले आगो निभाउन सक्ने अवस्था बनेको छ।

महानगरभित्रको जुनसुकै क्षेत्रमा आगलागी भए पनि पाँच मिनेटभित्र दमकल पुग्ने स्थिति बनाएको महानगरको दाबी छ। 'आगलागी भए दमकल, एम्बुलेन्स र नगर प्रहरी सँगसँगै जान्छन्,' महानगर प्रहरी प्रमुख हाछेथूले भने।

■ इन्टरनेसनल, नेसनल र पब्लिक शब्द हटाउँदै संस्थागत विद्यालय

# पाँच सय चारमध्ये तीन सयभन्दा बढी निजी विद्यालयले सच्याए नाम

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाको निर्देशनपछि निजी (संस्थागत) विद्यालयहरूले धमाधम नाम परिवर्तन गर्न थालेका छन्। महानगरको विद्यालय शिक्षा व्यवस्थापन निर्देशिका, ०७४ अनुसार विद्यालयहरूले 'इन्टरनेसनल, नेसनल र पब्लिक' शब्द जोड्दा विद्यार्थीलाई दिनुपर्ने सेवासुविधा दिन नसकेपछि नाम नै सच्याउन थालेका हुन्।

निर्देशिकाअनुसार स्कुलको नाममा 'इन्टरनेसनल' शब्द जोड्दा उनीहरूले विभिन्न मापदण्ड पालना गर्नुपर्छ। तर, संस्थागत विद्यालयले नाम मात्रै झुन्ड्याएर विद्यार्थीलाई दिनुपर्ने सुविधा नदिएको पाइएपछि महानगरले यसलाई कडाइ गरेको थियो। महानगरका मेयर बालेन्द्र साहले एक महिनाअघि मापदण्ड पालना गर्न निर्देशन जारी गरेका थिए। यसपछि अधिकांश विद्यालयले उक्त मपदण्ड पालना गर्न नसक्ने भन्दै विद्यालयको नाम नै सच्याएका छन्। केही विद्यालयले अझै पनि अटेर गरिरहेका छन्।

निर्देशिकाअनुसार कुल विद्यार्थीको एकतिहाइ विदेशी विद्यार्थी अध्यापन गराउने भए मात्रै 'इन्टरनेसनल' शब्द जोड्न पाइन्छ। तर, विद्यार्थी तान्न र विदेशीसहरको जस्तै शिक्षा दिने बहानामा 'इन्टरनेसनल' झुन्डाइराख्न पाइँदैन। यस्तै, विद्यालयको नामको पछाडि 'नेसनल' शब्द जोड्न कम्तीमा पनि २५ जिल्लाका विद्यार्थी अध्ययनरत हुनुपर्छ। निर्देशिकाले यदि कुनै स्कुलले 'पब्लिक' शब्द जोड्छ भने त्यहाँ पढ्नेमध्ये कम्तीमा एकतिहाइले छात्रवृत्तिमा पढेको हुनुपर्छ।

निर्देशिका पालना गर्न झन्झट हुने भएपछि निजी विद्यालयहरू उक्त शब्दहरू नै हटाउन थालेका हुन्। यही क्रममा चुच्चेपाटीस्थित प्राक्सिक इन्टरनेसनल स्कुल, कालिमाटीस्थित एमइटी विथ कोएजुकेसन विद्यालय' कालिमाटीकै क्रिस्टल इन्टरनेसनल एकेडेमी, कोटेश्वरको भ्याली भ्यु इन्टरनेसनल स्कुललगायतले 'इन्टरनेसनल' शब्द हटाएका छन्। महानगरपालिका शिक्षा विभागका अनुसार महानगरभित्र संस्थागत विद्यालय पाँच सय चारवटा छन्। यसमध्ये तीन सयभन्दा बढी विद्यालयले नाम सच्याइसकेका छन् भने केही विद्यालय सच्याउने तयारीमा छन्।






■ **सीताराम कोइराला,** महानगरका शिक्षा विभाग प्रमुख

**मापदण्डअनुसार काम गर्न आगामी पुससम्मका लागि मौका दिएका छौं, अहिले नै आधिकारिक रूपमा नाम सच्याउँदा प्रशासनिक समस्या हुने भएपछि थप समय दिएका हौँ। धेरैजसो विद्यालयले होर्डिङ बोर्ड, डिस्प्लेमा नाम परिवर्तन गरिसक्नुभएको छ। केही विद्यालयले कम्पनी रजिस्ट्रारको कार्यालयमै पुगेर नाम सच्याइसकेका छन्। यसबाहेक केही विद्यालय मापदण्ड पालनातर्फ पनि लागेका छन्। निर्देशिका पालना गरे नाम सच्याउनु पनि पर्दैन।**

## ■ पुससम्ममा नाम सच्याउन सकिने

काठमाडौं महानगरको निर्देशनपछि धेरैजसो विद्यालयले होर्डिङ बोर्ड र डिस्प्लेमा नाम सच्याइसकेका छन्। तर, कागजात तथा प्रशासनिक रूपमा सच्याउन कम्पनी रजिस्ट्रारको कार्यालयमै जानुपर्छ। त्यसकारण उनीहरूलाई आगामी पुससम्म मौका दिइएको महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले जानकारी दिए।

उनका अनुसार यस्ता नाम राखेका सबै विद्यालयले पुस मसान्तसम्म नाम सच्याउनुपर्नेछ। त्यसपछि महानगरले अनुगमन गरेर कारबाही गर्नेछ। 'आगागी पुससम्मका लागि मौका दिएका छौँ, अहिले नै आधिकारिक रूपमा नाम सच्याउँदा प्रशासनिक समस्या हुने भएपछि थप समय दिएका हौँ,' उनले भने, 'तर, धेरैजसो विद्यालयले होर्डिङ बोर्ड, डिस्प्लेमा नाम परिवर्तन गरिसक्नुभएको छ।' उनका अनुसार केही विद्यालयले कम्पनी रजिस्ट्रारको कार्यालयमै पुगेर नाम सच्याइसकेका छन्। यसबाहेक केही विद्यालय मापदण्ड पालनातर्फ पनि लागेका छन्। निर्देशिका पालना गरे नाम सच्याउनु पनि पर्दैन।

# विनादर्ता सञ्चालित दुई अस्पतालमा ताला

**काठमाडौं**/ काठमाडौंको बौद्धमा रहेको चाइनिज पिपुल्स अस्पताल र कोटेश्वरको जडीबुटीमा रहेको हाम्रो सहयात्री अस्पताल एवं बर्थिङ सेन्टरमा महानगरले ताला लगाएको छ। दुवै अस्पताल दर्ताविनै सञ्चालन भइरहेको फेला परेपछि महानगरको नगर प्रहरीले सोमबार ताला लगाएको हो। महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेका अनुसार ०६५ सालदेखि सञ्चालनमा रहेको उक्त अस्पतालले कानुनविपरीत काम गरेकाले कारबाही गरिएको हो। 'हामीले पटक-पटक नियममा आउन निर्देशन दिएका थियौँ, तर उहाँहरू आउनुभएन, त्यसपछि ताला लगाउन बाध्य भयौँ,' उनले भने, 'दर्ता नै नगरी अस्पताल कसरी चलाउन पाइन्छ ?' उनले अब नियममा आएपछि मात्रै अस्पतालमा लगाएको ताला खोलिने जानकारी दिए। सोमबार महानगरको स्वास्थ्य विभाग, नगर प्रहरीलगायतको टोली पुगेर अस्पतालमा ताला लगाएको हो। अस्पतालमा ताला लगाउने वेला बिरामी खासै नभएको पाण्डेको भनाइ छ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, कपिलवस्तुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/३० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, कपिलवस्तुबाट तपसिलमा उल्लेखत ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार १३ गते बुधबार**का दिन शाखा कार्यालय जितपुर, कपिलवस्तुमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

**तपसिल**

**१. ऋणीको विवरण:**
टिकाराम गैरेको नाति, वेणीराम गैरे/कुवारी गैरेको छोरा, भवानी पौडेलको पति अर्घाखाँची जिल्ला, सन्धीखर्क न.पा./गा.वि.स. वडा नं. १४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०३ बस्ने **हरि बहादुर गैरे** (ना.प्र.नं. ५०३३/३३७८ जारी मिति २०५६/०४/२०, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची)।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. केशव पौडेलको नातिनी, रोमनाथ पौडेल/जमुनादेवी पौडेलको छोरी, वेणीराम गैरे/कुवारी गैरेको बुहारी, हरि बहादुर गैरेको पत्नी रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ (साबिक कपिलवस्तु जिल्ला, निग्लिहवा गा.वि.स. वडा नं. ४) बस्ने **भवानी पौडेल** ( ना.प्र.नं. १८१८७ जारी मिति २०५५/३/१८, जिल्ला प्रशासन कार्यालय कपिलवस्तु)।

**ख. ऋणीको विवरण:**
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, बाणिज्य कार्यलय रुपन्देहीमा मिति २०७२-०१-२७ मा प्रा.फ.र.नं. ३५२३४/०७१ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १५ स्थित रजिष्टर्ड कार्यलय रहेको **ग्रिन एन्जल एग्रो** (प्रोप्राईटर टिकाराम गैरेको नाति, वेणीराम गैरे/कुवारी गैरेको छोरा, भवानी पौडेलको पति अर्घाखाँची जिल्ला, सन्धीखर्क न.पा./गा.वि.स. वडा नं. १४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०३ बस्ने **हरि बहादुर गैरे** ( ना.प्र.नं. ५०३३/३३७८ जारी मिति २०५६/०४/२०, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. टिकाराम गैरेको नाति, वेणीराम गैरे/कुवारी गैरेको छोरा, भवानी पौडेलको पति अर्घाखाँची जिल्ला, सन्धीखर्क न.पा./गा.वि.स. वडा नं. १४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०३ बस्ने **हरि बहादुर गैरे** ( ना.प्र.नं. ५०३३/३३७८ जारी मिति २०५६/०४/२०, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची )
२. केशव पौडेलको नातीनी, रोमनाथ पौडेल/जमुनादेवी पौडेलको छोरी, वेणीराम गैरे/कुवारी गैरेको बुहारी, हरि बहादुर गैरेको पत्नी कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. ३ बस्ने **भवानी पौडेल** ( ना.प्र.नं. १८१८७ जारी मिति २०५५/३/१८, जिल्ला प्रशासन कार्यालय कपिलवस्तु )।

**लिलाम हुने सम्पत्तिको विवरण:**
१. **हरी बहादुर गैरे**को नाममा मालपोत कार्यलय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १२७० र १२७२ को क्षेत्रफल कमश: ०-२-६-२ र ०-२-२-० (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**
१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १२ गते** भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जितपुर, कपिलवस्तुबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असार १३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्ते पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्ते पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० असार १३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय जितपुर, कपिलवस्तु फोन नं. ०७६-५५०४१८**

## हकदावीको सूचना

बाग्मती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका, वडा नं. १०, खोपासी बस्ने नर बहादुर कुँवरको नाति, क्षेत्र बहादुर कुँवरको छोरा वर्ष ५४ को बल बहादुर कुँवरको मिति २०७७१०११० गतेका दिन मृत्यु भएकोले निज बल बहादुर कुँवरको नाममा यस बैंकमा रहेको बचत खाता नं. ००५०५०८०२५०६८९ मा भएको सम्पूर्ण रकम निज मृतक बल बहादुर कुँवरको सबै भन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाँउ भनी निजको श्रीमती सानी मैया कुँवरले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुंदा उक्त निक्षेप उपर निवेदक सानी मैया कुँवर बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक सानी मैया कुँवरको माग दावी बमोजिम भई जाने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**शाखा कार्यालय**
**बनेपा, काभ्रेपलाञ्चोक**
फोन न.:- ०११-६६२४०१
६६४३१५
फ्याक्स :- ०११-६६२४०२

## हकदावीको सूचना

भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं.( ३ बस्ने श्री हर्ष दास मानन्धरको नाति, श्री जित बहादुर मानन्धरको छोरा, श्रीमती पूर्ण लक्ष्मी मानन्धरको पति श्री पूर्ण बहादुर मानन्धरको मिति २०७१/०८/०७ गतेका दिन मृत्यु भएकोले निज पूर्ण बहादुर मानन्धर र सुन कुमार मानन्धरको संयुक्त नाममा रहेको यस बैंकको खाता नं ००२०५०३००१३२८१ को सम्पूर्ण रकम निज मृतककी श्रीमती पूर्ण लक्ष्मी मानन्धरले आफ्नो खातामा रकमान्तर गरी पाउँ भनी यस बैंकमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका श्रीमती पूर्ण लक्ष्मी मानन्धर बाहेक अन्य कसैको दावी भए वा पूर्ण बहादुर मानन्धरको निवेदिका श्रीमती पूर्ण लक्ष्मी मानन्धर बाहेक अन्य कोहि नजिकको हकवाला भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**शाखा कार्यालय**
**सिपाडोल, भक्तपुर**
फोन न.:- ६६१२८३२
६६१५६१७
६६१९२५४

## हकदावीको सूचना

भक्तपुर जिल्ला, साबिक चित्तपोल गा. बि. स., वडा नं.- ७, हाल काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा. वडा नं.- १४ बस्ने श्री लव कृष्ण दुलालको नाति, श्री गोबिन्द दुलालको छोरा, श्रीमती कान्छी दुलालको पति श्री सानु बाबु दुलालको मिति २०७९/१२/२६ गतेका दिन मृत्यु भएकोले निज सानु बाबु दुलालको नाममा रहेको यस बैंकको खाता नं ००२०५०३०२५२०८९ को बचत तथा मुद्दती खाताको सम्पूर्ण रकम निज मृतककी श्रीमती कान्छी दुलालले आफ्नो खातामा रकमान्तर गरी पाउँ भनी यस बैंकमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका श्रीमती कान्छी दुलाल बाहेक अन्य कसैको दावी भए वा सानु बाबु दुलालको निवेदिका श्रीमती कान्छी दुलाल बाहेक अन्य कोहि नजिकको हकवाला भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**शाखा कार्यालय**
**सिपाडोल, भक्तपुर**
फोन न.:- ६६१२८३२
६६१५६१७
६६१९२५४

## धुनिवेशी नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
**वागमती प्रदेश**
**धादिङ**

## ठेक्का रद्ध गरिएको सूचना

**प्रकाशित मिति: २०८०।०२।३०**

प्रस्तुत विषयमा यस नगरपालिकावाट मिति २०८० वैशाख १० गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित धुनिवेशी नगरपालिका वडा नं. ७ को तीनछाँगे झरना जाने वाटो र सो को नजिकमा रहेका ढुगाँ, ग्रावेल संकलन तथा विक्री शुल्क संकलन सम्बन्धि ठेक्का नं. राजस्व ४/२०७९।०८० सम्बन्धि सम्पूर्ण काम कारवाही रद्ध गरिएको व्यहोरा सम्बन्धित सवैमा जानकारीका लागि अनुरोध छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**

## मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर

## बोलपत्र स्वीकृत हुने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/०२/३० गते**

यस कार्यालयको मिति २०८०/०१/२४ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित Installation Of Traffic Light System With All Accessories Within Janakpurdham sub- Metropolitan City (Contract ID No. MP/MPPOJ/GOODS/NCB2079-080/09) जडान कार्यको लागि ई-बोलपत्र आह्वान सम्बन्धि सूचनाको म्याद भित्र पर्न आएका ई-बोलपत्रको प्रचलित ऐन-नियमद्धारा निर्दिष्ट गरिएका विभिन्न पक्षहरुको मुल्याङ्कन गर्दा निम्न उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त कम्पनीको बोलपत्र स्वीकृत हुने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावलि २०६४ (संशोधन सहित) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निम्न :**

| ठेक्का नं. | निर्माण कार्यको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्र दाता | बोलपत्र दाताको सकार अंक मु.अ.कर बाहेक |
|---|---|---|---|
| MP/MPPOJ/GOODS/NCB/2079-080/09 | Installation Of Traffic Light System With All Accessories Within Janakpurdham sub-Metropolitan City | Yarsaa/Qxera Joint Venture, Naya Naikap | Rs. 87,20,000\|- |

## सोमबार उपत्यकामा

**विमानस्थल** : लागुऔषध चरेस लिएर विदेश जान लागेका जर्मन नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका छन्। ६३ वर्षीय पाउल वेस्टलाई प्रहरीले पक्राउ गरेको हो। उनको साथबाट ६ किलो आठ सय ६० ग्राम चरेस बरामद भएको प्रहरीले जनाएको छ। उनका दुईवटा लगेजलाई विमानस्थलको प्रस्थान होल्ड ब्यागेज एरियामा जाँच गर्ने क्रममा चरेस भेटिएको हो। उनीमाथि लागुऔषध नियन्त्रण ब्युरोले थप अनुसन्धान अघि बढाएको छ।

**भक्तपुर** : भक्तपुर नगरपालिकाले चारदिने प्रांगारिक कृषिखेती तालिम सुरु गरेको छ। वडा नम्बर ६ को आयोजनामा प्रांगारिक कृषिखेती प्रवर्द्धन गर्ने उद्देश्यले सोमबारदेखि तालिम सुरु भएको हो। उक्त अवसरमा नगरपालिका मेयर सुनील प्रजापतिले कृषिको समुचित विकास नभएसम्म मुलुकको विकास सम्भव नभएको भन्दै नेपालमा कृषि व्यवसायको उचित विकासका लागि सरकारका तर्फबाट आवश्यक पहल हुन जरुरी रहेको बताए। कृषि क्षेत्र कमजोर हुँदा खाद्य संकटले विकराल रूप लिने अवस्था रहेको बताए।

**विमानस्थल** : स्रोत नखुलेको विदेशी मुद्रासहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक युवक पक्राउ परेका छन्। नौ हजार चार सय १३ अमेरिकी डलरसहित दोलखा बिगु गाउँपालिका-७ स्थायी वतन भएका ३६ वर्षीय प्रेमनोर्बु शेर्पालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो। उनी नेपाल एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट थाइल्यान्ड जान लागेका थिए। ब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा लुकाई-छिपाई अवैध रूपमा बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा विभिन्न दरका उक्त अमेरिकी डलरसहित फेला पारेको प्रहरीले जनाएको छ।

**अनामनगर** : काठमाडौं महानगरपालिकाले अनामनगरस्थित सार्वजनिक जग्गामा वडा भवन निर्माण गर्ने भएको छ। तर, भवन निर्माणका लागि जग्गा सम्याउने क्रममा सोमबार स्थानीय र महानगर प्रहरीबीच विवाद भएको छ। स्थानीयवासीले आसपासमा खुला ठाउँ नभएकाले त्यसलाई खुला ठाउँकै रूपमा कायम गर्नुपर्ने माग गर्दै विरोध गरेका हुन्। महानगरपालिकाको २९ नम्बर वडाको वडा कार्यालय बनाउन वरिपरिका संरचना भत्काउन र जमिन सम्याउन थालेको हो। तर, त्यही वेलामा स्थानीयले विरोध गरेका थिए। स्थानीयवासीले विपद्का वेलामा खुला ठाउँ चाहिने भन्दै त्यसमा भवन निर्माण गर्न नहुने बताउँदै आएका छन्। वडा कार्यालय भवन निर्माणका लागि उक्त जग्गा चाहिने महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए।

# प्रस्तावित प्रधानन्यायाधीश कार्की दोहोरो दबाबमा

## कार्यक्षमतामाथि प्रश्न उठाउँदै न्यायाधीशसम्मका २९ उजुरी, अनिवार्य अवकाशको समयसीमा तोक्दै न्यायपरिषद्‌को पत्र

**कमलराज भट्ट/नयाँ पत्रिका**

सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा सिफारिस वरिष्ठ न्यायाधीश हरिकृष्ण कार्की एकैपटक दोहोरो दबाबमा परेका छन् । प्रधानन्यायाधीशमा नियुक्त हुन कार्कीले संसदीय सुनुवाइ समितिमा परेका २९ उजुरीमा बिहीबार उल्लेखित आरोप तथा सांसदको प्रश्नको सामना र चित्तबुझ्दो सफाइ पेस गर्नुपर्नेछ भने अर्कोतिर उनलाई अनिवार्य अवकाशको समयसीमा तोक्दै न्यायपरिषद्‌को पत्र काटेको छ ।

सोमबार प्राप्त उजुरीलाई अध्ययनका लागि सदस्यहरूलाई वितरण गरिएको छ । सुनुवाइपूर्व समितिले बुधबार उजुरीकर्तासँग छलफल गर्ने सभापति पशुपतिशमशेर जबराले बताए । उनका अनुसार उजुरीकर्ताले कार्कीको सर्वोच्च प्रवेशदेखि प्रधानन्यायाधीशमा सिफारिसको प्रक्रियामा प्रश्न उठाउँदै अवैध करार गरेका छन् । कार्कीविरुद्ध बहालवाला जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई नै उजुरी लिएर संसदीय समितिमा पुगेका छन् ।

अवकाशको मुखमा रहेका कार्कीलाई प्रधानन्यायाधीश नबनाउन उजुरीकर्ताले आफ्नो उजुरीमा अयोग्यताका विभिन्न आधार जिकिर गरेका छन् । सेवा प्रवेश गरेदेखि विवादित, न्यायाधीश बन्नुपूर्व राजनीतिक दलको कार्यकर्ता भएको, निर्वाचित र नियुक्त कार्यकाल पूरा नगरी बीचैमा छाडी हिँड्ने व्यक्ति भएकाले नाम अस्वीकृत गर्न माग गरेका छन् ।

विभिन्न मुद्दामा कार्कीले दबाब र प्रभाव देखिने गरेर फैसला गरेको र त्यसले न्यायालयप्रति जनआस्था घटाउने काम गरेको जिकिर गरेका छन् । कानुनविपरीत निर्णय गरेको भनेर विभिन्न फैसला उजुरीका साथ उल्लेख गरेका छन् । न्यायाधीश हुनै अयोग्य, कार्यक्षमताको अभाव, अत्यन्त विवादित व्यक्ति भएकाले कार्की प्रधानन्यायाधीश पदमा हुँदा अदालत र प्रधानन्यायाधीश पदकै अवहेला हुने जिकिर गरिएको छ । त्यसैले कार्कीको नाममा सुनुवाइ होइन, महाभियोग लगाउन माग गरेका छन् । साथै, देश र न्यायपालिकाका लागि नेतृत्वदायी भूमिका खेल्न सक्ने सक्षम र नैतिकवान व्यक्तिको खोजी गरेर सिफारिस गर्ने र अनुमोदन गर्नेतर्फ समितिको ध्यानाकर्षण गराइएको छ ।

अर्कोतर्फ, बिहीबार संसदीय सुनुवाइको तयारीमा रहेका कार्कीलाई न्यायपरिषद्‌ले ६५ वर्ष उमेरहदका कारण २० साउनमा अनिवार्य अवकाश पाउने जानकारी गराएको छ । अवकाश हुने ६० दिनअघि जानकारी गराउने न्यायपरिषद् ऐनको व्यवस्थाअनुसार परिषद्‌का प्रवक्ता मानबहादुर कार्कीले आइतबार जानकारी व्यहोरासहितको पत्र पठाएका छन् ।

### अवैध सिफारिस

उजुरीकर्ताले प्रधानन्यायाधीशमा कार्कीको सिफारिस अवैध रहेको जिकिर गरेका छन् । संवैधानिक परिषद्‌सम्बन्धी ऐन अध्यादेशले निष्क्रिय रहेको र संशोधन विधेयक संसद्‌मा विचाराधीन रही कानुनी रिक्तताको अवस्थामा संवैधानिक परिषद्‌ले सर्वसहमतिका नाममा २५ वैशाखमा कार्कीको नाम प्रधानन्यायाधीशमा गरेको सिफारिस गैरकानुनी र अवैध रहेको जिकिर अधिकांश उजुरीकर्ताको छ ।

त्यसैले कार्कीको नाममा सुनुवाइ नै गर्न नमिल्ने जिकिर गरिएको छ । कानुनी रिक्तताको अवस्थामा गरेको अवैधानिक सिफारिसविरुद्ध सर्वोच्चमै मुद्दा परेको, सुनुवाइको पालो नआएको अवस्थामा त्यही व्यक्तिलाई नियुक्त गर्न नहुने जिकिर छ ।



सोमबार बसेको संसदीय विशेष सुनुवाइ समितिको बैठक

### अवैध सुनुवाइ

उजुरीकर्ताले संसदीय सुनुवाइ पनि अवैध हुने जिकिर गरेका छन् । सुनुवाइ समिति गठन हुनुभन्दा २० दिन पहिला नै कार्कीको सिफारिस भएको र सदनले संयुक्त समिति कार्यसञ्चालन नियमावली (कानुन) बनाएको २० दिनअघि नै भएको सिफारिसपछि वैधता दिन नमिल्ने उजुरीकर्ताको जिकिर छ । '२० दिन पहिला भएको कामकारबाहीलाई २० दिनपछि बन्ने कानुनले वैधता दिन मिल्दैन । त्यो कानुन त्यसमा लागू हुँदैन । त्यसपछि बनेको समितिले सुनुवाइ गर्न सक्दैन,' न्यायाधीश भट्टराईको उजुरीमा भनिएको छ ।






### कार्यक्षमता अभाव

न्यायाधीशका रूपमा उनको कार्य प्रगतिबाट कार्य क्षमताको अभाव पुष्टि भएको, सर्वोच्चमा मुद्दा विचाराधीन भएका व्यक्तिलाई भेट्दै हिँडेकाले नाम अस्वीकृत गरी महाभियोगका लागि संसद्‌मा सिफारिस गर्न उजुरीकर्ता केदार दाहालले माग गरेका छन् । अर्का उजुरीकर्ता शरद खत्रीले न्यायालय सुधारमा बाधक बनेको, अदालतका भवन निर्माण अनियमितताको छानबिन रोकिएको, सेटिङमा कर्मचारी सरुवाले प्रशासन भद्रगोल बनाएको, आफ्नै नेतृत्वमा बनेको विकृतिविहीन न्यायापालिका र स्वचालित पेसी प्रणाली कार्यान्वयन नगरेको, न्यून शैक्षिक योग्यता रहेको, चोलेन्द्रशमशेर जबरालाई सहयोग गरेर भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न भएको आरोप लगाउँदै अस्वीकृत गर्न माग गरेका छन् । निष्पक्ष न्याय दिन चुकेको, प्रधानन्यायाधीश हुन न्यूनतम गुण तथा योग्यता नरहेको, स्वार्थ भएका मुद्दामा सेटिङ गर्ने, न्यायसम्पादनभन्दा पदको भोको रहेको आरोप उजुरीकर्ताको छ ।

### आचरणमा पनि प्रश्न

फैसलाबाटै अयोग्य रहेको, मोलमोलाइ गरी हेर्दाहेर्दैमा राखेर रकम असुल्ने र पछि निर्णय सुनाउने, अदालतको मर्यादा कायम राख्न नसकेको, संसद्‌ले महाभियोगबाट सफाइ पाएको पत्र दिँदा तत्कालीन प्रन्या चोलेन्द्रशमशेर जबरालाई हाजिर गर्न नदिएर रोकेर आफ्नै प्रमुखलाई न्याय गर्न नसकेकाले जनतालाई न्याय दिन नसक्ने जिकिर उजुरीकर्ता बरालले गरेका छन् । कार्कीको कामु नेतृत्वमा रिट दर्ता गर्नसमेत नपाउने न्यायिक अराजकता सिर्जना भएको, विभिन्न मुद्दामा पक्षधरता देखाएको, सुनुवाइ हुन नदिई अन्याय गर्ने काम गरेको, ओलीको महान्यायाधिवक्ता थिए भन्ने बिर्सिएर संसद् विघटनको मुद्दामा दुई दिन सुनुवाइ गरेर गम्भीर बदनियत देखिएको, प्रधानन्यायाधीशमा सिफारिस भएर संसदीय प्रक्रिया सुरु भएपछि साबिक पदमा काम गर्न नमिल्ने सिद्धान्तविपरीत न्यायपरिषद्‌को बैठक बोलाएर उच्च अदालतमा न्यायाधीश नियुक्तिको प्रयास गरेर अनैतिक काम गरेको, प्रमाण हुँदाहुँदै अन्यायपूर्ण फैसला गरेको, न्याय-निसाफमा विश्वासको संकट पैदा भएको जिकिर उजुरीकर्ताको छ । आचरणको प्रश्न रहेको, प्रधानमन्त्री, मन्त्रीसहित जोडिएका राजनीतिक मुद्दा पन्छाएर पेन्डिङमा राखेको, पेसी चढाए पनि सुनुवाइको पालो नआएको आरोप छ । कानुन व्यवसायीका रूपमा कार्कीले आर्थिक दबाब र प्रभावमा पारेर आफ्नो पक्षमा फैसला गर्न बाध्य पारिएका एक न्यायाधीशले पश्चात्तापमा आत्महत्यासमेत गर्नुपरेको आरोप उजुरीकर्ता शाहीले लगाएका छन् । न्यायाधीश हुन महान्यायाधिवक्ता र बार एसोसिएसन अध्यक्ष पद दुरुपयोग गरेको आरोप पनि छ ।

### उजुरीकर्ता भन्छन्- सर्वसाधारणले सुन्ने र देख्न पाउने गरी प्रसारण गरौँ

उजुरी गर्नेमा पुण्यप्रसाद गौतम, चन्दन श्रेष्ठ, उज्ज्वलकृष्ण श्रेष्ठ, महादेव बराल, गणेशलाल अवाले, सुवास सिंह, (रितिक उप्रेती, गंगा खतिवडा, रामजी चौहान र विशाल लामा - संयुक्त), गोविन्दप्रसाद अधिकारी, निलम र मणिराम, डा. श्रीकृष्ण भट्टराई, गौरिका सिग्देल र गोमा आचार्य, टंकप्रसाद आचार्य, अधिवक्ता उत्तमबहादुर श्रेष्ठ, पुष्कर खत्री, महेश भट्ट, मणिराम पौडेल, अधिवक्ता गोकर्ण आचार्य, हरिबहादुर तामाङ, अधिवक्ता अमृत खरेल, अधिवक्ता ध्रुवलालश्रेष्ठ, रतन भण्डारी, हिमाल अर्याल, डिल्लीरत्न शाही, शरद खत्री, मदनशंकर अमात्य, केदार दाहाल र सुरेशकुमार कानू रहेका छन् । एउटा गोप्य उजुरी परेको संसद् सचिवालयले जनाएको छ । उजुरीकर्ताले सुनुवाइमा हरकोही सहभागी गराउन र कार्कीसँग सवाल-जवाफ गर्न दिन पनि अनुरोध गरेका छन् । 'समितिको सुनुवाइ पारदर्शी र विश्वासिलो बनाउन सुनुवाइ कक्षमा उपस्थित हुने र प्रधानन्यायाधीशका लागि सिफारिस गरिएका कार्कीसँग सवाल-जवाफ गर्ने अवसर दिई सर्वसाधारणले समेत सुन्ने र देख्न पाउने गरी विद्युतीय माध्यमद्वारा प्रसारण गरिनुपर्छ,' वरिष्ठ अधिवक्ता उत्तमबहादुर श्रेष्ठले माग गरेका छन् ।



> **सेवा प्रवेश गरेदेखि विवादित, न्यायाधीश बन्नुपूर्व राजनीतिक दलको कार्यकर्ता भएको, निर्वाचित र नियुक्त कार्यकाल पूरा नगरी बीचैमा छाडी हिँड्ने व्यक्ति भएकाले कार्कीको नाम अस्वीकृत गर्न उजुरीकर्ताको माग**

### एमालेका कार्यकर्ता

उजुरीकर्ता केदार दाहालले कार्की एमालेको सक्रिय कार्यकर्ताकै अवस्थामा तत्कालीन कानुनमन्त्री एवं ल फर्म पार्टनर अग्नि खरेलले सर्वोच्चको न्यायाधीश बनाएको कार्यकर्ता भएकाले देशको प्रधानन्यायाधीश बनाउन नहुने जिकिर गरेका छन् । तत्कालीन प्रधानमन्त्री केपी ओलीले महान्यायाधिवक्ता पद चलाउन नसकेर हटाएकाले कार्कीले प्रधानन्यायाधीश पद चलाउन नसक्ने दावी गर्दै करोडौँ करदाताको रकमबाट तलबभत्ता खाने गरी नियुक्त गर्न नहुने माग गरेका छन् ।

### छोटो कार्यकाल, नाम मात्र लेखाउने

उजुरीकर्ताले कार्कीको सक्रिय कार्यकाल १५ दिन मात्रै रहेकाले प्रधानन्यायाधीश नियुक्त गर्न नहुने जिकिर गरेका छन् । अवकाशको एक महिनाअघि बिदा बस्नुपर्ने प्रावधान स्मरण गराएका छन् । १९ साउनसम्म कार्यकाल भएका कार्की नियुक्त भएपछि १९ असारबाट अवकाश बिदामा बस्नुपर्छ । छोटो कार्यकालका लागि नियुक्त गरेर सेवा सुविधा र पेन्सन मात्र दिलाउने गरी देशको अर्थतन्त्रमा व्ययभार थप्न नहुने उनीहरूको जिकिर छ ।

'नाम मात्र लेखाउन प्रधान न्यायाधीश हुने र काम गरे पनि आफूअनुकूल विवादास्पद काम गर्ने, छोटो अवधिका लागि प्रधानन्यायाधीश नियुक्ति गर्दा राज्यले करिब चार करोडको गाडी, मासिक १५० लिटर पेट्रोल, त्रैमासिक रूपमा मोबिल, सवारीचालक, कार्यालय सहयोगी, भान्से अधिकृतस्तरको सचिवालयको एकजना कर्मचारीको तलब, गाडी मर्मत, सुरक्षालगायत आजीवन सुविधा दिनुपर्ने भएकाले राज्यकोषको दुरुपयोग हुने,' उजुरीमा भनिएको छ ।

उजुरीकर्ता तामाङले कार्कीमाथि मदन भण्डारीको हत्या प्रकरणको छानबिन प्रतिवेदन लुकाएको आरोप लगाएका छन् । कार्की हत्याकाण्डको प्रमुख योजनाकारको आरोप लगाउँदै पदमुक्त गरी अन्तर्राष्ट्रिय अदालत हेगमा मुद्दा दायर गर्न माग गरेका छन् । हत्याकाण्डको छानबिन समितिमा कार्की, अग्नि खरेल र निकट विश्वासपात्र रहेको, इसारामा आयोगले काम गरेको, प्रतिवेदन लुकाउनुले अपराधी समूहको नाइके भएको आरोप तामाङले लगाएका छन् ।

# पाण्डेलाई शंकाको भरमा मुद्दा चलाएको दाबी

नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी मुद्दामा पक्राउ परेका तत्कालीन गृहसचिव टेकनारायण पाण्डेलाई शंकाको भरमा मुद्दा चलाइएको भन्दै उनका कानुन व्यवसायीले साधारण तारेखमा रिहा गर्नुपर्ने माग गरेका छन् । सोमबार काठमाडौं जिल्ला अदालतमा न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा चलिरहेको थुनछेक बहसका क्रममा कानुन व्यवसायीहरूले शरणार्थी प्रकरणमा सचिव पाण्डेको संलग्नता नरहेको भन्दै थुनेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने आवश्यकता नरहेको बताएका थिए ।

'गृहसचिव भएकै भरमा उसलाई थाहा भएकै होला भन्ने आधारमा मुद्दा चलाइएको छ । शंका लागेको कुरा पनि प्रमाणका रूपमा लिन मिल्छ?,' वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले भने । सरकारी वकिलले प्रहरीसामु अभियुक्तहरूले दिएको बयानमा केन्द्रित रही थुनामा राख्नुपर्ने भन्दै बहस गरेका थिए भने प्रतिवादीका कानुन व्यवसायीले अदालतमा इन्कारी बयान दिएको भन्दै पहिलेको बयान करकापमा पारी लिइएको दाबी गर्दै प्रतिवादीहरूलाई साधारण तारेखमा छाड्न माग गरिरहेका छन् ।

भुटानी शरणार्थीका रूपमा अमेरिका पठाइदिने प्रलोभनमा पारी करोडौँ रुपैयाँ ठगी गरेको प्रकरणमा सचिव पाण्डे पनि तानिएका हुन् । उनीमाथि ठगी, किर्ते, संगठित तथा राज्यविरुद्धको कसुरमा दायर मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ । ठगी गरेको भन्दै प्रेमराज पन्थीले दिएको जाहेरीमा पाण्डेको नाम छ । जसमा उनले पाण्डेसँग भेट्न प्रतिवादीहरू केशव दुलाल र सानु भण्डारी गृह मन्त्रालय गएको तथा उनीहरूले गाडीमा नगद रकम लिएर गएको बताएका छन् । प्रतिवादी दुलालले पाण्डेसँग कुरा गर्दा फोन स्पिकरमै राखेर गर्ने गरेको तथा पाण्डेले 'जसरी पनि काम गरिदिन्छु' भनेर आश्वासन दिने गरेको जाहेरवाला पन्थीले बताएका छन् । प्रतिवादी केशव दुलालले समेत प्रहरीलाई सो कुरा बताएका थिए ।

यही मुद्दामा प्रतिवादी बनाइएका पाण्डेलाई साधारण तारेखमा र बढीमा केही सर्त तथा बन्देज राखेर छाड्नुपर्ने तर्क उनका कानुन व्यवसायीको छ । पूर्वमहान्यायाधिवक्तासमेत रहेका श्रेष्ठले पाण्डेउपरको अभियोग गम्भीर नरहेको भन्दै बोलाएको बखत हाजिर हुने गरी छाड्न इजलाससामु आग्रह गरे । 'मान्छे मारेको मुद्दा होइन । उहाँलाई थुना, धरौटीमा होइन । बोलाएका बेला हाजिर हुने गरी छाड्ने आदेश गरे हुन्छ,' उनले भने ।



क्रिकेटर तथा बलात्कार मुद्दाका प्रतिवादी सन्दीप लामिछानेजसरी केही सर्त राखी साधारण तारेखमै छाड्दा पनि उपयुक्त हुने उनको तर्क थियो ।

नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारीलाई सहजै मुद्दा चलाउन नमिल्ने उनले दाबी गरे । लोकसेवा आयोगका साथै नेपाल सरकारबाट स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेको भन्दै उनले थपे, 'साधारण तारेखमा छाडे पनि उहाँ भाग्नुहुन्न । उहाँविरुद्ध जाहेरी पनि परेको छैन । पहिलोपटकको बयानमा कसैले उहाँको नाम लिएको छैन । दोस्रोपटकमा मात्र टेकनारायण पाण्डेको नाम आयो । तर, दुलालले त अरूको पनि नाम लिनुभएको छ । तर, मुद्दाचाहिँ पाण्डेविरुद्ध मात्र चलाइयो ।'

सरकारी पक्षले छानीछानी आफूखुसी मुद्दा चलाएको उनको भनाइ थियो । ललितानिवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेर भ्रष्टाचार गरेको विषयमा विचाराधीन मुद्दाको उदाहरण दिँदै वरिष्ठ अधिवक्ता श्रेष्ठले सीमित व्यक्तिलाई स्वार्थका लागि मुद्दा दायर गरिएको दाबी गरे । 'टेकनारायण पाण्डेले निमित्त गृहसचिव रामकृष्ण सुवेदी र सचिव प्रेमकुमार राईले लगेको जस्तै प्रस्ताव मात्रै लगेका हुन् । राई र सुवेदीलाई त्यही प्रस्ताव लाँदा केही नहुने, तर टेकनारायण पाण्डेचाहिँ तानिने ?' उनले प्रश्न गरे ।

# भ्रष्टाचारका दुई मुद्दामा सफाइ दिने विशेष अदालतको फैसला

**काठमाडौं/** विशेष अदालतले भ्रष्टाचारका दुई मुद्दामा सफाइ दिने फैसला गरेको छ । सोमबारको दुईवटा इजलासले गैरकानुनी सम्पत्ति आर्जन र हानिनोक्सानी गरी भ्रष्टाचार गरेको दुई मुद्दाका प्रतिवादीलाई सफाइ दिने अन्तिम आदेश सुनाएको हो ।

सडक विभागका सिडिई जितेन्द्रराज शाक्यले गैरकानुनी सम्पत्ति आर्जन गरी आफू र श्रीमतीका नाममा राखेको मुद्दामा उनीहरू दुवैले सफाइ पाएका हुन् । मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा सिडिईका रूपमा कार्यरत शाक्य ०३४ साउनमा सार्वजनिक सेवामा प्रवेश गरेका थिए । उनको ०७६ असारसम्मको सम्पत्ति तथा खर्च तीन करोड ८१ लाख रुपैयाँभन्दा बढी देखिएपछि मुद्दा दायर भएको थियो ।

दुई करोड २५ लाख रुपैयाँभन्दा बढी रकमको वैध स्रोत देखाउन नसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २५ असार ०७७ मा मुद्दा दायर गरेको थियो । जसमा शाक्यले भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति उनकी श्रीमती मिथिला शाक्यका नाममा समेत राखेको दाबी गरिएको थियो । यसै मुद्दामा तीन वर्षपछि फैसला गर्दै दुवैजनालाई सफाइ दिइएको हो । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यहरू शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासबाट यस्तो फैसला आएको हो । यसैगरी, तत्कालीन जिल्ला वन अधिकृतलाई समेत विशेषको सोमबारको इजलासले सफाइ दिइएको छ । राजेन्द्र न्यौपानेसमेत १३ जना प्रतिवादी रहेको भ्रष्टाचार मुद्दामा विशेषका सदस्यहरू यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासबाट सफाइ दिने अन्तिम आदेश भएको हो ।

अख्तियारले २७ पुस ०७७ मा दायर गरेको मुद्दामा प्रतिवादीउपर कसुर कायम नहुने फैसला भएको छ । जिल्ला वन कार्यालय हेटौँडासमेतले गैरकानुनी रूपमा काठ कटान गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको दाबीसहित अख्तियारले मुद्दा चलाएको थियो । जसमा तत्कालीन जिल्ला वन अधिकृत राजेन्द्र न्यौपाने, सहायक वन अधिकृतहरू रामबाबु यादव, राजेन्द्रमान भण्डारी, विशाल भट्टराई, सोनालालप्रसाद जयसवाल, नारायणबहादुर कार्की, रेन्जर राजु लामा र फरेस्टर मोहनराज घिमिरेलाई प्रतिवादी कायम गरिएको थियो । यसैगरी, अख्तियारले वनरक्षक किरणकुमार क्षेत्री, धनलाल यादवका साथै वन उपभोक्ता समितिका अध्यक्ष कमानसिंह न्यासुर, सचिव हरिमाया मोक्तान र कोषाध्यक्ष रेजिना गोलेलाई समेत विपक्षी बनाई मुद्दा दायर गरेको थियो ।

# जिल्ला निर्वाचन कार्यालय खारेजी सच्याउनुपर्ने संसदीय समितिको निष्कर्ष

नयाँ पत्रिका

संसदीय समितिले जिल्ला निर्वाचन कार्यालय खारेजी गर्ने सरकारी प्रस्ताव सच्याउनुपर्ने निष्कर्ष निकालेको छ । राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले जिल्ला निर्वाचन कार्यालय खारेजी गर्ने सरकारको निर्णय संविधानको भावनाविपरीत रहेको निष्कर्ष निकाल्दै सच्याउनुपर्नेमा जोड दिएको छ । यसलाई सच्याउन निर्वाचनसँग सम्बन्धित गृह मन्त्रालयसँग छलफल गरेर निर्देशन दिने निर्णय पनि समितिले गरेको छ ।

समितिका सभापति दिलकुमारी रावलले संविधान र अभ्यासविपरीत खारेजी प्रस्ताव गरिएको निर्वाचन कार्यालय यथावत् राख्न र सरकारी निर्णय सच्याउनुपर्ने बताइन् । यस विषयमा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई छलफल बोलाएर आवश्यक निर्देशन दिइने निर्णय उनले सुनाएकी थिइन् । 'निर्वाचन कार्यालय हटाउने प्रस्ताव गलत हो भन्नेमा हामी सबैको साझा धारणा छ । यसलाई सच्याउन गृहमन्त्रीसँग छलफल गरेर आवश्यक निर्देशन गर्छौं,' उनले भनिन् ।

सांसदहरू शेखर सिंह र गोपी अछामीलगायतले जनतासँग प्रत्यक्ष जोडिएको कार्यालयलाई कटौतीभन्दा पनि थप व्यवस्थित गरेर जानुपर्ने र सरकारी निर्णय सच्याउनुपर्ने धारणा राखेका थिए । खर्च कटौती गर्ने नै हो भने राष्ट्रपति र उपराष्ट्रपतिको एउटै कार्यालय बनाउनुपर्ने उनीहरूको धारणा थियो ।



■ **दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

> **जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ खडा गरिने व्यवस्थाले निर्वाचनमा सरकारको प्रत्यक्ष संलग्नता रहेको मानिने हुँदा जिल्लास्तरबाट हुँदै आएका मतदाता नामावली संकलन, मतदानस्थल र केन्द्र निर्धारण तथा राजनीतिक दलको अभिलेख व्यवस्थापनजस्ता कार्यसञ्चालनमा स्वायत्त, स्वतन्त्र र निष्पक्ष भूमिका तथा निर्वाचनको वैधतामै प्रश्न उठ्छ ।**

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले जिल्ला कार्यालय खारेजीको प्रस्तावबाट निर्वाचन व्यवस्थापनमा विभिन्न जटिलता आउने चेतावनी दिए । 'जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ खडा गरिने व्यवस्थाले निर्वाचनमा सरकारको प्रत्यक्ष संलग्नता रहेको मानिने हुँदा जिल्लास्तरबाट हुँदै आएका मतदाता नामावली संकलन, मतदानस्थल र केन्द्र निर्धारण तथा राजनीतिक दलको अभिलेख व्यवस्थापनजस्ता कार्यसञ्चालनमा स्वायत्त, स्वतन्त्र र निष्पक्ष भूमिका तथा निर्वाचनको वैधतामै प्रश्न उठ्छ,' उनले भने ।

संविधानमा उल्लेखित आयोगको अधिकार क्षेत्रलाई सरकारले बजेट वक्तव्यको अनुसूचीबाट तलमाथि गर्न नसक्ने जिकिर गर्दै थपलियाले भने, 'खर्च कटौतीका नाममा जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्ताव अव्यावहारिक र संविधान प्रतिकूल हुन्छ । यसलाई तत्काल सच्याउनुपर्छ ।' उनले देशभर ४२ वटा जिल्ला निर्वाचन कार्यालयको आफ्नै भवन रहेको र बाँकी जिल्लामा भाडामा भवन लिएर निर्वाचन सामग्री र तीनै तहको निर्वाचनबारे अदालतमा उठको प्रश्नसँग सम्बन्धित कागजात सुरक्षित रहेको बताए । यो निर्णय तत्कालै सच्चिएर यथावत् रूपमा सम्पूर्ण कार्य सञ्चालन हुने स्थिति नबनेमा १ साउनदेखि जिल्ला निर्वाचन कार्यालय ठप्प हुने र अदालतमा बुझाउने कागजातको विषयमा पनि फरक ढंगले सोच्नुपर्ने उनको भनाइ थियो ।


**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०/०२/३० गते**

यस कार्यालयको ठेक्का नं. KSMC/NCB/GOODS/–09–079/080 र KSMC/NCB/GOODS/–10–079/080 को मिति २०७९।१२।२३ गते दि काठमाण्डु पोष्टमा प्रकाशित बोलपत्र अह्वान सम्बन्धी सूचना बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको E–Bidding (e–Gp) प्रणाली मार्फत र ठेक्का नं. जि. शा. १३।०७९।०८० को मिति २०८०।०२।१२ गते संस्कार खबर दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित बोलपत्र अह्वान सम्बन्धी सूचना बमोजिम यस कार्यालयमा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये सारभुतरुपमा प्रभावकारी रहेका तपसिल बमोजिमका बोलपत्रहरु स्वीकृत गर्न मूल्याङ्कन समितिको सिफारिस भई आएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ उपदफा २ अनुसार सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रहरुका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | मू.अ.कर समेतको कबोल रकम | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम |
|---|---|---|---|
| १ | KSMC/NCB/GOODS/-09-079/080 (Supply and Delivery of Sanitary Pad) | रु. ३५,४९,९३७.२२ | Angel touch Hygiene Manufacturing Pvt. Ltd, Kalaiya, Bara |
| २ | KSMC/NCB/GOODS/-10-079/080 (Supply and Delivery of Dairy Materials) | रु. २०,७९,२००.०० | K.S. Multipurpose Pvt. Ltd., Birgunj Parsa |
| ३ | जि.शा. १३।०७९।०८० (डेस्क बेन्च सामाग्री खरिद) | रु. १३,८४,५८९.०० | मेट्रो सिटी फर्निचर, काठमाण्डौं-११ |

**प्रमुख प्रशासकीय अधिकृत**

# गेटामा मेडिकल विश्वविद्यालय माग्दै प्रदेश सभा घेराउ

## प्रमुख प्रतिपक्षी एमाले बैठक बहिष्कार गरेर आन्दोलनमा सहभागी

धनगढीमा **तेजराज भट्ट**

कैलालीको गेटामा राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनमा उत्रिएका स्थानीयले सोमबार सुदूरपश्चिम प्रदेश सभा घेराउ गरेका छन् । प्रदेश सभा सदस्यहरूलाई बैठकमा जान रोक्ने उद्देश्यले आन्दोलनकर्ताले प्रदेश सभाको प्रवेशद्वारमा प्रदर्शन गरेका थिए । तर, दिउँसो ३ बजे डाकिएको बैठकका लागि प्रदेश सभा सदस्यहरू आन्दोलनकर्ता आउनुअघि नै प्रदेश सभा परिसर पुगिसकेका थिए ।

राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाका लागि संघीय सरकारलाई दबाब दिन प्रदेश सभा बैठक स्थगित गर्नुपर्ने उनीहरूको माग थियो । प्रदेश सभा बैठक चल्न नदिने भन्दै आन्दोलनकर्ताले गेटमा कोणसभा र नाराबाजीसमेत गरे । बाहिर नाराबाजीका बीच प्रदेश सभा बैठक सुरु भए पनि प्रमुख प्रतिपक्षी एमालेले बहिष्कार गरेपछि बैठक चल्न सकेन ।

राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाका लागि दबाब दिन गठित संघर्ष समितिको अगुवाइमा प्रदेश सभा घेराउ गरिएको हो । समितिका संयोजक लोकराज पाण्डेयले सरकारी बेवास्ताका कारण गेटामा करोडौं रुपैयाँ लागतमा बनेका संरचना जीर्ण बन्ने अवस्थामा पुगेको बताए ।



सरकारले अस्पताल सञ्चालन नगर्दा यस क्षेत्रका बासिन्दाले अहिले पनि विशेषज्ञ उपचारका लागि काठमाडौं र सीमावर्ती भारतीय बजार जानुपर्ने बाध्यता रहेको उनले बताए ।

सरकार आफैँले गरेको निर्णयअनुसार बजेटमा विश्वविद्यालयको विषय नसमेटिएपछि आन्दोलन गर्नुपरेको स्थानीयको भनाइ छ । गत २९ माघमा गेटामा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको सरकारले नीति तथा कार्यक्रममा समेत विश्वविद्यालयको विषय समेटे पनि बजेटमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने उल्लेख गरेर सुदूरपश्चिमका नागरिकमाथि अन्याय गरेको आन्दोलनमा सहभागी स्थानीय पदमराज ओझाले बताए । दक्ष जनशक्ति उत्पादन गरी सुदूरपश्चिमको मात्र नभएर समग्र देशको स्वास्थ्य क्षेत्रको सुधारका लागि मेडिकल विश्वविद्यालय आवश्यक रहेको उनले बताए । नीति तथा कार्यक्रममा विश्वविद्यालयसँगै ६ सय शय्याको अस्पताल सञ्चालन गर्ने उल्लेख गरिए पनि बजेटमा सय शय्याको मात्र अस्पताल सञ्चालन गर्ने उल्लेख गरिएको भन्दै उनले आपत्ति जनाए ।

### प्रतिपक्षी एमाले सडकमा

प्रमुख प्रतिपक्षी एमालेले सोमबार प्रदेश सभा बैठक बहिष्कार गरेको छ । बैठक बहिष्कार गरेर एमालेका प्रदेश सभा सदस्यहरू मेडिकल विश्वविद्यालय स्थापनाको मागसहित नाराबाजी गर्दै आन्दोलनमा सहभागी भए । विश्वविद्यालयको माग गर्दै नागरिक आन्दोलनमा उत्रिए पनि सरकार मौन रहेकाले बैठक बहिष्कार गर्नुपरेको एमाले प्रमुख सचेतक सुरेन्द्रबहादुर पालले बताए । 'विश्वविद्यालयबारे सरकार उदासीन र मौन छ । यसमा सरकारको धारणा र क्याबिनेटको निर्णय नआउन्जेल बहिष्कार गर्दछौं,' उनले भने ।

आन्दोलनलाई सम्बोधन गर्दै पूर्वमुख्यमन्त्रीसमेत रहेका एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले सरकारले सुदूरपश्चिमको अपमान गरेको आरोप लगाए । सरकारले विश्वविद्यालयसँगै यहाँका महत्त्वपूर्ण आयोजनाको बजेट कटौती गरेको रावलले बताए । 'प्रदेश सरकारले विश्वविद्यालयबारे निर्णय गरेर संघीय सरकारलाई दिनुपर्थ्यो । प्राथमिकताप्राप्त आयोजनाको बजेट कटौती भएको छ, तर प्रदेश सरकार मौन छ,' उनले भने । राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेश सभा सदस्य खेमादेवी विष्ट पनि मेडिकल विश्वविद्यालयको आन्दोलनमा सहभागी भइन् ।

बैठकको सुरुमा मुख्यमन्त्री कमलबहादुर शाहले गेटामा विश्वविद्यालय स्थापना गर्न आवश्यक कानुनी र अन्य व्यवस्था मिलाउने आश्वासन संघीय सरकारले दिएको बताए । 'सरकारले विश्वविद्यालय स्थापना गर्न कानुनी प्रक्रिया अगाडि बढाएको हामी सबैलाई स्मरण छ । चालू अधिवेशनमा विधेयक प्रस्तुत गर्ने भनिए पनि बजेटमा प्रतिष्ठान भनेर उल्लेख भएर आएकाले अन्योल छ,' उनले भने, 'यसबारे संवाद गर्दा अस्पष्टता हटाई विश्वविद्यालय स्थापना गर्ने आवश्यक कानुनी र अन्य व्यवस्था मिलाउने आश्वासन पाएका छौं ।'

### विश्वविद्यालय बन्ने माओवादी दाबी

माओवादी स्थायी समिति सदस्य एवं सुदूरपश्चिम प्रदेश इन्चार्ज खगराज भट्टले गेटामा मेडिकल विश्वविद्यालय नै बन्ने दाबी गरेका छन् । धनगढीमा सोमबार पत्रकार सम्मेलन गरेर पार्टीको धारणा सार्वजनिक गर्दै उनले प्रधानमन्त्रीसँग कुरा गर्दा बजेटमा केही त्रुटि भए पनि मेडिकल विश्वविद्यालय बनाउने आश्वासन पाएको बताए । प्रधानमन्त्री र गठबन्धनका नेताहरू मेडिकल विश्वविद्यालय बनाउनुपर्ने पक्षमा रहेको उनले दाबी गरे ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०/०२/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**भैरहवा शाखा, रुपन्देही**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९९७४५/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/११ मा दर्ता कायम भएको **ग्राण्ड कस्मो लुम्बिनी होटल प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ६, रुपन्देही
स्थायी लेखा नं. ६०६५८१६२२, मिति २०७५/०६/१५
**संचालक : एकरा मुद्दीन खाँ**
ना.प्र.नं. ७५२७४, जारी मिति २०४२/०४/२१, जि.प्र.का. रुपन्देही
बाबुको नाम : वैस मोहम्मद मुसलमान
बाजेको नाम : दस मोहम्मद मुसलमान
स्थायी ठेगाना : तेनुहवा - ८, रुपन्देही
**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**जबिहुन निशा मु खाँ**
ना.प्र.नं. २३५९
जारी मिति २०५७/०७/०४, जि.प्र.का. रुपन्देही
बाबुको नाम : इस्लाम मुसलमान
पतिको नाम : एकरा मुद्दीन खाँ
ससुराको नाम : वैस मोहम्मद मुसलमान
स्थायी ठेगाना : तेनुहवा - ८, रुपन्देही

**एजाज अहमद खान**
ना.प्र.नं. ४/२१४२२
जारी मिति २०६३/०३/१४, जि.प्र.का. रुपन्देही
बाबुको नाम : एकरा मुद्दीन खान
बाजेको नाम : वैस मोहम्मद मुसलमान
स्थायी ठेगाना : तेनुहवा - ८, रुपन्देही

**इमरान खान**
ना.प्र.नं. ३७१०४७/२४२२५, जारी मिति २०६५/०४/२९, जि.प्र.का. रुपन्देही
बाबुको नाम : एकरा मुद्दीन खाँ
बाजेको नाम : वैस मोहम्मद मुसलमान
स्थायी ठेगाना : तेनुहवा - ८, रुपन्देही

**धितोको विवरण**

**घर/जग्गाको विवरण**

ग्राण्ड कस्मो लुम्बिनी होटल प्रा.लि.को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको
क) रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १५१४, १५१५, १५१६, १५१७, १५१८, १५१९, १५२० र १४८९ को क्षेत्रफल क्रमशः ०-०-२.७५-०, ०-०-२.७५-०, ०-०-२.७५-०, ०-०-२-०, ०-०-१.२५-०, ०-०-१.२५-०, ०-०-१.२५-० र ०-०-२.७५-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
ख) रुपन्देही जिल्ला, तेनुहवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १८१५ को क्षेत्रफल ०-०-१.७५-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरण**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | च्यासिस नं. | इन्जिन नं. |
|---|---|---|---|---|
| Kia Seltos | Pradesh 03-01 024 Cha 5742 | 2020 | MZBEP812LMN192145 | G4FLLV108152 |

**नोट :** यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कायालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ ।

**धरान शाखा, सुनसरी**

**ऋणीको विवरण**

१. प्रदेश सरकार, प्रदेश. नं. १, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ८८०२/०७७/०७८ अन्तर्गत मिति २०७७/०८/१५ मा दर्ता कायम भएको
**सुजता फेन्सी स्टोर**
फर्म दर्ता ठेगाना : धरान उप.म.न.पा. - ०९, सुनसरी
स्थायी लेखा नं. ६०८५२९८६२, मिति २०७५/०६/११
**प्रोप्राइटर : सुजता रम्तेल**
**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

**२. सुजता रम्तेल**
ना.प्र.नं. ०६-०२-७३-०३५६८,
जारी मिति २०७३/१०/१८, इ.प्र.सा. धरान, सुनसरी
बाबुको नाम : तिलक बहादुर सार्की
पतिको नाम : श्याम रम्तेल
ससुराको नाम : भिम बहादुर सम्तेल
स्थायी ठेगाना : धरान उ.म.न.पा. -१४, सुनसरी
**कर्जा शिर्षक : आवाधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**श्याम रम्तेल**
ना.प्र.नं. ३६५७३/०६४/६५
जारी मिति २०६४/११/२७, इ.प्र.सा. धरान, सुनसरी
बाबुको नाम : भिम बहादुर रम्तेल
बाजेको नाम : टिका राम रम्तेल
स्थायी ठेगाना : धरान १४, सुनसरी

**सविन रम्तेल**
ना.प्र.नं. २४०३८/०६१/६२
जारी मिति २०६१/०५/२०, इ.प्र.सा. धरान, सुनसरी
बाबुको नाम : भिम बहादुर रम्तेल
पतिको नाम : टिका राम रम्तेल
स्थायी ठेगाना : धरान १४, सुनसरी

**भिम बहादुर रम्तेल**
ना.प्र.नं. ०६/३८८१/१२८४३/०४४
जारी मिति २०४६/०३/३१, इ.प्र.सा. धरान, सुनसरी
बाबुको नाम : टिकाराम रम्तेल
बाजेको नाम : पंच बहादुर रम्तेल
स्थायी ठेगाना : धरान ४, सुनसरी
हालको ठेगाना : धरान १४, सुनसरी

**रत्नमाया रम्तेल**
ना.प्र.नं. ०६/१८२/६७२०
जारी मिति २०४६/०३/३०, इ.प्र.सा. धरान, सुनसरी
बबाको नाम : कमल पुर्कुटी
पतिको नाम : भिम बहादुर रम्तेल
ससुराको नाम : टिकाराम रम्तेल
स्थायी ठेगाना : धरान १४, सुनसरी

**धितोको विवरण**

**घर/जग्गाको विवरण**

पंच बहादुर रम्तेलको नाती, टिकाराम रम्तेलको छोरा, भिम बहादुर रम्तेलको नाममा मालपोत कार्यालय, धरान, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११ख स्थित कित्ता नं. ८८३ को क्षेत्रफल ०-०-७.५-० विगाहा वा १२६.९९ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**बिर्तामोड भद्रपुर रोड शाखा, झापा**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्रा.फ.र.नं. ७४४/८६८१/१२/२६ अन्तर्गत मिति २०७२/१२/२६ मा दर्ता कायम भएको **न्यू प्रभात ट्रेडिङ कन्सर्न**
फर्म दर्ता ठेगाना : बिर्तामोड न.पा. वडा नं. ७, झापा
स्थायी लेखा नं. ६०४०५१६७७, मिति २०७२/१२/२६
**प्रोप्राइटर : रजिता भट्टराई**

**कर्जा शिर्षक : सवारी साधन कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**रजिता भट्टराई**
ना.प्र.नं. ०८३००९-१६६
जारी मिति २०६३/११/२४, जि.प्र.का. तेह्रथुम
बाबुको नाम : दुर्गा प्रसाद भट्टराई
पतिको नाम : छविलाल पोखेल
ससुराको नाम : हरि प्रसाद पोखेल
स्थायी ठेगाना : जिरीखिम्ती - ८, तेह्रथुम
हालको ठेगाना : बिर्तामोड न.पा. वडा नं. ४, झापा

**छविलाल पोखेल**
ना.प्र.नं. २१४६
जारी मिति २०५७/०१/२९, जि.प्र.का. धनकुटा
बाबुको नाम : हरि प्रसाद पोखेल
बाजेको नाम : नन्दलाल पोखेल
स्थायी ठेगाना : चुङमाङ्ग - ९, धनकुटा
हालको ठेगाना : बिर्तामोड न.पा. वडा नं. ४, झापा

**धितोको विवरण**

**सवारी साधनको विवरण**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | च्यासिस नं. | इन्जिन नं. |
|---|---|---|---|---|
| TATA Ace Mega BS III | Me 1 Cha 5023 | 2017 | MAT535002HYB04090 | 0.8LTDICRAIL06BSYS21435 |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्ने छ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुन: लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुन: निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०३/१२ (कार्यालय समयभित्र)**
**बोलपत्र खोलिने मिति : २०८०/०३/१३**
**समय : दिउँसो ३:०० बजे**
**स्थान : सम्बन्धित शाखामा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त


## एकताबद्ध हुनुको विकल्प छैन : नेपाल

**काठमाडौं**/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सत्तारूढ गठबन्धन एकताबद्ध हुनुको विकल्प नभएको बताएका छन् । समाजवादी प्रेस संगठनको प्रथम महाधिवेशनबाट निर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना दिन सोमबार आयोजित कार्यक्रममा नेपालले गठबन्धनभित्र केही असहमति भए पनि मिलेर जानुपर्नेमा जोड दिएका हुन् । विपक्षी गठबन्धनबाट प्राप्त उपलब्धि गुम्ने खतरा रहेको उनले दाबी गरे ।



सत्तारूढ गठबन्धन लोकतान्त्रिक र प्रगतिशील गठबन्धन भएको उनको दाबी छ । कमजोरीको आलोचना गर्दै अगाडि बढ्ने उनको भनाइ छ । एकता, संघर्ष र उच्चस्तरको एकता कायम गर्दै अगाडि बढ्ने उनले बताए । कार्यक्रममा एकीकृत समाजवादीका सम्मानीत नेता झलनाथ खनालले जनताका समस्या सम्बोधन गर्ने गरी अगाडि बढ्नुपर्ने बताए । उपाध्यक्ष प्रमेश हमालले विकृति, विसंगति र भ्रष्टाचारविरुद्ध पत्रकारले दृढतापूर्वक कलम चलाउनुपर्ने बताए । उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले पत्रकारितामा अब्बल संस्थाका रूपमा स्थापित हुने गरी काम गर्न सुझाव दिए । संगठनका नवनिर्वाचित अध्यक्ष विश्वमणि सुवेदीले पत्रकारका हकहितमा एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता जनाए ।

## 'नेतृत्व धेरै परिवर्तन गर्ने पार्टी एमाले हो'

**काठमाडौं**/ एमाले महासचिव शंकर पोखरेलले लोकतान्त्रिक अभ्यास र नेतृत्वको जीवन्तताका प्रश्नमा कांग्रेस र माओवादीभन्दा बढी नेतृत्व परिवर्तन गर्ने पार्टीका रूपमा एमालेले आफूलाई स्थापित गरेको बताएका छन् । केन्द्रीय प्रचार विभागले सोमबार आयोजना गरेको अन्तर्क्रियामा उनले तत्कालका लागि कार्यकारी पदमा ७० वर्षे उमेरहद स्थगन गर्नेबित्तिकै एमालेभित्र स्थापित लोकतान्त्रिक अभ्यास र नेतृत्व परिवर्तनको एजेन्डा प्रभावित नहुने प्रस्टीकरण दिए ।


'कांग्रेस या माओवादीसँग तुलना गर्दा नेपालका पुराना राजनीतिक दलमध्ये सबभन्दा धेरै नेतृत्वमा बदलाव ल्याउने पार्टीका रूपमा एमाले स्थापित छ । प्रचण्डजी ०४५ देखि (३५ वर्षसम्म) लगातार पार्टीको नेतृत्वमा हुनुहुन्छ । हाम्रो पार्टीमा ०४५ पछि मदन भण्डारी, माधव नेपाल, झलनाथ खनाल र केपी ओली प्रमुख नेता हुनुभयो । एकातिर एकजना प्रमुख नेता, अर्कोतिर पाँचजना प्रमुख नेता भइसकेको पार्टी हो एमाले,' पोखरेलले भने, 'त्यस अर्थमा पार्टीभित्र नेतृत्वको जीवन्ततामा यो विषय उठाएर समस्या हुन्छ कि भन्नैपर्दैन । ७० वर्षको उमेरहदले नेतृत्वमा बदलाव आउने, लोकतान्त्रिक विधिबाट नेतृत्वमा बदलाव नआउने भन्ने कुरा पनि होइन । किनकि हाम्रो पार्टीले लोकतान्त्रिक अभ्यासबाटै त्यस कुरालाई स्थापित गर्दै आएको छ ।'



नागरिकता विधेयकको प्रमाणीकरण असंवैधानिक भएकाले एमालेले त्यसलाई सच्याउनका लागि विषयका रूपमा उठान गरेको उनको भनाइ थियो । 'नागरिकता विधेयकको प्रमाणीकरण संविधानको विपक्षमा पनि छ, किनभने संविधानले प्रादेशिक पहिचानसहितको नागरिकताको प्रबन्ध गरेको छ, तर संविधानको त्यस विषयलाई सम्बोधन नगरी विधेयक जारी गरिएको छ,' उनले भने । सर्वोच्च अदालतले नागरिकताको सवालमा उठेका समग्र समस्या समाधान गरेर मात्र कानुन बनाउन दिएको आदेश र तत्कालीन राष्ट्रपति विद्या भण्डारीले फिर्ता गरेर संसद्समक्ष प्रश्न गर्दै उठाएका सवाल सम्बोधन नगरी जारी गरिएकाले पनि एमालेले असहमति राखेको उनको भनाइ थियो ।

## कांग्रेस बाको र भगवान्को पार्टी होइन, विचारको हो : महामन्त्री थापा

**हेटौंडा**/ कांग्रेस महामन्त्री गगनकुमार थापाले कांग्रेस एमालेजस्तो बाको र राष्ट्रिय स्वतन्त्र पार्टीजस्तो भगवान्को पार्टी नभई विचारको पार्टी भएको बताएका छन् । कांग्रेस मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर दुई र दुई (ख)को आयोजनामा भएको क्षेत्रीय सम्मेलनमा बोल्दै थापाले राम्रो काम गरे कांग्रेसलाई कसैलाई हराउन नसक्ने बताए । 'कांग्रेस एमालेजस्तो बाको पार्टी, रास्वपाजस्तो भगवान्को पार्टी होइन । यो विचारको पार्टी हो, त्यसैले कांग्रेसलाई कसैले हराउन सक्दैन,' उनले दाबी गरे, 'जनताको मतबाट जितेपछि उनीहरूको काम गर्नुपर्छ । कांग्रेसका तर्फबाट जितेकाहरूले आज राम्रो काम गरे भोलि कसैले हराउन सक्दैनन् ।'



सरकारमा जान कांग्रेसले जोसँग पनि गठबन्धन गर्छ भन्ने गलत छवि बनेकाले यस्तो निर्णय गर्नुपर्ने उनको भनाइ थियो । आगामी भदौमा हुने नीति अधिवेशनबाट कांग्रेसले स्पष्ट विचारको राजनीति अगाडि बढाउनुपर्ने भन्दै उनले नीति अधिवेशनले कांग्रेस कसैसँग पनि गठबन्धन गर्दैन भन्ने निर्णय गर्नुपर्ने बताए ।

लोकबहादुर मोक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस बागमती प्रदेश सभाका सभापति इन्द्रबहादुर बानियाँले पार्टीमा देखिएको गुट-उपगुटलाई तल्लो तहदेखि नै मिलाउँदै लानुपर्ने धारणा राखे ।

## औषधि खरिदमा अनियमितता

**सप्तरी**/ राजगढ गाउँपालिकाले औषधि र स्वास्थ्य उपकरण खरिदमा अनियमितता गरेको पाइएको छ । गाउँपालिकाले आर्थिक वर्ष ०७८/७९ मा औषधि तथा स्वास्थ्य उपकरण खरिद गर्दा प्रक्रिया नपुर्‍याएको महालेखाको प्रतिवेदनले औँल्याएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार २० लाख रुपैयाँसम्मको खरिद-बिक्री गर्दा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । तर, राजगढ गाउँपालिकाले ३८ लाख ५८ हजार नौ सय २० रुपैयाँबराबरको औषधि तथा स्वास्थ्य उपकरण खरिद गर्दा उक्त प्रक्रिया नपुर्‍याएको पाइएको हो ।

पालिकाले खरिद गरिएको औषधिमा निःशुल्क वितरण गरिने छाप लगाएकोसमेत नपाइएको महालेखापरीक्षकको प्रतिवेदन ०७९ मा औँल्याइएको छ । गाउँपालिकाले भने सोझै खरिद गरिएको विषय अस्वीकार गरेको छ । गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र यादवले नियमअनुसार नै खरिद गरिएको दाबी गरे । गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले पनि प्रक्रिया पुर्‍याएरै खरिद गरिएको बताए पनि थप कुरा उल्लेख गरेनन् ।

## आदिपुरुषको एड्भान्स बुकिङ सुरु

प्रभास अभिनीत फिल्म 'आदिपुरुष'को एड्भान्स बुकिङ खुलेको छ। फिल्मको ३६ हजार टिकट अग्रिम बिक्री भइसकेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। यो फिल्म १६ जुनमा रिलिज हुँदै छ।





## '१९२९ : हरर अफ द हार्ट'मा अविका

अभिनेत्री अविका गौर '१९२९ : हरर अफ द हार्ट' मा मुख्य भूमिकामा देखिँदै छिन्। यो फिल्म २३ जुनमा रिलिज हुँदै छ। अविकाले पछिल्ला १० वर्षमा झन्डै १३ वटा दक्षिण भारतीय फिल्ममा काम गरिसकेकी छिन्।

# सामाजिक सञ्जालमा ह्याकरबाट कसरी जोगिने ?



फेसबुकमा प्राइभेट मेसेज गरेर एकपटक प्रयोग गर्ने पासवर्ड (ओटिपी) कसैले माग्यो भने नदिनुहोला। विभिन्न मोबाइल वालेट एपको अफिसबाट फोन गरेको भन्दै ओटिपी मागेर वालेट ह्याक गरी पैसा लैजाने क्रम अहिले बढिरहेको छ।

अहिले प्रोफाइल ह्याक गरी समस्यामा छु भनी क्युआर दिएर कुनै खातामा पैसा हाल्न लगाउने चलन बढेको छ। कुनै परिचित आइडीबाट यसरी पैसा मागेमा सम्बन्धित व्यक्तिलाई फोन गरी कन्फर्म गरेर मात्र अगाडि बढ्नुहोला।

सबैमाझ लोकप्रिय ह्वाट्स एपमा कुनै नचिनेकी युवतीले भिडियो कल गरी अश्लील व्यवहार देखाउने र त्यसलाई भिडियो रेकर्ड गरी ब्ल्याकमेल गरेर लाखौँ पैसा तिर्नुपर्नेलगायत समस्या सार्वजनिक भएका छन्। अपरिचित हरेक कलमा सचेत रहनुहोला।

तपाईंसँग सधैँ बोलिरहने मान्छेको फरक स्वभावको, फरक तरिकाको म्यासेज आएमा शंका गर्नुहोला, त्यो प्रोफाइल ह्याक भइसकेको हुन सक्छ। ह्याक भएको कुरा वास्तविक प्रयोगकर्तालाई थाहै नहुन पनि सक्छ।

फेसबुक पेजमा विज्ञापन दिन्छु भन्दै वा अन्य कुनै प्रलोभन देखाएर इमेल तथा अन्य कतै लिंक आउन सक्छ, त्यसलाई क्लिक नगर्नुहोला। त्यो लिंक क्लिक गर्नुभयो भने तपाईंको पेज सधैँका लागि गुम्ने अवस्था रहन्छ। यस्ता कुरा नपत्याउनुहोस्।

फेसबुक प्रोफाइललाई भेरिफाइड गर्दिन्छौँ, यो सामान प्रयोग गर्नुभयो भने भुँडी घटाउन सकिन्छ जस्ता किसिमको विज्ञापन अहिले फेसबुक वालमा देख्न सकिन्छ। यस्ता लिंकलाई क्लिक गर्नुभयो भने युजरनेम, पासवर्ड माग्ने र हाल्नेबित्तिकै ह्याक भइहाल्ने हुन सक्छ। सावधान रहनुहोला।

तपाईंको फेसबुकमा अन्य कुनै ठाउँबाट लगइन भएको नोटिफिकेसन आयो भने तत्काल पासवर्ड परिवर्तन गर्नुहोला। आफ्नो आइडीको टु-फ्याक्टर अथेन्टिकेसन अन गर्नुहोला।

यति गर्दागर्दै पनि सोसल मिडियामा समस्या आएमा नेपाल प्रहरीको साइबर ब्युरोमा सम्पर्क गर्नुहोला।

● प्रस्तुति : **शम्भु ढुंगाना**

# 'लु' लाग्न नदिन...



**डा. विनोद पौडेल**
निर्देशक, सामुदायिक प्राकृतिक चिकित्सालय, नवलपुर



गर्मी महिनामा तराई क्षेत्रमा चल्ने अत्यधिक तातो हावालाई 'लु' भन्ने गरिन्छ। तातो हावाका कारण मानिसको शरीरबाट अत्यधिक पसिना बग्छ र शरीरमा पानी र नुनको मात्रा कम हुन्छ। यसपछि मुटुको धड्कन बढ्ने, टाउको भारी हुने, श्वास फेर्न असजिलो हुने लक्षण देखिन्छन्। बेहोस हुने र अचानक मृत्युसमेत हुने जोखिम रहन्छ। बालबालिका, वृद्धवृद्धा, मोटा मानिस, मधुमेह भएका, मुटुरोगी, दमका रोगी, मिर्गौलाका रोगीलगायत दीर्घरोगीमा 'लु'को असर धेरै देखिने भएकाले उनीहरूको विशेष ख्याल गर्नुपर्छ। अत्यधिक रक्सी सेवन गर्ने, सधैँ एसी लगाएर चिसोमा बस्ने व्यक्तिमा पनि 'लु'को असर धेरै देखिन्छ।

### लु लागेका लक्षण

- शरीरको तापक्रम बढ्ने
- टाउको दुख्ने
- चक्कर लाग्ने
- उल्टी हुने
- मांसपेशीको दुखाइ र कडापन
- शरीरबाट धेरै पसिना बग्ने वा पसिना आउन बन्द हुने
- आँखा रातो हुने र पोल्ने
- हातखुट्टा पोल्ने
- मुटुको धड्कन बढेको महसुस हुने
- श्वास फेर्न असजिलो हुने
- पखाला लाग्ने
- मुख सुक्खा हुने
- अत्यधिक थकान
- अनुहार रातो हुने

### बच्ने उपाय

- गर्मी र तातो हावा चलेको अवस्थामा घाममा निस्कनु हुँदैन। दिउँसो निस्कनैपरे पूरै शरीर ढाकिने कपडा लगाएर छाता ओडेर मात्र निस्कनुपर्छ।
- शरीरमा पानीको मात्रा कमी हुन नदिन वेलावेला पानी अथवा झोलिलो कुरा पिउने। चिसो मह-पानी, कागती-पानी, इमिली-पानी, मोही, नरिवलको पानी, सुप-पानी, पुदिना-पानीलगायत पेय प्रशस्त मात्रामा पिउन सकिन्छ।
- काँक्रो, खर्बुजा, मौसमजस्ता पानीको मात्रा बढी भएका र तुरुन्तै शक्ति प्रदान गर्ने फलफूल खाने।
- चिया, कफी, रक्सी, बोतलबन्द पेय पदार्थ नखाने।

### उपचार

- बिरामीलाई शीतल ठाउँमा लगेर राख्ने। बाहिरी कपडा शरीरबाट हटाइदिने।
- बिरामीलाई पंखाको हावामा राख्ने। पंखा नभएमा कपडा अथवा किताब-कापीले हम्कने।
- सम्भव छ भने शरीरको तापक्रम जाँच गर्ने।
- शरीरको तापक्रम घटाउनका लागि बिरामीलाई पानीको फोहोरामा राख्ने। दीर्घरोगी, वृद्ध र बच्चाबाहेकलाई गर्दन, काखी, ढाडमा बरफले सेक्नसमेत सकिन्छ।
- बिरामी होसमा आएपछि पानी र उपलब्ध स्वस्थकर झोलिलो कुरा खान दिने।
- माथिका उपचार गर्दासमेत बिरामीलाई पूर्ण रूपमा सहज अवस्था आएन भने नजिकको स्वास्थ्य संस्थामा पठाउने।

# यात्रामा निस्कँदा यस्तो तयारी




मानिसको चाहना फरक-फरक हुन्छ। कसैलाई सांस्कृतिक त कसैलाई साहसिक गतिविधि मन पर्छ। साहसिक यात्रामा जंगल सफारी, पदयात्रा, प्याराग्लाइडिङ, जिपलाइन, ट्रेल, गुफा जान सकिन्छ। जहाँसुकै घुम्न गए पनि लामो यात्राको योजना बनाउँदा केही कुरालाई भने ख्याल गर्नुपर्ने हुन्छ।


- गन्तव्यस्थलको छनोट गर्ने।
- आफू जान लागेको गन्तव्यस्थलको पूर्वतयारीसहितको योजना बनाउने।
- गन्तव्यस्थलमा खाना, वासको सुविधा भए/नभएको स्थितिबारे जानकारी लिने।
- बाटोघाटोको अवस्थाबारे जानकारी लिने।
- आफू कुन क्षेत्रमा जान लागेको हो, के-के गतिविधि गर्ने हो, त्यसका लागि बजेट आकलन गर्ने।
- छावा नछिर्ने ज्याकेटसँगै पन्जा र टोपी लगाउने, नत्र चिसोले समाउन सक्छ।
- ड्राई फ्रुट, प्राथमिक उपचारको किट बोक्ने।
- स्वास्थ्यवर्द्धक खानपानमा जोड दिने।
- जथाभावी प्लास्टिकलगायतका फोहोर नफाल्ने।
- यात्रामा निस्कँदा दिगो पर्यटनका अभ्यास र उत्तरदायी पर्यटनका व्यवहार के हुन् भन्ने कुरालाई ध्यान दिने।


# कलाकृतिमा 'म, मेरो देश र मेरो सिर्जना'











'राष्ट्रिय ललितकला प्रदर्शनी- २०८०' मा ६ सय सातजना कलाकारका चित्रहरू प्रदर्शनमा राखिएको छ। 'म, मेरो देश र मेरो सिर्जना' नारासहित १५ जेठदेखि काठमाडौंस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा यो प्रदर्शनी चलिरहेको छ।

प्रदर्शनीमा लोककला, मूर्तिकला, हस्तकला, वास्तुकला, पर्फमेन्स आर्ट, कार्टुन, डिजिटल कलालगायत विभिन्न कलाकृति राखिएको छ। अहिलेसम्म ३५ हजारभन्दा धेरै दर्शकले कलाकृति अवलोकन गरेको प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र थुम्केलीले जानकारी दिए। 'कलाका पारखीहरू बाक्लै संख्यामा आउनुभएको छ,' उनले भने, 'स्कुलका विद्यार्थीहरूको संख्या धेरै देखिन्छ। पुराना पुस्ताका कलाप्रेमीहरू पनि आइरहनुभएको छ। आर्टप्रति सबैको चासो बढेको देखिन्छ', उनले भने। ललितकला विधाको प्रवर्द्धनमा यस प्रदर्शनीले महत्त्वपूर्ण भूमिका खेल्ने उनले बताए।


## हकदावीको सूचना

कपिलबस्तु जिल्ला, मोतीपुर गा.वि.स.वडा नं.-८ (हाल कपिलबस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं.- ०८, लुम्बिनी प्रदेश) बस्ने श्री बालकिशन थारुको नाती, ठागे थारुको छोरा, श्री बलिराम थारुको मिति २०७९/११/२१ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १२४०५०८००४९०९२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती सबिता थारुले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
जितपुर, कपिलबस्तु
फोन न.:-०७६-५५०२९८

## हकदावीको सूचना

बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ०६ मा बस्ने श्री तोयानाथ अर्यालको नाति, श्री खड्ग नाथ अर्यालको छोरा श्री विमलराज अर्यालको मिति २०८०/०१/१३ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ००१०५०१००८५०७८ र मुद्दती खाता नं. ०९२०३१४०२५०४७४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरी प्रतिक्षा अर्यालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
दरवारमार्ग, काठमाण्डौं
फोन न.:- ४२४२५३०, ४२२८२२९
फ्याक्स :- ४२२६३४९, ४२२८९२७



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

## नयाँ शहर आयोजना कार्यालय खुर्कोट, सिन्धुली

### आर्थिक प्रस्ताव खोल्ने बारे सूचना

**सूचना नं. ०५-०७९/०८०**
**(सूचना प्रकाशन मिति: २०८०/०२/३०)**

यस कार्यालयबाट मिति २०७९/१२/१० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा आह्वान गरिएको ठेक्का नं: KNTPO/NCB/078/79-03 र KNTPO/NCB/078/79-04 को बोलपत्रहरुका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपशील अनुसारका बोलापत्रदाताहरु प्राविधिक प्रस्ताव मुल्यांकनमा सारभूत रुपमा प्रभावग्राही देखिएका हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपशीलमा उल्लेखित मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

### प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रदाता

**ठेक्का नं. -** KNTPO/NCB/078/79-03
**नाम :** जग्गा विकासको आयोजनाको ब्लक प्लान स्वीकृति पछि सीमांकन गरी बाटो खोल्ने कार्य

| सि.नं. | बोलपत्र दाताको नाम ठेगाना | कैफियत |
|---|---|---|
| १ | राधा कृष्ण एण्ड ब्रोडर्स प्रा. लि., सिन्धुपाल्चोक | |
| २ | ओम बुद्ध / शिव खिम्ती जे. भी., मैजुबहाल, काठमाडौं | |
| ३ | घिसिङ्ग विल्डर्स प्रा. लि., धुलिखेल, काभ्रे | |

**ठेक्का नं. :** KNTPO/NCB/078/79-04
**नाम :** १. एकिकृत विकास योजना कार्यान्वयन अन्तर्गत नयाँ सहर क्षेत्रमा बहुउद्देसिय सामुदायिक भवन निर्माण गर्ने, २. खुर्कोट नयाँ सहरमा कबोर्ड हल निर्माण गर्ने कार्य

| सि.नं. | बोलपत्र दाताको नाम ठेगाना | कैफियत |
|---|---|---|
| १ | भुवनेश्वरी /रेड अर्थ जे. भी., सामाखुसी काठमाडौं | |
| २ | ओम विल्डर्स / ए टु जेड विल्डर्स जे. भी., मिर्चैया, सिराहा | |

**मिति** : २०८०/०३/०५
**स्थान** : नयाँ शहर आयोजना कार्यालय, खुर्कोट, सिन्धुली
**समय** : दिनको १ बजे



नेपाल सरकार
स्वस्थ्य तथा जनसख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

## पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

### प्राबिधिक प्रस्ताब स्विकृति सम्बन्धमा

**प्रकाशित मिति : २०८०/०२/३०**

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८०/०१/२१ मा प्रकाशित निम्नानुसारको बोलपत्रको आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र दर्ता भएका बोलपत्रदाताहरुमध्ये यस प्रतिष्ठानबाट गठीत बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्रको प्राबिधिक प्रस्ताबहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ (४) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त स्वीकृत प्रस्तावदाताहरुको आर्थिक प्रस्ताब मिति २०८०/०३/०५ गते दिनको ११:०० बजे यस अस्पतालको प्रशासन सभा हलमा खोलिने ब्यहोरा समेत जानकारी गराईन्छ।

| सि.न. | ठेक्का नंवर / खरिदको विवरण | स्वीकृत बोलपत्रदाताको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | PAHS/NCB/GOODS/2079-80/29 Procurement of X-Ray Machine with Two flat panel detector | श्री Shivam Trading Concern, Kathmandu | प्राविधिक प्रस्ताव स्वीकृत भई आर्थिक प्रस्ताव खोल्न योग्य बोलपत्रदाता |
| २ | PAHS/NCB/GOODS/2079-80/30 Procurement of Autoclave Machine | श्री Shivam Trading Concern, Kathmandu<br>श्री Multiple Enterprises, Kathmandu | |
| ३ | PAHS/NCB/GOODS/2079-80/31 Procurement of C-Arm Machine | श्री Health Tech Nepal, Bharatpur | |

**निर्देशक**

# सुशासनको बाधक 'भिटोक्रेसी'

## देशमा महँगी, कमिसन, भ्रष्टाचार, नीतिगत तहमा आर्थिक अनियमितता र शक्तिको दुरुपयोग व्यापक रूपमा बढ्दो छ



● विनोदमोहन आचार्य

अग्रलेख

नेपालको संविधानले समुन्नत लोकतन्त्रको परिकल्पनासँगै मुलुकलाई विकास र समृद्धिको गोरेटामा डोऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ। तर, विकास र समृद्धिको लयलाई नेतृत्व वर्गले पछ्याउन नसक्नु नै हाम्रा लागि विडम्बना मान्नुपर्ने हुन्छ। परिवर्तनकै खातिर देशमा संविधान फेरिए, शासन व्यवस्था फेरिए, जनजीविकाका मुद्दाहरू फेरिए, पात्रहरू फेरिए, परिवेश र ऐनकानुनसमेत फेरिए। तर विडम्बना! शासक प्रशासक नेतृत्व तहमा रहनेहरूको कार्यशैली संस्कार व्यवहार भने फेरिएन। सुन्दर बगैँचाको परिकल्पना त गरियो, त्यसलाई सही ढंगबाट रेखदेख गर्ने योग्य सक्षम माली भने देशले पाउन सकेन। योग्य माली छान्नमा हामी जनता नै चुक्यौँ।

देशमा २००७ सालयता परिवर्तनका खातिर विभिन्न कालखण्डमा दुइटा ठुल्ठूला आन्दोलन भए। तर, देशको राजनीतिले नागरिकमा परिवर्तनको सारभूत अनुभूति गराउन भने सकेन। सन्तनेता स्व. कृष्णप्रसाद भट्टराईले कतै भन्नुभएको थियो- हामी शासक नेतृत्व वर्गले अझै पनि पञ्चायती कुसंस्कारको भारी/विरासत बोकिरहेका छौँ। विगत तीस वर्षयता मुलुकको भौतिक क्षेत्रमा केही न केही उपलब्धि नभएका भने होइनन्। जस्तै- प्रतिव्यक्ति आय र रेमिटेन्स बढेको छ। नागरिकको जीवनस्तरमा केही न केही सुधार आएको छ।

शिक्षा स्वास्थ्य, सिँचाइ, सञ्चार, पुल, सडक, हवाई यातायात, विद्युत् उत्पादनजस्ता क्षेत्रका सूचक उत्साहवर्धक नै देखिन्छन्। यसप्रकार मुलुकमा भौतिक क्षेत्रले फड्को मारेको तथ्यलाई निःसर्त स्विकार्नुपर्छ। यति हुँदाहुँदै पनि मुलुकमा सुशासन कायम गर्ने कार्यमा कुनै पनि सरकार असफल रहेको गुनासो आमनागरिकमा पाइन्छ। देशमा महँगी, कमिसन र भ्रष्टाचार दिनानुदिन बढिरहेको छ। नीतिगत तहमा आर्थिक अनियमितता र शक्तिको दुरुपयोग बढ्दो छ।


देशमा बढ्दो भ्रष्टाचारका सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेसनल नामक संस्थाले हालै प्रकाशित गरेको सूचकांकमा नेपालले ३४ अंक मात्र प्राप्त गरेको छ। यसअनुसार विश्वका १८० राष्ट्रमा नेपाल ११० औँ स्थानमा छ। सूचकांकअनुसार ५० भन्दा कम अंक प्राप्त गर्ने देशमा भ्रष्टाचारको ग्राफ उच्च रहेको मानिन्छ। यसका अलावा महालेखा परीक्षकका वार्षिक प्रतिवेदनका ठेलीले समेत नेपालका सरकारी कार्यालयमा बेरुजुको ग्राफ हरेक वर्ष बढिरहेको देखाएका छन्। यो वर्षसम्म आइपुग्दा नेपालमा तीनै तहका सरकारअन्तर्गतका कार्यालयमा कुल चार खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख रकम बेरुजु औँल्याइएको छ। हाम्रो जस्तो मुलुकमा यति बेरुजु आउनु वा बेरुजु रकम १५.४६ प्रतिशतले बढ्नु सुशासनका लागि चुनौती हो।

हालै प्रकाशित एक अर्को सर्वेक्षणअनुसार नेपालमा नीतिगत तहमा ३० प्रतिशतभन्दा बढी आर्थिक अनियमितता अथवा शक्तिको दुरुपयोग हुने गरेको उल्लेख छ। यसरी देशमा आर्थिक अनियमितताको ग्राफ अर्थात् बेरुजु वृद्धि हुनु भनेको नीतिगत तहमा, सरकारी विभाग, मन्त्रालय वा सोअन्तर्गतका कार्यालयमा सुशासनको पालना नहुनुको प्रमाण हो। देश र जनताको भविष्यको सुनिश्चितता नेतृत्व वा शासक वर्गकै भूमिकामा निर्भर हुन्छ। भनिन्छ, कुनै पनि शासकको वास्तविक अनुहार उसको शासनशैली एवं व्यवहारबाट प्रतिबिम्बित हुन्छ। देशलाई विकास, समृद्धि, उन्नतिको गोरेटोमा डोऱ्याउने शासक वर्गले नै हो।

सन् १९९० को दशकतिर खासगरी विकासशील मुलुकका हकमा दिगो विकास गरिबी न्यूनीकरण आवश्यकताका सवालमा जवाफदेहिता, पारदर्शिता, निर्णय प्रक्रियामा जनसहभागिताजस्ता मानक समेट्दै सुशासनसम्बन्धी नवीनतम अवधारणा अघि सारिएको थियो। यसरी विकासशील मुलुकमा दिनप्रतिदिन भ्रष्टाचार, कमिसन, आर्थिक अनियमितता वृद्धि हुनुमा आर्थिक पाटो जोडिएका सरकारी कामकारबाहीमा पारदर्शिता एवं जवाफदेहिताको अभाव रहनु नै हो।

देशमा सचिव र उच्च तहका प्रशासकको सरुवा बढुवासँगैको पदस्थापना, न्यायाधीश, राजदूत, ठूला आयोजनाका प्रमुखलगायत संवैधानिक पदाधिकारीसमेतको नियुक्तिमा मात्र नभई चुनावमा टिकट वितरण वा मनोनयन प्रक्रियामा समेत प्रायः 'सपिङ सेटिङ' हुने गरेको सुनिन्छ। त्यसरी सपिङ सेटिङ गर्ने गिरोह भनेकै स्वार्थी सूत्र वा स्वार्थी समूह हो। सोही स्वार्थी सूत्र अथवा स्वार्थ समूहलाई 'भिटोक्रेसी' भनिन्छ। जसलाई सुशासनको बाधकका रूपमा लिने गरिन्छ।

प्रसिद्ध अमेरिकी लेखक फ्रान्सिसी फुकुयामाले आफ्नो कृति 'द इन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान' भन्ने पुस्तक (सन् १९९२) मा नेतृत्व र लोकतन्त्रको चर्चाका प्रसंगमा सो भिटोक्रेसी शब्दको प्रयोग गरेको पाइन्छ। लेखकका अनुसार यी स्वार्थ समूह आफ्नो निहित स्वार्थपूर्तिका खातिर राज्यको स्वार्थ वा सामूहिक स्वार्थसमेत रोक्न उद्यत् रहन्छन्। मौका पाउनासाथ प्रणालीभित्रै छिर्छन् पनि। अनि देशभित्र र बाहिर स्थापित पद्धति भत्काउन, स्थापित संस्थालाई विस्थापित गर्न वा कब्जामा लिने प्रयास गर्दै लोकतन्त्रलाई बन्धक बनाउनेसम्मको अभ्यासमा लाग्ने गर्छन्।' हाल चर्चित नक्कली भुटानी शरणार्थी प्रकरण अथवा ललिता निवास जग्गा प्रकरणका सन्दर्भमा संलग्न पहुँचवाला, प्रभावशाली एवं बहालवाला उच्चपदस्थ कर्मचारीसँगैका बिचौलियालाई भिटोक्रेसीको संज्ञा दिनु अनुचित नठहरिएला।




यस्तै ललिता निवास जग्गा प्रकरणमा भ्रष्टाचारको जुन आरोप छ, सो मुद्दा हाल विशेष अदालतमा विचाराधीन छ। सो मुद्दाका साथै नक्कली भुटानी शरणार्थी अथवा मानव तस्कर प्रकरण आदि यस्ता संगठित अपराध हुन्, जुन फुकुयामाको शब्द भिटोक्रेसीजस्ता स्वार्थ समूह वा गिरोहद्वारा प्रायोजित अपराध हुन्। जुन समूह सुशासनका बाधक हुन् भनी ठोकुवासाथ गर्दा अतिशयोक्ति नहोला। चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा ३० जना व्यक्तिमाथि जुन मुद्दा दर्ता भएको छ, त्यसमा १८ जना पक्राउमा परेका आरोपीको बयान समाप्त भई बहसलगायत थुनछेकको प्रक्रिया अन्तिम चरणमा पुगेको र यही ३१ जेठमा थुनछेक आदेश हुने जनाइएको छ। निष्पक्ष छानबिन नभएको, अभियोजन पनि फितलो भएको, पछि खुलेमा थप अनुसन्धान गरिने भन्दै अनुसन्धान पक्ष र अभियोजन पक्षले पन्छिने काम गरेको, शंकाको घेरामा अथवा मौकाको बयानमा पोलिएकालाई बुझ्दै नबुझी एकाएक वा हतारमा अभियोग पत्र पेस गरिएको अवस्थाबाट अनुसन्धान एवं अभियोजनसमेतका दुवै पक्षले जति नै मिहिनेत गरेका भए पनि निजहरू कहीँ न कहीँ चुकेका समाचार प्रेषित भई नै रहेको अवस्था छ। जसको चित्तबुझ्दो जवाफ सुरु अदालतमा दिन सकेको पाइँदैन।

> संवैधानिक पदाधिकारीसमेतको नियुक्तिमा मात्र नभई चुनावमा टिकट वितरण वा मनोनयनमा समेत प्रायः 'सपिङ सेटिङ' हुने गरेको सुनिन्छ। सपिङ सेटिङ गर्ने गिरोह भनेकै स्वार्थी सूत्र वा स्वार्थी समूह हो। सोही सूत्र वा समूहलाई 'भिटोक्रेसी' भनिन्छ र यसलाई सुशासनको बाधक मानिन्छ।

मुलुकमा सुशासन कायम गर्नकै खातिर नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ जारी गरिएको थियो। तर, मन्त्रिपरिषद्बाट भएका निर्णयसँग जोडिएर आउने कमिसन भ्रष्टाचार वा आर्थिक कारोबारका सन्दर्भमा कारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ बाधक रहेको भनी आयोग कारबाही गर्नबाट पन्छिँदै आएको सन्दर्भमा वर्तमान नेपालको संविधानको धारा २३९ मा भ्रष्टाचार गर्नेलाई आयोगबाट कारबाही गर्न सकिने उल्लेख गरिएको, ऐ. को धारा ५१ (ख) (४) मा भ्रष्टाचारमुक्त प्रशासन बनाउने उल्लेख गरिएको परिप्रेक्ष्यमा आयोग कम शक्तिशाली छ भन्न मिल्दैन। तर, लोकतन्त्र बहालीयता सुशासन कायम गर्ने सवालमा आयोगको भूमिका प्रभावकारी हुन नसकेको आमबुझाइ छ।

यसै सन्दर्भमा निवेदक बालकृष्ण न्यौपाने भएको ०५१ को रिट नं. २५५० को रिट समेतमा सर्वोच्च अदालतबाट आयोगसँग सम्बन्धित ऐनका दफा २, ३, दफा ४, दफा १२ समेतको विषद व्याख्या (ने.का.प. २०५३ नि.नं. ६२०५ प्रकरण ३१, मिति २०५३/६/८ मा) भई निर्वाचनताकाको घोषणापत्रमा उल्लिखित नीतिगत विषयबाहेक भ्रष्टाचार वा अनुचित कार्यको गन्ध मिश्रित सरकारको नीतिगत निर्णयमा कारबाही गर्न सकिने गरी आयोगलाई मार्गनिर्देशन भइसकेको अवस्था छ। अतः लोकतन्त्रलाई बचाउन तथा सुशासनलाई सुदृढीकरण गर्न अपरिहार्य भएको वर्तमान परिवेशको सन्दर्भमा के सांसद, के सरकार, के प्रशासक, के अख्तियार, के न्यायालय राज्यका सबै तप्का एकै स्थानमा उभिई मुलुक अब नयाँ कोर्समा जानुपर्छ, ताकि दोषीहरू कुनै हालतमा उम्किन नपाऊन् तथा भिटोक्रेसी परास्त होओस्।

वास्तवमा नियत र नीतिमा खोट नभई दालमा दाग त्यसै देखिँदैन। कानुनी शासनमा व्यक्तिको होइन, विधि, पद्धति एवम् मापदण्डका आधारमा शासन सञ्चालन हुने हो। त्यसैले, कानुनी शासन एवं सुशासन पालना शासक वा नेतृत्वको भाषणमा मात्र होइन, व्यवहारमा पनि देखिनु आवश्यक हुन्छ भनिएको हो। सुशासनको दृढतापूर्वक कार्यान्वयनको सुरुवात शासक वर्गबाटै हुनुपर्छ। देशको मुलुकी प्रशासनमा हाबी हुँदै गएको भिटोक्रेसीको भर्सेजमा सुशासन कायम गर्नु जरुरी भएको छ। देशमा भ्रष्टाचार नियन्त्रण तथा सुशासनकै खातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना गरिएको थियो। सो सन्दर्भमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीले चिन्ता व्यक्त गर्दै भन्नुभएको छ- संसद् विघटन गरेर, अध्यादेश जारी गरेर, संसदीय सुनुवाइ छलेर, दुईजना मात्र बसेर, भागबन्डा लगाएर नेतृत्व नियुक्त गरी अख्तियारलाई ध्वस्त बनाइयो। सुशासन स्थापनामा महत्त्वपूर्ण भूमिका भएको अख्तियारलाई भर्ती केन्द्र बनाइयो।

चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणको मुद्दाको कारबाहीप्रति आमदेशवासीका साथसाथै अन्तर्राष्ट्रिय जगत्को ध्यान अदालततर्फ केन्द्रित छ। यतिखेर अदालतले आफ्नो साख कसरी जोगाउँछ, अर्थात् दोषी नउम्कियोस् निर्दोष नफसोस् भन्ने सवालमा अदालत कति संवेदनशील हुन्छ भन्नेमा सर्वत्र चासो रहेको बुझिन्छ।

यसै सन्दर्भमा अमेरिकी विधिशास्त्री फिलिपको 'कानुन त माकुराको त्यो जालो हो, जसमा साना किराफट्याङ्ग्रा परेमा फसिहाल्छन्। ठूला भ्यागता परे भने माकुराको जालो नै च्यातिदिन्छन्' भन्ने भनाइ सान्दर्भिक देखिन्छ। अतः दोषी नउम्कोस्, निर्दोष नफसोस् भन्ने फौजदारी न्यायको सर्वमान्य मान्यताअनुसार अनुसन्धान र न्यायिक सुनुवाइको पाटो स्वच्छ र निष्पक्ष हुनुपर्छ भनिएको हो। तर, विडम्बना, नेपालको फौजदारी न्याय प्रणाली दिनप्रतिदिन फितलो अथवा कमजोर हुँदै गएको देखिन्छ।

अन्त्यमा, हाल चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणसँगै विगतदेखिका अन्य चर्चित काण्ड वा प्रकरण जुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण आयोग अथवा प्रहरी कार्यालय, जहाँ भए पनि सबैमा प्रभावकारी छानबिन एवं अनुसन्धान गरी कानुनी दायरामा ल्याएर घुम्टोभित्रका वा भूमिगत रहेका दोषीलाई समेत सतहमा ल्याई ती सबै दोषीलाई यथोचित दण्डित गराई आमनागरिकमा सुशासन एवं कानुनी शासनको अनुभूत गराउने दिशामा वर्तमान सरकारका प्रयास वा पहल कोसेढुंगा प्रतीत हुन सकोस् भन्ने आमअपेक्षा छ।

*(आचार्य उच्च अदालतका पूर्वन्यायाधीश हुन्)*

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक तथा कांग्रेस नेता **लोकेश ढकाल**लाई



**कांग्रेस नेतृत्वले केन्द्रीय समिति बैठक छल्ने तथा विभाग र भ्रातृ संस्थालाई अलपत्र पार्ने काम किन गरिरहेको होला ?**

यो सब नेतृत्वको स्वेच्छाचारिता तथा गैरजिम्मेवारीको पराकाष्ठा हो। आफूलाई प्रजातान्त्रिक भनाउने नेताहरूले पार्टीका आन्तरिक फोरममा विरोध हुन्छ भनेर केन्द्रीय समिति बैठकबाट भाग्नुजस्तो लाजमर्दो अवस्था अर्को के नै होला र ? फेरि नेतृत्वको विरोध गर्नेहरू पनि आफ्नो बाटोमा प्रस्ट छैनन्। पार्टी नेतृत्व र उसको विरोध गर्ने कसैको पनि अनुहार उज्यालो देखिँदैन। यति कमजोर, गतिहीन र पदलोलुप नेतृत्व कांग्रेसको इतिहासमै अर्को कुनै थिएन।

**पार्टीमा 'अर्ली' महाधिवेशनको मुद्दा पनि उठिरहेको छ। त्यो कति सम्भव देखिन्छ ?**

पार्टीमा विशेष महाधिवेशनको जोडदार माग गर्ने र त्यसलाई निष्कर्षमा पुऱ्याउने हुती र ल्याकत विरोधी समूहमा पनि देखिँदैन। नेतृत्वले त विशेष महाधिवेशन छल्ने प्रयास गर्ने नै भयो। अहिले विशेष महाधिवेशन टार्ने नीति महाधिवेशनको हल्ला चलाइएको छ। पार्टी नेतृत्वले पनि आफ्ना विरोधी समूहभित्र द्वन्द्व गराएर विरोधी आवाज मत्थर पार्न चलखेल गरिरहेको देखिन्छ। पार्टीमा नेतृत्वको विरोध गर्ने पराक्रमी कार्यकर्ताभन्दा पनि परिक्रमामा विश्वास गर्ने पंक्ति हाबी छ।


**यस्तोमा कांग्रेस रूपान्तरण कसरी सम्भव होला त ?**

पार्टीको रूपान्तरण भनेको के हो ? शेरबहादुर देउवाको स्थानमा कुनै अर्को बहादुर आउँदैमा पार्टीको रूपान्तरण हुने होइन। रूपान्तरणका लागि त पार्टीले बिपी, गणेशमान, किशुनजीहरूको आदर्श पछ्याउन सक्नुपर्छ। स्थापनाकालीन सिद्धान्तलाई व्यवहारमा उतार्न सक्नुपर्छ।

---

प्रेरक प्रसंग

## दुर्गुणमाथिको अंकुश



एकजना ज्योतिष केवल अनुहार हेरेर व्यक्तिको चरित्र बताउने दाबी गर्थे। एकपटक उनी घुम्दै जाँदा ग्रिसका चर्चित दार्शनिक सुकरातका अगाडि पुगे। त्यतिखेर सुकरात आफ्ना शिष्यलाई वरिपरि जम्मा गरेर बसेका थिए। सुकरातको विचार जति राम्रो थियो, उनी अनुहारमा उति नै कुरुप थिए। उनलाई पहिलोपटक देख्ने कुनै पनि अपरिचित मान्छेले उनी त्यति महान् विचारक हुन् भन्ने अनुमानसम्म गर्न सक्दैनथ्यो।

अनुहार हेरेकै भरमा व्यक्तिको चरित्र बताउने दाबी गर्ने ज्योतिषले सुकरातको अगाडि आइपुग्नेबित्तिकै भने, 'यो मानिसमा क्रोध नै क्रोध भरिएको छ। यसको नाक हेर्दा यस्तै लाग्छ।' ज्योतिषको यस्तो भनाइ सुनेर त्यस स्थानमा उपस्थित सुकरातका शिष्य आवेशमा आए। तैपनि, नडराई ती ज्योतिषले अगाडि भने, 'निधार र टाउकोको रचनाअनुसार यो मानिस निश्चित रूपले एक लोभी मानिस हुनुपर्छ। यसको चिउँडोबाट थाहा हुन्छ कि यो मानिस अत्यन्त सनकी छ। यसको ओठ र दाँतको आकार हेर्दा लाग्छ, यो मानिस सदा देशद्रोहका लागि लालायित रहन्छ। यो सुनेर सुकरातले ती ज्योतिषलाई राम्रो पुरस्कार दिएर बिदा गरे। सुकरातका शिष्य यो सब देखेर अचम्ममा परे।

सुकरातले पनि शिष्यहरूको आश्चर्य बुझे। उनले तिनको आश्चर्य हटाउनका लागि भने, 'सत्य लुकाउनु बेकार छ। ज्योतिषले जति दुर्गुण बताए, ती सबै ममा छन्। म त्यो सब स्वीकार गर्छु। ज्योतिषले केवल एउटा भूल गरे, उनले मेरो विवेकमा ध्यान दिएनन्। म आफ्नो विवेकको शक्तिले सबै दुर्गुणमा अंकुश लगाएर राख्छु। ज्योतिषले यो बताउन भने बिर्सिए।'

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### कृषि क्षेत्रका समस्या बुझौँ

यतिखेर देश आर्थिक संकटमा फसेको देखिन्छ। यो समस्या एक, दुई वा तीन वर्षका हाम्रा गतिविधिले मात्र निम्तिएको होइन। कुनै एक दल, सरकार र नेता मात्र यसका लागि जिम्मेवार छैनन्। अर्थतन्त्रमा देखिएको संकटको सबैभन्दा ठूलो मार कृषकलाई पर्ने रहेछ। अहिले ससद्मा बजेटमाथि छलफल केन्द्रित भएको छ। प्रदेशको लगभग बजेट बनिसकेको छ र स्थानीय सरकार बजेटका लागि परामर्शमा छ। तीनै तहका सरकारले कृषि क्षेत्रको उत्थानका लागि केही गर्नु र सोच्नुपर्ने अवस्था छ। हामी सबैले आआफ्ना स्थानबाट कृषिबारे बोल्दा, लेख्दा र बुझ्दा देशको आर्थिक समस्या हल गर्न टेवा पुग्थ्यो कि ?

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

### किसानलाई राहत देऊ

लामो खडेरीले गर्दा एकातिर किसानले खेतबारीमा लगाएको मकै सुकेको छ भने अर्कातिर बर्खामा रोपाइँ गर्नका लागि धानको बिउ राखिएको ब्याडमा धाँजा फाटेर छियाछिया भएको छ। यस्तो अवस्थामा किसानहरू प्रकृतिको चर्को मारमा परेका छन्। त्यसैले, अब कृषिलाई गार्हस्थ उत्पादनको मुख्य आधार मान्ने सरकारले क्षतिको विवरण संकलन गरी राहत दिन सक्नुपर्छ। किनकि, किसान पटक-पटक यस्ता प्राकृतिक विपत्तिको सिकार हुँदै आएका छन्। त्यसैले, सरकारले तत्काल यस विषयमा सोचोस्।

● **सरला डंगोल**
कीर्तिपुर, काठमाडौं

### नाममा झमेला किन ?

प्रदेश १ को नाम 'कोसी' राखेपछि प्रदेशको नामलाई लिएर सो प्रदेशभित्र निकै झमेला बढिरहेको देखिन्छ। सुरुदेखि नै पहिचानमा आधारित नाम राखिनुपर्ने माग गर्दै आएका सो क्षेत्रका जनताले अहिले राखिएको 'कोसी' नामलाई स्विकार्न सकेको देखिन्न। हुन त नाममा के नै राखेको छ र विवाद चर्काइरहनु ? तर, नाममा केही छैन भने आखिर पहिचान पक्षधर नाम नै राखिदिँदा पनि के नै फरक पर्ला र ? त्यसैले नाममा झमेला नगर।

● **शुकदेव यादव**
जलेश्वर, महोत्तरी

### संसद् चटक देखाउने थलो हो ?

केपी शर्मा ओलीको तत्कालीन शासनमा राज्यशक्तिमा चरम दुरुपयोग गरिनुको हिसाब संसद्बाहिर र भित्र खोजी भइरहेको छ। काण्डैकाण्डको भारी बोकेर देश र जनताका लागि अनावश्यक बोझ बनेको आफ्नो सरकारका पालामा भएमा काण्डका फाइल खोलेर अनुसन्धान गर्दा दोषी देखिए म कारबाही भोग्न तयार छु भनेर उनले किन भन्न नसकेका होलान् ?

ओलीले मात्र होइन, शेरबहादुर देउवालगायत पूर्वप्रधानमन्त्रीहरूले पनि आफ्नो कार्यकालमा भएका भनिएका काण्डहरूको छानबिन गर्दा आफू र आफ्नो मन्त्रिपरिषद्का सदस्य दोषी ठहरिए आफूहरू कारबाही भोग्न तयार रहेको सार्वजनिक घोषणा गर्न सक्नुपर्छ। अझ ओलीको कार्यकालमा भएको आर्थिक गोलमाल र सरकारले गरेका कामकारबाहीका विषयमा त संसद्मा प्रश्न उठ्नै नहुने रे! कस्तो अचम्म हो यो ? तिललाई पहाड बनाएर सत्ताविरुद्ध सत्तोसरापमा उत्रिने र संसद् अवरुद्ध गर्ने रणनीतिमा एमाले लागेको देखिन्छ। संसद् अहिले पनि पुरानै ढर्रा र चिन्तनको सिकार भएको छ।

संसद् चटकेले चटक देखाउने घर हो र ? के यहाँ जसलाई जे गर्न मन लाग्यो, त्यही गर्ने छुट छ हो ? यहाँ नियम र कानुनले कसैलाई छुँदैन हो ? प्रमुख प्रतिपक्षी दलको काम संसद्मा रडाको मच्चाएर जतातत्तै भताभुंग र गन्जागोल अवस्था सिर्जना गर्ने मात्र हो ? देश र नागरिकप्रतिको जिम्मेवारीबोध यिनमा हुँदैन हो ? संसद्मा हुल बाँधेर देउसी खेल्न पठाएका हुन् र तिनलाई जनताले ?

● **गम्भीरजंग आचार्य**, सुनकोसी गापा-५, सिन्धुली

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# युक्रेनी बाँधको विनाश र युद्धको भविष्य

## निप्रो नदीको बाँध फुट्नुमा जोसुकै जिम्मेवार भए पनि यसलाई सम्भावित युद्ध अपराध र आतंककारी कार्यका रूपमा लिइएको छ



देश/विदेश

● क्रिस्टोफर मोरिस

नोभा काखोभका बाँध फुटेर उत्पन्न व्यापक मानवीय र पारिस्थितिक समस्याका कारण युद्धरत युक्रेनले आक्रामक कदम चाल्नका लागि ठूलो कठिनाइ व्यहोरिरहेको छ। द्वन्द्व निर्णायक बिन्दुमा पुगेका वेला बाँध प्रभावित क्षेत्रबाट नागरिकलाई राहत उपलब्ध गराउनुपर्ने र स्थानान्तरण गर्नुपर्ने भएकाले युक्रेनको जनशक्ति र स्रोत दुवै क्षीण हुँदै गइरहेका छन्। यसले रुसलाई लाभ पुऱ्याएको छ। युक्रेनले आपत्कालीन प्रतिक्रिया लागू गरिसकेको अवस्थामा पनि रुससँग मानवीय सहयोग गर्ने क्षमता वा इच्छाशक्ति देखिँदैन।

बाँध फुटेर दर्जनौँ गाउँमा बाढी पसेपछि हजारौँले आफ्नो घर छाड्नुपर्ने अनुमान गरिएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसअघि नै अन्तर्राष्ट्रिय समुदायलाई तत्काल सहायता प्रदान गर्न आह्वान गरिसकेका छन्। किएभ र मस्को दुवैले उद्धार गरिएकामाथि बम बर्साएको भन्दै आरोप-प्रत्यारोप गरिरहेका छन्। निप्रो नदीमा रहेको बाँधको विनाशका लागि को जिम्मेवार छ भनेर अहिलेसम्म निर्क्योल हुन सकेको छैन। तर, यस दुर्घटनालाई सम्भावित युद्ध अपराध र आतंककारी कार्यका रूपमा लिइएको छ र धेरैले रुसतर्फ यस युद्ध अपराधका लागि औँलो सोझ्याएका छन्। विस्तृत विवरण स्पष्ट हुन अझ केही समय लाग्नेछ तर दुर्घटनाले निश्चित रूपमा युद्धमैदानका गतिविधिलाई प्रभावित पार्नेछ।

बाँध फुटाउने गरी हुने हमलालाई सैन्य रणनीतिको एक हिस्साका रूपमा हेर्न सकिन्छ। आखिर फेब्रुअरी २०२२ मा युक्रेनले इरपिनको बाँध फुटाउँदा यसले युद्धको सुरुवाती दिनमा रुसी सेनालाई किएभ पस्नबाट रोकेको थियो। यद्यपि अहिलेको बाँध फुटेको अवस्थामा युक्रेनलाई सैन्य फाइदा अपेक्षाकृत रूपमा कम छ, अर्थात् बाढीका कारण निम्तिएको ठूलो र व्यापक विनाशसामु हुने सैन्य लाभलाई पुष्टि गर्न सकिँदैन। बाँधमा भएको क्षतिका कारण पानीको बढ्दो तहले युद्धमा केही प्रभाव पार्ने निश्चित छ। बाँकी भएका पूर्वाधारलाई समेत जोखिम हुने भएकाले आउँदा दिनमा नदीलाई तल्लो तटीय क्षेत्रमा प्रवाहित गर्न गाह्रो हुनेछ।

बाढीग्रस्त जमिनलाई ट्यांक र तोपखानाको भार वहन गर्न पनि हम्मे हम्मे हुनेछ। प्रकोपको गम्भीरतालाई हेर्दा विस्थापित जनसंख्याको उपस्थितिले यस क्षेत्रमा हुने जुनसुकै कारबाहीलाई थप जटिल बनाउनेछ। नतिजा अग्रपंक्तिको ठूलो क्षेत्रमा युक्रेनी सेनाको पहुँचमा अहिले अवरोध पुगेको छ र यसले रुसलाई निकै सजिलो गर्नेछ अर्थात् रुस कम रक्षात्मक हुनुपर्नेछ।

यी कारक महत्त्वपूर्ण छन् र यिनले युक्रेनको दृष्टिकोणबाट युद्धक्षेत्रको गतिशीलतालाई जटिल बनाउनेछन्, तर बृहत् परिदृश्यमा क्षेत्रीय शक्तिको अन्तर्निहित सन्तुलन अप्रभावित नै रहनेछ। युक्रेनी सेनाले यस द्वन्द्वमा सुरुदेखि नै आफ्नो अनुकूलन क्षमता प्रदर्शन गर्दै आएको छ र यो अनुकूलनले युक्रेनी सेनालाई आउने चरणमा राम्रैसँग सघाउनेछ। पश्चिमी साझेदारले उपलब्ध गराएको तालिम र संयन्त्रलाई समाहित गरेपछि युक्रेनी प्रत्याक्रमण बलले यस्ता परिस्थितिमा प्रभावकारी रूपमा अनुकूलन गर्न सक्ने क्षमता राख्नेछन्।

हालको युक्रेनको कारबाहीले युक्रेनी थलसेनाले दक्षिण र पूर्वमा रुसी कमजोरीको प्रभावकारी ढंगले तहकिकात गरिरहेको छ। यी बढिरहेका साना कारबाही वा ठूला परिस्थिति निर्माणका लागि गरिने कारबाहीले खुफिया जानकारी बटुल्न र रुसी सेनालाई नियन्त्रण गर्न मद्दत गरिरहेको छ। युक्रेनी नेतृत्व विशेषतः मौन रहन्छ, तर जब युक्रेनको अधिक सुसज्जित ब्रिगेड अगाडि बढ्छ, उनीहरूले युद्धको मैदानलाई आफ्नो पक्षमा ल्याउन उल्लिखित प्रयासबाट लाभ उठाउँछन्।

नोभा काखोभका बाँध फुट्नुले रुसी सेनाको स्थितिमा सुधार आउने सम्भावना छैन। निकट भविष्यमा छोटो समयका लागि रुसका लागि प्रतिरक्षा गर्न अग्रमोर्चा कम हुन सक्छ। यसका बाबजुद नेतृत्वमा खलबली मच्चिएका वेला रुसलाई कुनै पनि आक्रमणको जवाफ दिन गाह्रो हुनेछ र रुससँग भएका उपकरण र मानव संशाधन अझै पनि न्यून गुणस्तरका छन्।



तस्बिर : निकोलस क्ल्युट/एलामी

यदि नोभा काखोभका बाँध भत्किनु पुरानो घटनाको पुनरावृत्ति हो भने (युक्रेनी चाल हो भने) त्यो असफल हुनेछ। अर्थात्, यसअघि इरपिन बाँध भत्काएर युक्रेनले किएभमा रुसी आक्रमण रोक्न प्रयास गरेको थियो, तर अहिले नोभा काखोभकामा यस्तै गरिएको हो भने त्यो गल्ती हुनेछ। पक्कै पनि यस्तो प्रकृतिको घटना रुसका लागि घातक साबित हुन सक्थ्यो, यदि यो आक्रमण भइरहेका वेला भएको थियो भने। किनभने, रुसको सख्त कमान्ड संरचना र आघातग्रस्त थलसेना तुरुन्तै प्रतिक्रिया दिन सक्षम हुने थिएन। यद्यपि यो रुसको क्षण होइन।

तालिम र उपकरणमा बढ्दो असमानताका साथसाथै घटनाले सम्बन्धित पक्षबीचको मानसिकता र अनुकूलन गर्ने क्षमतामा रहेको गहिरो भिन्नतालाई झल्काउँछ। दुर्भाग्य, युद्ध चलिरहँदा युक्रेनी पूर्वाधारमा थप आक्रमण बढ्ने सम्भावना हुन्छ। र, रुस आफूले नियन्त्रण गर्न नसक्ने कुरालाई भत्काउन वा क्षति पुऱ्याउन चाहन्छ। यति भन्दै गर्दा युक्रेनी पक्षका लागि भने यो एक कठिनाइ हो, जुन पार गर्न भने सकिन्छ।

वास्तवमा नागरिक पूर्वाधारमा हुने आक्रमणले द्वन्द्वको स्वरूपलाई खासै प्रभाव पार्दैन, तर विध्वंसको रुसी रणनीति युक्रेनी पक्षलाई भएजत्तिका सबै माध्यमबाट पीडा दिनु रहेको छ भन्ने देखाउँछ। नतिजा युक्रेनमा विध्वंस मच्चाइएका क्षेत्रलाई रुसले कहिल्यै आफ्नो भविष्यको सम्पत्ति नमान्ने भन्ने देखाउँछ। बरु रुस यी क्षेत्रमा आफ्नो दबदबा छ भने मात्रै देखाउन चाहन्छ।

*(मोरिस पोर्टस्माउथ विश्वविद्यालयका रणनीतिसम्बन्धी अध्येता हुन्)*

*द कन्भर्सेसनबाट*

# एक दशकमा विश्वव्यापी तापमान ०.२ डिग्री सेल्सियस वृद्धि

वैज्ञानिकहरूको अध्ययनअनुसार सन् २०१३ देखि २०२२ को अवधिमा कार्बनडाइअक्साइड उत्सर्जन औसत वार्षिक ५४ अर्ब टन थियो



**एजेन्सी**

कीर्तिमानी हरितगृह ग्यास उत्सर्जन र घट्दो वायु प्रदूषणले विश्वव्यापी तापमानमा अतुलनीय तीव्रता निम्त्याएको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । विश्वका ५० शीर्ष वैज्ञानिकले एक बृहत् जलवायु विज्ञान अपडेटमा उक्त चेतावनी दिएका हुन् । सन् २०१३ देखि सन् २०२२ सम्म 'मानव सिर्जित तापक्रम प्रतिदशक ०.२ डिग्री सेल्सियसभन्दा बढीको अभूतपूर्व दरमा बढ्दै गएको छ,' नीति निर्मातालाई लक्षित एक सहकर्मी-समीक्षा अध्ययनमा उनीहरूले भनेका छन् ।

अध्ययनअनुसार सोही अवधिमा औसत वार्षिक उत्सर्जन ५४ अर्ब टन कार्बनडाइअक्साइड (अहिलेसम्मकै उच्च) वा अन्य ग्यासमा यसको समतुल्य थियो, जुन प्रत्येक सेकेन्डमा करिब १७ सय टन उत्सर्जन हो ।

विश्व नेताहरूले यस वर्षको अन्त्यमा दुबईमा कोप २८ जलवायु शिखर सम्मेलनमा नयाँ तथ्यांकको सामना गर्नेछन्, जहाँ संयुक्त राष्ट्रसंघीय वार्तामा 'ग्लोबल स्टकटेक'ले सन् २०१५ को पेरिस सम्झौताको तापक्रम लक्ष्यमा भइरहेका प्रगतिको समीक्षा गर्नेछ ।

'हामी अझै १.५ डिग्री सेल्सियसको तापक्रममा नभए पनि कार्बन बजेट'(१.५ डिग्री सेल्सियसको सीमा ननाघी मानिसले उत्सर्जन गर्ने हरितगृह ग्यासको मात्रा) 'केही वर्षमा मात्रै समाप्त हुनेछ,' प्रमुख लेखक तथा लिड्स विश्वविद्यालयमा भौतिकशास्त्रका प्राध्यापक पियर्स फोर्सटरले भने ।

फोर्सटर र सहकर्मीअनुसार उक्त बजेट संयुक्त राष्ट्रको जलवायु विज्ञान सल्लाहकार निकाय जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी) ले सन् २०२१ मा आफ्नो हालको मानक प्रतिवेदनका लागि तथ्यांक संकलन गरेदेखि आधाले संकुचित भएको छ ।

## अनपेक्षित परिणाम

१.५ सेन्टिग्रेड सीमामुनि रहने अवसर प्राप्त गर्नका लागि कार्बन डाइअक्साइड, मिथेन र जीवाश्म इन्धन जलाएर उत्पन्न हुने तापक्रममा अन्य कारकको उत्सर्जन २५० अर्ब टन (जिटी) भन्दा बढी हुन नहुने वैज्ञानिकहरूले सुझाब दिएका छन् ।

पेरिस सम्झौताको तापक्रम लक्ष्यलाई कार्यान्वयनका लागि सन् २०३० सम्म कार्बनडाइअक्साइड प्रदूषण कम्तीमा ४० प्रतिशत घटाउनुपर्नेछ र शताब्दीको मध्यसम्ममा यसलाई पूर्ण रूपमा उन्मूलन गर्न आवश्यक रहेको आइपिसिसीले गणना गरेको छ । विडम्बनाको विषय के छ भने पछिल्लो दशकको एउटा ठूलो जलवायु सफलताको कथाले अन्जानमा विश्वव्यापी तापमानको गतिलाई तीव्र पारेको एउटा नयाँ तथ्यांकले खुलासा गरेको छ ।

> पेरिस सम्झौताको तापक्रम लक्ष्य कार्यान्वयनका लागि सन् २०३० सम्म कार्बनडाइअक्साइड प्रदूषण कम्तीमा ४० प्रतिशत घटाउनुपर्नेछ

ऊर्जा उत्पादन गर्न कोइलाको प्रयोगमा आएको क्रमिक गिरावट (तेल वा ग्यासभन्दा उल्लेखनीय रूपमा अधिक कार्बन गहन)ले कार्बन उत्सर्जनको वृद्धिलाई सुस्त बनाएको छ । तर, यसले सूर्यको प्रकाशबाट पृथ्वीलाई जोगाउने वायु प्रदूषणलाई पनि कम गरेको छ ।

सम्पूर्ण स्रोतबाट आउने कण प्रदूषणले तापक्रमलाई लगभग आधा डिग्री सेल्सियसले ओसिलो बनाउँछ, जसको मतलब छोटो अवधिमा हावा सफा हुनेबित्तिकै धेरै ताप ग्रहको सतहमा पुग्छ ।

अर्थ सिस्टम साइन्स डाटा नामक जर्नलमा प्रकाशित उक्त अध्ययन आवधिक मूल्यांकनको शृंखलामा पहिलो हो, जसले सन् १९८८ देखि औसत हरेक ६ वर्षमा जारी गरिएको आइपिसिसीका प्रतिवेदनका अन्तरलाई भर्न मद्दत गर्नेछ ।

## घातक ताप

'विश्वव्यापी परिवर्तनका प्रमुख सूचकको वार्षिक अपडेटले अन्तर्राष्ट्रिय समुदाय र देशहरूलाई जलवायु परिवर्तनको संकटलाई सम्बोधन गर्ने अत्यावश्यकतालाई एजेन्डाको शीर्षमा राख्न मद्दत गर्न अपरिहार्य छ,' चिलीका वातावरणमन्त्रीसमेत रहेका सहलेखक, वैज्ञानिक वाताव माइसा रोजास कोराडीले भनिन् ।

उनले अगाडि थपिन, 'जलवायुजन्य जोखिमको तिब्रतालाई सीमित गर्न जलवायु कार्यको गति र मापन पर्याप्त छैन् ।' अनुसन्धानकर्ताहरूले सन् २०००देखि समुद्री क्षेत्रबाहेक जमिन क्षेत्रमा चकित पार्ने तापक्रम वृद्धि भएको पनि रिपोर्ट गरेका छन् ।

'जमिनको औसत वार्षिक अधिकतम तापक्रम सहस्राब्दीको पहिलो दशकको तुलनामा (१.२२ डिग्री सेल्सियस) पछिल्ला दश वर्षमा (१.७२ डिग्री सेल्सियसभन्दा बढी) मा आधा डिग्री सेल्सियसले न्यानो भएको छ' अध्ययनमा भनिएको छ ।

# अस्ट्रेलियामा बस दुर्घटना, १० को मृत्यु

**सिड्नी**/ अस्ट्रेलियाको सिड्नीनजिकै भएको एउटा क्षेत्रमा विवाह समारोहमा आएका पाहुना चढेको बस अनियन्त्रित भई पल्टिँदा १० जनाको मृत्यु भएको छ । स्थानीय एक बगैँचामा विवाह समारोहबाट आएका पाहुनालाई लिएर जाँदै गर्दा उक्त बस दुर्घटनामा परेको हो । बस चोकको प्रवेशद्वारमा ठोक्किएपछि फुटपाथमा पल्टिएको थियो । दुर्घटनापछि एक दर्जनभन्दा बढी आपत्कालीन कामदार घटनास्थलमा पुगेका र उनीहरूले २० जनाभन्दा बढीलाई अस्पताल पुऱ्याएका थिए । एक घाइतेको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । सामाजिक सञ्जालमा सेयर गरिएको विवाहको तस्बिरमा दुर्घटना हुनुभन्दा केही घन्टाअघि स्थानीय पाहुनाले बगैँचाको खाली भागमा भेला भई तस्बिर खिचाएका देख्न सकिन्छ ।

## इतिहासमा आज — जुन १३



**सन् २०००** : उत्तर र दक्षिण कोरियाली नेताबीच ऐतिहासिक भेटवार्ता । दक्षिण कोरियाका तत्कालीन राष्ट्रपति किम दाय जुङको पहलमा वार्ता भएको थियो । उनको सनसाइन नीति कार्यान्वयनका लागि उनलाई सन् २००० मा नोबेल शान्ति पुरस्कार वितरण गरिएको थियो ।

- **सन् १९७१** : न्युयोर्क टाइम्सद्वारा पेन्टागन पेपर्स प्रकाशन । भियतनाम युद्धमा अमेरिकाको संलग्नताको उक्त गोप्य अध्ययनले भियतनाम र छिमेकी देशमा अमेरिकी गतिविधिको मापनबारे सरकारको झुट खुलासा गऱ्यो ।
- **सन् १९८३** : पायोनियर १० केन्द्रीय सौर्यमण्डल छोड्ने पहिलो मानव निर्मित वस्तु । अमेरिकी अन्तरिक्ष अनुसन्धानले नेप्च्युनको कक्ष पार गऱ्यो, जुन समय सूर्यबाट सबैभन्दा टाढाको ग्रहको रूपमा वर्गीकृत गरिएको थियो ।
- **सन् २००२** : एन्टी ब्यालेस्टिक मिसाइल सन्धिबाट बाहिरिएको अमेरिकी घोषणा । सन् १९७२ मा सोभियत संघ र अमेरिकाले एबिएम सन्धिमा हस्ताक्षर गरेका थिए । यसले आणविक क्षेप्यास्त्रविरुद्ध एन्टी ब्यालेस्टिक मिसाइल कवजको स्थापनालाई नियमन गऱ्यो ।
- **सन् २००५** : १४ साता लामो सुनुवाइपछि अमेरिकी पप गायक माइकल ज्याक्सनलाई बाल दुर्व्यवहार मुद्दामा सफाइ ।

# इटलीका पूर्वप्रधानमन्त्री सिल्भियो बर्लुस्कोनीको निधन

**रोम**/ इटलीका पूर्वप्रधानमन्त्री सिल्भियो बर्लुस्कोनीको ८६ वर्षको उमेरमा निधन भएको छ । उनको उपचारका क्रममा मिलानको सान राफेले अस्पतालमा निधन भएको हो । उनी रक्त क्यान्सरबाट ग्रसित थिए । स्वास्थ्य परीक्षणका लागि उनलाई शुक्रबार अस्पताल भर्ना गरिएको अस्पतालले जनाएको छ । उनी चारपटकसम्म देशको प्रधानमन्त्री बनेका थिए । बुधबार मिलान क्याथेड्रलमा उनको अन्त्येष्टि गरिने प्राप्त विवरणमा जनाइएको छ । उनी इटलीको ज्वलन्त मिडिया सम्राटसमेत थिए । आफ्नो जीवनकालमा बर्लुस्कोनीले मिडिया, घरजग्गा, वित्त, सिनेमा र खेलकुदमा फैलिएको विशाल साम्राज्य निर्माण गरेका थिए ।



सन् १९९३ मा इटलीका तीन सहरमा भएका शृंखलाबद्ध बम विस्फोटमा उनको कथित संलग्नतामा धेरैपटक अनुसन्धान गरिएको थियो । ती विस्फोटमा १० जनाको मृत्यु भएको थियो । बर्लुस्कोनीलाई कथित रूपमा हिंसालाई प्रोत्साहन गरेको आरोप लगाइएको थियो । आफूमाथि लागेका सबै आरोप उनले अस्वीकार गरेका थिए । करछलीको आरोपमा उनलाई सार्वजनिक पदमा प्रतिबन्ध लगाइएको नौ वर्षपछि सन् २०२२ को सेप्टेम्बरमा उनी इटलीको संसद्मा पुनः सिनेटका रूपमा निर्वाचित भएका थिए ।


मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

जनकपुरधाम, धनुषा, नेपाल

**बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति : २०८०/०२/३०

यस मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर, बाराको लागि कृषि ट्रयाक्टर र इक्युपमेन्ट खरिद सम्बन्धी मिति २०७९/११/१७ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएको बिद्युतीय बोलपत्रहरु मध्ये कृषि ट्रयाक्टर खरिदका लागि देहायमा उल्लेख भएको बोलपत्र न्यूनतम सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम र सोही ऐनको ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | टेण्डर नम्बर | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| १. | NCB/MOLMACMP/eBQ06/07/079-80/Goods | श्री एन.एल.आर. मोटो मेनिया प्रा.लि., बीरगंज, पर्सा | १८,६४,५००।०० |



**Dhunibeshi Municipality**

**Khanikhola, Dhading**

**Invitation for Sealed Quotation for the procurement of supply and delivery of 55 inch 4K UHD LED Smart TV**

**Sealed Quotation No: 39/GOODS/SQ/DM/079/080**

**Date of First Publication: 28-05-2023**

**Date of Second Publication: 13-06-2023**

1. The **Dhunibeshi Municipality, Dhading** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of s**upply and delivery of 55 inch 4K UHD LED Smart TV.** Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dhunibeshi Municipality, Dhading** or may visit PPMO website www.bolpatra.gov.np.
2. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit NPR.1000 for the cost of bidding document in the following account
Name of the Bank: **Rastriya Banijaya Bank, khanikhola, Dhading**.
Office Account no.: **1080100301010003**
3. electronic bids must be submitted to the office of Dhunibeshi Municipality, Dhading by through e-GP system i.e www.bopatra.gov.np/egp on or before **12:00 on 28th June 2023**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 28th June 2023**. at the office of **Dhunibeshi Municipality, Dhading**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **59400**, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account **No.108010303000003 at Rastriya Banijaya Bank, Khanikhola** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय कोहलपुर, बाँकेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०२/३० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कोहलपुर, बाँकेबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार १३ गते बुधबार**का दिन शाखा कार्यालय कोहलपुर, बाँकेमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

**तपसिल**

**ऋणीको विवरण:**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय बाँके, नेपालगञ्जमा मिति २०७०/०६/१५ मा प्रा.फा.र.नं. २२७०७/०७०/७१ स्था.व्या कायम भई दर्ता रहेको बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **के.सी. सप्लायर्स ।**

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. मित्र लाल खत्री/छलि खत्रीको छोरी, नदु खत्री/जोतिका खत्रीको बुहारी, झुपलाल खत्रीको पत्नी, बाँके जिल्ला, राप्तीसोनारी गा.पा. वडा नं.०८ (साबिक बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं.०७) बस्ने **लक्ष्मी देवी खत्री** (ना.प्र.नं. ११८६२, जारी मिति २०६०/०४/३२, जिल्ला प्रशासन कार्यालय बाँके) ।
२. अगवीर खत्रीको नाति, नदु खत्री/जोतिका खत्रीको छोरा, लक्ष्मी देवी खत्रीको पति, बाँके जिल्ला, राप्तीसोनारी गा.पा., वडा नं.०८ (साबिक बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं.०७) बस्ने **झुपलाल खत्री** (ना.प्र.नं.१/७२, जारी मिति २०५२/०५/०८, जिल्ला प्रशासन कार्यालय बाँके) ।

**लिलाम हुने सम्पतीको विवरण:**

१. **झुपलाल खत्री**को नाममा मालपोत कार्यालय बांकेमा दर्ता कायम रहेको बाँके जिल्ला, रझेना गा.वि.स./न.पा., वडा नं. ९ स्थित कित्ता नं. ५५८ को क्षेत्रफल १७३.५५(व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **झुपलाल खत्री**को नाममा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ९०९ को क्षेत्रफल ९२ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **झुपलाल खत्री**को नाममा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३९९ र ४०२ को क्षेत्रफल क्रमश ४०.६२ र १२०.२२ (व.मी) तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. धनी कुमारी बैंक लि र ऋणी **के.सी सप्लायर्स** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलय नेपालगञ्जमा दर्ता रहेको इन्जिन नं. C328609818NY, चे. नं CNY3048000540, सवारी नं भे १ त ९९१९ Indo Farm Tractor 3048 DI-2019 थान १ ।
५. धनी कुमारी बैंक लि र ऋणी **के.सी सप्लायर्स** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलय नेपालगञ्जमा दर्ता रहेको इन्जिन नं. IF4088000618NY र चे. नं KNY552WD00174CM सवारी नं भे २ त २६८ Indo Farm Tractor 3055-DI-2019 थान १ ।
६. धनी कुमारी बैंक लि र ऋणी **झुपलाल खत्री** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलय नेपालगञ्जमा दर्ता रहेको इन्जिन नं. RBWX00255 र चे. नं RBWX00255 सवारी नं भे १ त ८४८५ Mahindra and Mahindra Tractor 2016 थान १ ।
७. धनी कुमारी बैंक लि र ऋणी **झुपलाल खत्री** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यलय नेपालगञ्जमा दर्ता रहेको इन्जिन नं. RKJE00194 र चे. नं RKJE00194 सवारी नं भे १ त ७८५८ Mahindra & Mahindra Tractor 575 DI थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १२ गते** भित्र बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कोहलपुर, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० असार १३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० साल असार १३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय कोहलपुर, बाँके फोन नं. ०८१-५४१२६४**

# पाँचखालमा एक अर्ब लगानीमा महिला उद्यमी हरित औद्योगिक पार्क बन्दै

## सय रोपनीको पार्कमा कृषि खाद्य क्षेत्रका ५० उद्योग खुल्ने, स्थानीय उत्पादन प्राथमिकतामा

**काठमाडौं**/ काभ्रेको पाँचखालमा करिब एक अर्ब लगानीमा महिला उद्यमी हरित औद्योगिक पार्क सञ्चालनमा आउने भएको छ। सरकार र पाँचखाल नगरपालिकासँग सहकार्य गरेर देशमै पहिलो महिला उद्यमी पार्क सञ्चालनमा आउन लागेको हो।

सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा सञ्चालनमा ल्याइने औद्योगिक पार्कको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटमार्फत पाँचखालको निर्माणाधीन औद्योगिक ग्रामलाई महिला उद्यम ग्रामका रूपमा नामकरण गरी महिला उद्यमीलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन गर्ने घोषणा गरेका छन्। उनले औद्योगिक ग्राम निर्माणका लागि ४१ करोड रुपैयाँ बजेटसमेत विनियोजन गरिसकेका छन्। दक्षिण एसियाली महिला विकास मञ्चकी अध्यक्ष प्रमिला आचार्य रिजालले पाँचखाल परियोजना कार्यान्वयनमा आएपछि अन्य ६ प्रदेशमा पनि महिला उद्यमी औद्योगिक पार्क स्थापनाका लागि बाटो खुल्ने बताइन्। उनले पार्क स्थापनाका लागि महिला उद्यमी हरित औद्योगिक पार्क ऐनका रूपमा कानुन बनाउन पनि सरकारसँग आग्रह गरिन्। यस्ता आयोजना कार्यान्वयनमा केन्द्रित हुँदै राष्ट्रिय अर्थतन्त्रमा महिला उद्यमीको भूमिका बढाउनुपर्ने उनको जोड थियो।

महिला उद्यमी हरित औद्योगिक पार्क समितिकी अध्यक्ष शारदा रिजालले पाँचखाल नगरपालिकासँग २५ वर्षका लागि सय रोपनी जग्गा भाडामा लिने सम्झौता भइसकेको बताइन्। 'यो परियोजना देशको पहिलो र दक्षिण एसियाकै दोस्रो हो,' उनले भनिन्, 'यस्ता औद्योगिक पार्कले महिला उद्यमशीलता विकासमा ठूलो टेवा दिनेछ।' पार्कमा सेवा क्षेत्रपतर्फ इको-टुरिजम र होमस्टे तथा उत्पादन क्षेत्रतर्फ ५० वटा साना उद्योग स्थापना गरिनेछ, जसमा २५ वटा स्टार्टअप र २५ वटा उद्योग रहनेछन्।

औद्योगिक पार्कभित्र महिलाले मात्रै उद्यम सञ्चालन गर्न पाउनेछन्। पार्क प्रदूषणमुक्त, फोहोरमैला उचित व्यवस्थापन, फोहोर पानीको पुनः प्रयोग, ऊर्जाको संरक्षणका साथै स्थानीय सामग्री प्रयोग गरी भवनहरू निर्माण गरिनेछ। नेपालको हरित औद्योगिक अवधारणालाई एकीकृत जलवायु परिवर्तनअनुकूल रणनीतिमार्फत अगाडि बढाउने लक्ष्यका साथ औद्योगिक पार्कलाई 'कृषि-पर्यटन हरित औद्योगिक पार्क'का रूपमा ब्रान्डिङ र प्रचार गरिने रिजालले बताइन्।

पाँचखाल नगरपालिकाका मेयर महेश खरेलले महिला उद्यमी औद्योगिक पार्क निर्माणका लागि जग्गा दिने निर्णय भइसकेको बताए। हालसम्म पार्कमा केन्द्रीय सरकार र स्थानीय तहको गरी सवा दुई करोडभन्दा बढी लगानी भइसकेको छ। पार्कसम्म पुग्ने बाटो कालोपत्रे हुनुका साथै अन्य आवश्यक पूर्वाधार पनि निर्माण भइरहेको उनले बताए। 'पार्कभित्र खाद्य कृषिमा आधारित उत्पादनको मूल्य अभिवृद्धि गरेर आन्तरिक बजारसहित अन्तर्राष्ट्रिय बजारसम्म पठाउने योजना छ,' उनले भने, 'अझ पाँचखाल क्षेत्रमा उत्पादन हुने उत्पादनलाई प्रशोधन गरेर बजारमा पठाइनेछ।' पाँचखालको पार्क देशमा महिला उद्यमशीलता विकासका लागि ठूलो उपलब्धि भएको मेयर खरेलले बताए। महिलालाई उद्यमी बनाउन तालिमको समेत व्यवस्था गरिने भएको छ। यो पार्क सञ्चालनमा आउँदा करिब पाँच सयले प्रत्यक्ष रोजगारी पाउनेछन् भने अप्रत्यक्ष रूपमा तीन-चार हजारसम्म जोडिने बताइएको छ। पार्कभित्र उद्योग स्थापनाका लागि विभिन्न बैंकले कर्जा लगानी गरिदिनेछन्। पार्कले किसानको उत्पादकत्व वृद्धि, उच्च गुणस्तरको प्रशोधन पूर्वाधार निर्माण, प्रभावकारी आपूर्ति शृंखला प्रणाली र रोजगारी सिर्जना गर्ने उनको विश्वास छ।

मञ्चकी वरिष्ठ उपाध्यक्ष एवं बागमती प्रदेश सांसद याकिला शेर्पाले महिला उद्यमी पार्कको प्रभावकारी कार्यान्वयनका लागि सरकारसँग लबिङ गर्ने बताइन्। सरकारले बजेटमै समेटेर बजेट विनियोजन गरेपछि तीन-चार वर्षदेखि गृहकार्य गरेको पार्कले सार्थकता पाउन थालेको भन्दै महिला उद्यमीहरू उत्साहित भएका छन्।

---

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: बुटवल २, रुपन्देही
फोन: ०७१-४३८३०६/७

को

शाखा कार्यालय: ४ नं. जितपुर, कपिलवस्तु
फोन: ०७६-५५०४४३

### शाखा कार्यालय बुटवल २, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०२/३० गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय बुटवल २, रुपन्देहीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०९/२७ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा तथा धितोमा रहेको सम्पतिको लिलाम विक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना मिति २०८०/०१/१४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ, जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७७/०७/२१ मा प्रा.फ.र.नं. ४८६९४/०७७/०७८ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ८ स्थित **द रोयल इम्पेरियल सटिङ्ग सुटिङ्ग हव**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७२/०४/१५ मा प्रा.फ.र.नं. ३५७८६/०४७२ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उप महानगरपालिका वडा नं. ११ स्थित **स्टेण्डर्ड सर्टिङ्ग शुटिङ्ग हाउस**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१) सेते दमाईको नाति, गोर्खे दमाईको छोरा, गुल्मी जिल्ला, साबिक पुर्कोटदह गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **चन्द्रे दमाई (ना.प्र.प.नं. १११०, गुल्मी)**
२) गोर्खे दमाईको बुहारी, चन्द्रे दमाईको पत्नी, कपिलवस्तु जिल्ला, साबिक मोतिपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **उमी देवी परियार (ना.प्र.प.नं. ४०२२२, कपिलवस्तु)**
३) गोर्खे दमाईको नाति, चन्द्रे दमाईको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **धन बहादुर दमाई (ना.प्र.प.नं. १८७८८, कपिलवस्तु)**
४) चन्द्रे दमाईको बुहारी, धन बहादुर दमाईको पत्नी, कपिलवस्तु जिल्ला, साबिक मोतिपुर गा.वि.स./न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **सुमिता देवी दमाई (ना.प्र.प.नं. ३९९१९, कपिलवस्तु)**
५) गोर्खे दमाईको नाती, चन्द्रे दमाईको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **विर बहादुर दमाई (ना.प्र.प.नं. १८७८९, कपिलवस्तु)**
६) चन्द्रे दमाईको बुहारी, विर बहादुर दमाईको पत्नी, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **सम्झना परियार (ना.प्र.प.नं. ३८-०१-७१-०९५२३, कपिलवस्तु)**
७) गोर्खे दमाईको नाती, चन्द्रे दमाईको छोरा, कपिलवस्तु जिल्ला, साबिक मोतिपुर गा.वि.स./न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **बुद्धिमान परियार (ना.प्र.प.नं.२/१०/७७५०४, कपिलवस्तु)**
८) चन्द्रे दमाईको बुहारी, बुद्धिमान परियारको पत्नी, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **गीता परियार (ना.प्र.प.नं. ३८-०६-७६-०१३६४, कपिलवस्तु)**
९) चन्द्रे दमाईको नाति, धन बहादुर दमाईको छोरा, कपिलवस्तु जिल्ला, साबिक मोतिपुर गा.वि.स./न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **आशिष परियार (ना.प्र.प.नं. ३८१०२०-३३७५८, कपिलवस्तु)**
१०) चन्द्रे दमाईको नाती, धन बहादुर दमाईको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **अबिशेक परियार (ना.प्र.प.नं. ३८-०६-७३-००५६७, कपिलवस्तु)**

* माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरु एकै भएको ।

**धितोमा रहेको सम्पतिको विवरण**

१) **चन्द्रे दमाईको** नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको, लगतमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, मोतिपुर गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २/ग) स्थित कित्ता नं. २२५ को क्षेत्रफल ०-०-८-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) **धन बहादुर दमाईको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, साबिक बुटवल न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९/ख) स्थित कित्ता नं. ७२८४ र ७२९८ को क्रमश: क्षेत्रफल ०-०-३-० र ०-०-१.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३) **धन बहादुर दमाईको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४/क) स्थित कित्ता नं. ११७७ को क्षेत्रफल ०-१-६.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नोट: क) माथि उल्लेखित धितो नं. १ र २ मा रहेको सम्पति ऋणी नं. २ (स्टेण्डर्ड सर्टिङ्ग शुटिङ्ग हाउस) को लागि धितोमा रहेको ।
ख) माथि उल्लेखित धितो नं. ३ मा रहेको सम्पत्ति दुबै ऋणीहरुका लागि धितोमा रहेको ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०८०/०२/३० गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु बुटवल २, रुपन्देही र ४ नं. जितपुर, कपिलवस्तुबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०४ गते सोमबार कार्यालय समय भित्र धितोमा रहेको सम्पतिको विवरण नं. १ को हकमा यस बैंकको शाखा कार्यालय ४ नं. जितपुर, कपिलवस्तुमा र अन्य धितोमा रहेको सम्पतिको हकमा शाखा कार्यालय बुटवल २, रुपन्देहीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०५ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगददाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय बुटवल २, रुपन्देहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

---

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय जहरे, सुर्खेतको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/३० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि. बैंक लि.) शाखा कार्यालय जहरे, सुर्खेतबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार १३ गते बुधबार**का दिन शाखा कार्यालय जहरे, सुर्खेतमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

**तपसिल**

**ऋणीको विवरण:**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०३/०९ मा दर्ता नं. ५७३१/०७२/०७३ दर्ता कायम भई सुर्खेत जिल्ला, शुभघाट गंगामाला न.पा. वडा नं.०७ (हाल सुर्खेत जिल्ला गुर्भाकोट न.पा. वडा नं.१३) स्थित रजिष्टर्ड कार्यालय रहेको **टिका हार्डवयर एण्ड ईलेक्ट्रिकल** (प्रोपाईटर केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स वडा नं.०७) बस्ने **युबराज शर्मा** (ना.प्र.नं. ६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स वडा नं. ०७) बस्ने **युबराज शर्मा** (ना.प्र.नं. ६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
२. ससेराम सुनारको नातनि, रतिमान सुनार/पबिसरा सुनारको छोरी, युबराज शर्माको पत्नी, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ (साबिक सुर्खेत जिल्ला, गुमी गा.वि.स वडा नं.०२) बस्ने **टिका शर्मा** (ना.प्र.नं. ६४१०३७/११२९६४, जारी मिति २०६९/०२/१२, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
३. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नाति, युबराज शर्मा/टिका शर्माको छोरा, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ बस्ने **निरञ्जन शर्मा** (ना.प्र.नं.६४-०१-७५-०५७८७, जारी मिति २०७५/०९/२३, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
४. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नातिनी, युबराज शर्मा/टिका शर्माको छोरी, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ बस्ने **सेनिया शर्मा** (ना.प्र.नं.६४-०१-७७-०८४१७, जारी मिति २०७७/१२/२०, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **युबराज शर्मा**को नाममा मालपोत कार्यालय, मेहेलकुनामा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गुर्भाकोट न.पा., वडा नं. १३ (साबिक सुर्खेत जिल्ला गुमी गा.वि.स/न.पा वडा नं. २/ख) स्थित कित्ता नं. ४९७ को क्षेत्रफल ०-०-१७ ३/४ (रोपनी) जग्गा र सोमा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १२ गते मंगलबार** भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असार १३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० साल असार १३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जहरे, सुर्खेत फोन नं. ०८३-४१३०५९**

---

## इप्पान अध्यक्षमा कार्की र मल्लबीच प्रतिस्पर्धा

**काठमाडौं**/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को भावी नेतृत्वका लागि गणेश कार्की र किरण मल्लबीच अध्यक्ष पदका लागि प्रतिस्पर्धा हुने भएको हो। अध्यक्षसहित २५ सदस्यीय कार्यसमितिका लागि उनीहरूले प्यानलसहित उम्मेदवारी घोषणा गरेका हुन्। यद्यपि, उनीहरूको प्यानलमा ८० प्रतिशतभन्दा बढी साझा उम्मेदवार रहेका छन्। ३२ जेठमा काठमाडौंको हायात रिजेन्सी होटेलमा इप्पानको २१औं वार्षिक साधारणसभा हुँदै छ। निर्वाचन कमिटीले सार्वजनिक गरेको तालिकाअनुसार उनीहरूले मंगलबार मनोनयन दर्ता गर्दै छन्।

मल्लको समूहबाट वरिष्ठ उपाध्यक्षमा गोरे शेर्पा उम्मेदवार छन्। कार्कीको समूहबाट भने वरिष्ठ उपाध्यक्षमा मोहनकुमार डाँगीले उम्मेदवारी दिँदै छन्। इप्पानको २०औं साधारणसभाले पारित गरेको विधानअनुसार अर्को कार्यकालबाट वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष हुने व्यवस्था गरिएको छ। त्यसअनुसार वरिष्ठ उपाध्यक्षको चुनावको पनि छुट्टै महत्त्व हुनेछ।

इप्पानमा उपाध्यक्षको संख्या भने ५ रहेको छ। त्यसमा अधिकांश साझा उम्मेदवार रहेका छन्। उपाध्यक्षमा आशिष गर्ग, उत्तम ब्लोन लामा, भरत खत्री र रामप्रसाद आचार्य दुवै समूहका साझा उम्मेदवार छन्। त्यसबाहेक मल्ल समूहबाट हिम पाठक र कार्की प्यानलबाट आनन्द चौधरी उपाध्यक्षका लागि लड्दै छन्।

## निगमको भैरहवा उडान सुरु

**काठमाडौं**/ नेपाल वायुसेवा निगमले मंगलबारदेखि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)मा नियमित उडान सुरु गरेको छ। निगमको एयरबस ३२० जहाज बिहान साढे ७ बजे भैरहवा अवतरण गर्ने तालिका रहेको गौतमबुद्ध विमानस्थलका प्रवक्ता दीपककुमार बज्राचार्यले बताए।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको वर्षदिनपछि राष्ट्रिय ध्वजावाहकले भैरहवा उडान सुरु गरेको हो। निगमले काठमाडौं-क्वालालम्पुर-भैरहवा-काठमाडौं सेक्टरमा चक्रीय उडान सुरु गरेको बताएको छ। हाल भैरहवाबाट सातामा एउटा उडान गर्ने र यात्रु हेरेर उडान थप्दै जाने निगमको तयारी छ। निगमले मलेसियाबाट भैरहवासम्मका लागि प्रमोसनल फेयर भन्दै प्रतियात्रु भाडा ११ हजार चार सय र मलेसियाबाट भैरहवा हुँदै काठमाडौंसम्मका लागि प्रतियात्रु १२ हजार तीन सय ४६ रुपैयाँ भाडा तोकेको छ। जबकि, अहिले काठमाडौंबाट मलेसियाका लागि प्रतियात्रु टिकट ४० हजारभन्दा बढी छ।

## कलरजेट युभी र लार्ज प्रिन्टर सार्वजनिक

**काठमाडौं**/ इम्पेरियो ग्लोबलले नेपाली बजारका लागि कलरजेटको भर्भ मिनी एलइडी युभी प्रिन्टर र सोनिक्वी डिजिटल प्रिन्टर सार्वजनिक गरेको छ।

लन्च गरिएको भर्भ मिनीले मल्टिलेयर मुद्रण प्रविधि प्रयोग गर्ने, जसले गर्दा पिभिसी, एक्रेलिक पाना, धातु, ग्लास, एसिपी, डब्लुपिसीलगायतमा प्रिन्ट गर्न सकिने बताइएको छ। यसमा भेरिएबल ड्रप टेक्नोलोजी, बेस्ट इन क्लास स्वचालनजस्ता अग्रणी सुविधा रहेको कम्पनीले जनाएको छ। यसको मूल्य २४ लाख ५० हजार रहेको बताइएको छ। यसमा तीन लाख ४५ हजारका ६ आकर्षक लन्च अफर पनि रहेको छ। यस्तै, सोनीले फ्लेक्स ब्यानर, भिनाइल, वालपेपर र क्यानभासमा ३.२ मिटरको रोल टु रोल प्रिन्ट गर्न सक्ने बताइएको छ। यसको मूल्य १७ लाख ९० हजार रहेको र दुई लाख २० हजार रुपैयाँसम्मको बचत योजना सार्वजनिक गरेको कम्पनीले जनाएको छ।

# साउनदेखि श्रम स्वीकृतिमा स्वचालित प्रणाली

## वैदेशिक रोजगारीमा जाने कामदारलाई दिने सबै सेवा-सुविधा अनलाइनमार्फत

**मुना कुँवर**/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि श्रम स्वीकृतिमा स्वचालित प्रणाली लागू गरिने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले १ साउनदेखि लागू हुने गरी संस्थागत श्रम स्वीकृति स्वचालित प्रणालीमार्फत प्रदान गर्ने भएको हो। यसका लागि वैदेशिक रोजगार विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन सिस्टम (फेमिस)को प्रयोग गरिनेछ।

नयाँ व्यवस्थाअनुसार म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा जाने कामदारले पहिलो तथा अन्तिम श्रम स्वीकृति लिनुपरेमा कम्पनीले फेमिस सिस्टममा सबै आवश्यक कागजपत्र भर्नेछ। फेमिसले छानबिन गरेपछि कागजपत्र सबै ठकी भएमा सिस्टमले नै प्रमाणीकरण गर्ने मन्त्रालयका श्रमसविच एकनारायण अर्यालले बताए। त्यस्तै, व्यक्तिगत श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार विभागअन्तर्गत रहेको श्रम कार्यालयको एउटै तहले नै प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ। आगामी दिनमा व्यक्तिगत श्रम स्वीकृतिलाई पनि स्वचालित प्रणालीमार्फत नै प्रमाणीकरण गर्ने व्यवस्था गरिने उनले बताए।

हालको व्यवस्थाअनुसार संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिन फेमिसमार्फत अनलाइनबाट नै निवेदन दिन सकिनेछ। तर, यसरी दिइएको निवेदनलाई श्रम कार्यालयले प्रमाणित गर्नेछ। तर, स्वचालित प्रणाली लागू भएपछि कार्यालयका कर्मचारीले श्रम स्वीकृतिका लागि परेको निवदेनको छानबिन गर्नुपर्नेछैन। सिस्टमले नै प्रक्रिया पूरा गर्नेछ।

### ■ गलत सूचना राख्नेलाई हदैसम्मको कारबाही

श्रम मन्त्रालयले श्रम स्वीकृतिका लागि स्वचालित प्रणाली लागू गरेसँगै म्यानपावर व्यवसायीलाई थप जिम्मेवार बनाएको छ। नक्कली कागजपत्र र झुटो विवरण भरेको पाइएमा हदैसम्मको कारबाही गरिने वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले बताए। 'स्वचालित भए पनि केही समय कार्यालयका कर्मचारीले कागजपत्रको निरन्तर निगरानी राख्नेछन्। व्यवसायीले गलत विवरण राखेको भेटिएमा कारबाही गरिनेछ,' उनले भने।

स्वचालित प्रणालीले श्रम स्वीकृतिको प्रक्रियालाई सरल र पारदर्शी बनाउने विभागका महानिर्देशक दाहालले बताए। सरकारको डिजिटल गभर्नेन्स नीतिलाई पछ्याउँदै विभागले पनि स्वचालित प्रणालीलाई अँगालेको उनले बताए।

### ■ वैदेशिक रोजगारीका सबै सेवा अनलाइनबाटै

श्रम मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारका लागि प्रदान गर्ने सबै खालका सेवा-सुविधालाई अनलाइनमार्फत नै प्रदान गर्ने व्यवस्था गरेको छ। श्रमिकले वैदेशिक रोजगारी विभाग र वैदेशिक रोजगार बोर्डबाट पाउने सबै खालका सेवा-सुविधा अनलाइनबाट नै प्रदान गर्ने व्यवस्था गरेको छ।

मन्त्रालयले वैदेशिक रोजगार बोर्डले सञ्चालन गर्ने पूर्वप्रस्थान, अभिमुखीकरण तालिम पनि अनलाइनमार्फत नै सञ्चालन गर्ने तयारी गरेको छ। हरेक श्रमिकको हातमा मोबाइल र इन्टरनेटको सुविधा हुने भएकाले मन्त्रालयले अनलाइनबाट तालिम लिन सक्ने व्यवस्था गर्न लागेको हो।





नयाँ व्यवस्थाअनुसार म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा जाने कामदारले पहिलो तथा अन्तिम श्रम स्वीकृति लिनुपरेमा कम्पनीले फेमिस सिस्टममा सबै आवश्यक कागजपत्र भर्नेछ। फेमिसले छानबिन गरेपछि कागजपत्र सबै ठीक भएमा सिस्टमले नै प्रमाणीकरण गर्छ।

● **एकनारायण अर्याल**, सचिव,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवालाई समेत अनलाइनमार्फत प्रदान गर्न थालिएको छ। वैदेशिक रोजगारीमा गएका कामदारको मृत्यु भएमा, अंगभंग र अशक्त बिरामी भएको अवस्थामा वैदेशिक रोजगार बोर्डबाट पाउने सबै खालको सुविधा अनलाइनबाट नै प्राप्त गर्न सकिने व्यवस्था गरिएको हो। पीडित कामदारका नेपालमा रहेका आफन्तले मृत्यु भएकोमा पाउने रकम, शव झिकाउने, उपचार गर्नेलगायतका सुविधाका लागि अनलाइनबाट नै आवेदन दिन र सोधपुछ गर्न सकिने व्यवस्था गरेको छ। साथै, बिमा कम्पनीले भुक्तानी गर्नुपर्ने रकम लिन पीडित कामदार वा कामदारका आफन्तले श्रम स्वीकृति लिएको-गएको भन्ने प्रमाणित गर्न विभाग धाइरहनुनपर्ने भएको छ। बिमा कम्पनीले बोर्डको अनलाइन सूचना व्यवस्थापन प्रणालीमार्फत कामदारले श्रम स्वीकृति लिएर गएको वा नगएको जाँचबुझ गर्न सक्ने विभागले व्यवस्था गरेको छ।

त्यस्तै, मन्त्रालयले ०७९ जेठ ६ गतेदेखि श्रम कार्यालयका सबै सेवा अनलाइनबाट लिन सक्ने व्यवस्था गरेको हो। मन्त्रालयले सबै खालका श्रम स्वीकृतिलाई फेसलेस, क्यासलेस र पेपरलेस बनाएको हो। कार्यालयले २ माघ ०७८ देखि पुनः श्रम स्वीकृति अनलाइनबाट नै लिन सकिने व्यवस्था गरेको थियो।

त्यस्तै, २ वैशाख ०७९ देखि संस्थागत श्रम स्वीकृतिको काम अनलाइनबाट मात्र गर्न सकिने व्यवस्था गरेको थियो। त्यस्तै, जेठ ६ गतेदेखि नयाँ व्यक्तिगत श्रम स्वीकृति पनि अनलाइनबाट नै लिन सकिने व्यवस्था गरेको हो। नयाँ व्यक्तिगत श्रम स्वीकृतिका लागि भिसा, करार सम्झौता, स्वास्थ्य परीक्षण उत्तीर्ण प्रमाणपत्र, अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र, सीपमूलक रोजगारमा जान सीप सिकेको प्रमाणपत्र, स्वघोषणा फाराम, अनलाइनबाटै म्यादी जीवन बिमा र कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण अनलाइनमा अपलोड गर्नुपर्नेछ।

व्यक्तिगत श्रम स्वीकृति लिँदा सम्बन्धित देशको नेपाली राजदूतावासबाट कागजात प्रमाणीकरण आवश्यक पर्छ। यसअघि साउदी अरब, कतार, कुवेत र संयुक्त अरब इमिरेट्सबाट प्रमाणीकरण गर्ने व्यवस्था थियो। ०७९ वैशाखदेखि सरकारले क्रोएसिया, पोल्यान्ड, रोमानिया, हंगेरी, बेलारुस, माल्दोभा, अल्बानिया र स्लोभाकियालाई पनि थप गरेको छ। प्रमाणीकरणका लागि नेपाली राजदूतावासमा रोजगारदाता कम्पनी वा स्पोन्सरले राहदानीको प्रतिलिपि, भिसाको प्रतिलिपि, करार वा सम्झौतापत्रको प्रतिलिपिलगायत विवरण पेस गर्नुपर्नेछ। रोजगारदाताले सबै कागजपत्र सम्बन्धित व्यक्ति र वैदेशिक रोजगार कार्यालयको इमेलमा पठाउनुपर्नेछ। सम्बन्धित व्यक्तिले इमेलमा प्राप्त कागजात आफैँले प्रिन्ट गरी अनलाइनमा अपलोड गर्नुपर्नेछ।

# विद्युतीय गाडीमा दक्षिण एसियाकै कम कर : अर्थमन्त्री

**नयाँ पत्रिका**

विद्युतीय गाडीको भन्सारलाई व्यावहारिक बनाउन पाँच वर्गमा छुट्याएर कर निर्धारण गरिएको अर्थमन्त्री प्रकाशशरण महतले बताएका छन्। आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटमाथि संघीय संसद्मा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै अर्थमन्त्री महतले अमिल्दो दरको फरक समायोजन गरिएको जिकिर गरे। उनले भने, 'पेट्रोलियम सवारीसाधनमा समेत भन्सार दर एउटै रहेको, तर क्षमताका आधारमा अन्तःशुल्क दरमा मात्र सामान्य फरक रहेको छ।'

यसअघि विद्युतीय सवारीसाधनलाई चार वर्गमा विभाजन गरी सय किलोवाटसम्मका लागि १० प्रतिशत भन्सार महसुल मात्र लाग्ने र सयमाथि दुई सय किलोवाटसम्मका लागि ३० प्रतिशत भन्सार महसुल र अन्तःशुल्क लाग्ने व्यवस्था थियो। उनले भने, 'साबिकको दरलाई परिवर्तन गरी पाँच वर्गमा विभाजन गरी ५० किलोवाटसम्मलाई १० प्रतिशत मात्र भन्सार महसुल लाग्ने, ५० देखि १०० किलोवाटसम्म १५ प्रतिशत भन्सार र १० प्रतिशत अन्तःशुल्क लाग्ने, १०० किलोवाटदेखि २०० किलोवाटसम्मका लागि २० प्रतिशत भन्सार महसुल र २० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको छ।' उनले संसद्मा पुँजीगत खर्च, सांसद विकास कार्यक्रमजस्ता विनियोजनसम्बन्धी उठेका प्रश्नहरूको जवाफ दिएका छन्। अर्थमन्त्री महतले आमनागरिकले प्रयोग गर्ने साना क्षमतामा सवारीमा कर घटाइएको बताए। विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्नकै लागि नेपालमा सार्क मुलुककै कम कर रहेको बताए। उनका अनुसार भारतमा अनएसेम्बल अवस्थाका साधनमा ३५ प्रतिशत, ४० हजार अमेरिकी डलरसम्मका लागि ६० प्रतिशत र सोभन्दा बढी मूल्यको हकमा शतप्रतिशत कर छ। त्यस्तै, पाकिस्तानमा ५० प्रतिशत, बंगलादेशमा करिब ९० प्रतिशत र श्रीलंकमा ५० किलोवाटसम्मका लागि १५ प्रतिशत भन्सार र प्रतिकिलोवाट १५ हजार अन्तःशुल्क लाग्ने व्यवस्था छ।



### ■ भन्सार छल्न सिट थप्ने चोरबाटो बन्द

अर्थमन्त्री महतले भन्सार छल्न एउटा सिट थप्ने चोरबाटो बन्द भएको बताएका छन्। जसकारण १० देखि १४ सिट क्षमताका विद्युतीय सवारीमा एउटै दर लगाएको बताए। १० सिट क्षमतासम्मका विद्युतीय सवारीमा १० प्रतिशत, तर ११ देखि १४ सिटमा जम्मा १ प्रतिशत महसुल लाग्ने भएपछि व्यवसायीहरूले सिट थपेर आयात गरेकाले त्यसलाई व्यवस्थित गरिएको उनले बताए।

### ■ ९० प्रतिशत गाडीको एलसी चैतमै

करका सूचना चुहिएर धेरै गाडी आयात भएको तर्क गलत भएको अर्थमन्त्री महतले बताए। अहिले आयात भएका १३ सय गाडीमध्ये ९० प्रतिशतको प्रतीतपत्र (एलसी) चैतमै खुलेको उनको भनाइ थियो। 'करको दर परिवर्तन गर्ने प्रस्तावसम्बन्धी छलफल बजेट आउने अघिल्लो दिन राति मात्र हुने र उक्त समयमा भन्सार बन्द हुने गरेको छ,' महतले भने, 'हरेक वर्ष बजेट भाषणअगाडि भन्सारबाट धेरै सामान आयात हुन्छ। तथ्यांकले नै यो पुष्टि गर्छ। राजस्व तिर्ने क्षमता भए नाकामा रोकिएका सामान पनि यही समयमा भित्रिने गरेको छ।'

# आलु र प्याजमा भ्याटले भान्सा महँगियो

**काठमाडौं**/ सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत आलु र प्याजमा भ्याट लगाएपछि भान्सा महँगिएको छ। बजेटअघि कालिमाटी तरकारी बजारमा सुकेको प्याजको मूल्य प्रतिकिलो ३५ रुपैयाँ रहेकोमा अहिले सय रुपैयाँसम्म पुगेको छ। भ्याट लगाएको जानकारी पाएसँगै व्यापारीले एकाएक मूल्य बढाएर बजेटको पर्सिपल्टै १८ जेठमा ५९ रुपैयाँ प्रतिकिलो पुऱ्याएका थिए। त्यस्तै, भारतीय आलुको मूल्य बजेटअघि ३१ रुपैयाँ रहेकोमा अहिले बजारमा ९० रुपैयाँसम्म पुगेको छ। भारतीय आलुमा लागेको भ्याटका कारण स्वेदशी आलुको मूल्य पनि व्यापारीले बढाएका छन्।

केही दिनदेखि कालिमाटी तरकारी बजारमा प्याज नै आउन छाडेको व्यापारीहरू बताउँछन्। दैनिक ८० मेट्रिकटन प्याज भित्रिने बजारमा अहिले दुई-चार टन मात्र आएको कालिमाटी तरकारी बजार विकास समितिका प्रवक्ता विनय श्रेष्ठले बताए।

आलु र प्याजमा लगाइएको भ्याटको विषयमा प्रश्न उठेपछि सोमबार अर्थमन्त्री प्रकाशशरण महतले संसद्मा नेपाली किसानको उत्पादन प्रोत्साहन गर्न र आत्मनिर्भर बनाउन यस्तो नीति लिएको बताए। उनले भने, '५० लाखभन्दा कम कारोबार गर्ने किसानलाई कर नलाग्ने र आयात गरेर त्योभन्दा बढी कारोबार गर्नेलाई मात्रै कर लाग्ने हो।'

### ■ भ्याट लगाउनु अन्यायपूर्ण : व्यवसायी

आलु र प्याजको थोक विक्रेताले भ्याट लगाउने सरकारको कदम अनुचित र महँगीलाई मलजल गर्ने किसिमको भएको आरोप लगाएका छन्। सोमबार पत्रकार सम्मेलन गर्दै नेपाल कृषिउपज आलु-प्याज आयात-निर्यात थोक विक्रेता संघले आलु-प्याजमा १३ प्रतिशत भ्याट लगाउँदा एकतिहाइका दरले महँगिने बताए। संघका अध्यक्ष मोहन बानियाँले आयातको तथ्यांक हेरेर भ्याट लगाउने निर्णय गरेर सरकार उल्टो बाटो हिँडेको आरोप लगाए।

# ब्रोकर र स्टक लाइसेन्स वितरणमा छानबिन गर्न माग

**काठमाडौं**/ धितोपत्र बोर्डले वितरण गरेको ब्रोकर लाइसेन्स र सरकारले रोकेको नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण प्रक्रियाको विषयमा संसदीय अर्थ समितिमा सांसदहरूले छानबिन गर्न माग गरेका छन्।

सोमबार बसेको अर्थ समितिको बैठकमा लाइसेन्स वितरणको प्रक्रिया अघिल्लो अर्थ समितिमार्फत बनाएको रामकुमारी झाँक्रीको संयोजकत्वको अध्ययन प्रतिवेदनविपरीत भएको भन्दै छानबिन गर्न सांसदहरूले माग गरेका हुन्। बैठकमा नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीले धितोपत्र बोर्डबाट नियमावली नै संशोधन भएर अघि बढेको नयाँ स्टक एक्सचेन्जको प्रक्रिया हाललाई रोकिए पनि कुनै पनि वेला अघि बढ्न सक्ने बताए। उनले अघिल्लो अर्थ समितिले बनाएको अर्को उपसमितिले नै हालको एक मात्र स्टक एक्सचेन्जलाई व्यापक सुधार एवं परिमार्जन गर्दै अन्तर्राष्ट्रियस्तरको बनाउन भने पनि नयाँ लाइसेन्स वितरण उल्लेख नगरेकोमा जोड दिए। भारत, श्रीलंका, बंगलादेशलगायतका मुलुकहरूमा अध्ययन गरेर कार्यान्वयन गरिने भनिए पनि उक्त प्रतिवेदनलाई बेवास्ता गर्दै धितोपत्र बोर्डले थप ब्रोकर लाइसेन्ससँगै नयाँ स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रिया अघि बढाएको आरोप लगाए।

त्यस्तै, बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले अघिल्लो अर्थ समितिले नयाँ स्टक एक्सचेन्जको गुणस्तर र भौतिक संरचना बनाउन गरेको सिफारिसअनुसार भौतिक संरचना बने-नबनेको समितिले अनुगमन गर्नुपर्ने बताए। समिति सदस्य पूर्णबहादुर तामाङले पछिल्लो समय नेपालका बैंकहरूले जनता लुटेर धनी भएर बसेको आरोप लगाए। उनले बैंकहरूले ८ प्रतिशतमा लगानी गरेर कुनै जानकारीविना १४ प्रतिशत ब्याज लिएको बताए। उनले आठवटा बैंक एकलौटी रूपमा मर्जर गरी मोनोपोली गरेर जनता लुट्न थालेको बताए।

धितोपत्र बोर्डले हाल पहिलो चरणमा सातवटा र दोस्रो चरणमा ११ वटा कम्पनीलाई लाइसेन्सको प्रमाणपत्र वितरण गरिसकेको छ। आवेदन दिएका ४५ कम्पनीमध्ये ४३ वटा कम्पनीले आशयपत्र पाइसकेका छन्। नयाँ स्टकको लाइसेन्स भने मन्त्रिपरिषद्को निर्णयले तत्काललाई वितरण गर्न रोक लगाएको छ।



## कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि. शाखा कार्यालय, धुलिखेलको ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०।०२।३० गते

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मन्जु श्री क न्सट्रक्सन (प्रो. फुसाङ लामा) | मेच्छे ४, काभ्रे | व्यक्तिगत ओभरड्राफ्ट, जमानत दावी कर्जा | ४,४३,८६२ | २,२४,७८४ | ६,६८,६४६ | |

फर्मको दर्ता नं. ४७५४/०६९/०७० दर्ता भएको कार्यालय घरेलु तथा साना उद्योग कार्यालय दर्ता मितिः २०६९/०७/२४ पान नं ६००७९८९०७

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| फुर्साङ लामा | मेच्छे ४, काभ्रे | १०१०२३५८ | काभ्रेपलाञ्चोक, २०५८/०८/०७ | ङ्वाङ लामा | पंच लामा |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे |
|---|---|---|---|---|---|
| ङ्वाङ लामा | मेच्छे ४, काभ्रे | २०८०० | काभ्रेपलाञ्चोक, २०४३/०३/०१ | पंच लामा | |
| मेन्दो तामाङ | मेच्छे ४ | ३०५ | काभ्रेपलाञ्चोक, २०४४/१२/२३ | ङ्वाङ लामा | |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २. | सिपाली भैंसी पालन फर्म (प्रो. अक्कल सिं तामाङ) | सिपाली चिलाउने-२, काभ्रे | भैंसी पालन कर्जा | २०,००,००० | १६,२६,०४९ | ३६,२६,०४९ | |

फर्मको दर्ता नं. ४८५५/०६९/०७० दर्ता भएको कार्यालय घरेलु तथा साना उद्योग कार्यालय दर्ता मितिः २०६९/११/१३ पान नं ६००९६००५८

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| अकल सिं तामाङ | सिपाली, चिलाउने ६, काभ्रे | १३७६९५ | काभ्रेपलाञ्चोक, २०६२/०१/०८ | सुब्बा सिं तामाङ | |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु /पति | बाजे |
|---|---|---|---|---|---|
| सर्मिला तामाङ | सिपाली, चिलाउने ६, काभ्रे | १३९१०४ | काभ्रेपलाञ्चोक, २०६२/०२/२२ | औतार सिं | सुब्बा सिं |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३. | नेमा तामाङ | खनालथोक ८, काभ्रे | सरल कृषि कर्जा | २,००,००० | ४७,४२४ | २,४७,४२४ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| नेमा तामाङ | खनालथोक ८, काभ्रे | ९१८ | काभ्रेपलाञ्चोक, २०४४/११/१८ | साँझि तामाङ | साती तामाङ |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४. | लोकेन्द्र तमाङ | सिपाली ६ खार्पाचोक, काभ्रे | सरल कृषि कर्जा | ३,७१,०९१ | २,०१,१७३ | ५७२२४६ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| लोकेन्द्र तमाङ | सिपाली ६ खार्पाचोक, काभ्रे | ३०३०८४/४०६ | काभ्रेपलाञ्चोक, २०६३/११/११ | मैत सिं तामाङ | सानु माईला तामाङ |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नामः दुर्गा माया तामाङ, सिपाली ६, खार्पाचोक, काभ्रे

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५. | काईला तामाङ | सिपाली चिलाउने ५, काभ्रे | सरल कृषि कर्जा | २,००,००० | ६६,३३६ | २,६६,३३६ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| काईला तामाङ | सिपाली चिलाउने ५, काभ्रे | ३९३/१२१९ | काभ्रेपलाञ्चोक, २०४५/०२/२५ | संग्राम सिं तामाङ | लक्ष्मुन तामाङ |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु /पति | बाजे |
|---|---|---|---|---|---|
| तारानाथ उप्रेती | सिपाली ५ चिलाउने, काभ्रे | | | ईन्द्रलाल उप्रेती | भवनाथ उप्रेती |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६. | चन्द्र ध्वज | मेच्छे ३, लोङसाल काभ्रे | तरकारी खेती | १,५०,००० | ७४,६३६ | २,२४,६३६ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| चन्द्र ध्वज | मेच्छे ३, लोङसाल काभ्रे | ३९/१७३४ | काभ्रेपलाञ्चोक, २०४६/०३/०३ | ठाकुर सिं | मानध्वज लामा |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे |
|---|---|---|---|---|---|
| राम बहादुर घिसिङ | मेच्छे ६, काभ्रे | | | ईमान सिं | जमान सिं |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७. | ठुले तामाङ | कानपुर कालापानी ३, काभ्रे | सरल कृषि कर्जा | ५,००,००० | ४,८८,६०१ | ९,८८,६०१ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| ठुले तामाङ | कानपुर कालापानी ३, काभ्रे | ५७४३०/१२८६ | काभ्रेपलाञ्चोक, २०५२/०५/०५ | कामी सिं तामाङ | धावा तामाङ |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नामः माईली तामाङ, कानपुर कालापानी-३, काभ्रे

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रू. | मिति २०८०/०१/३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८. | बिल बहादुर तामाङ | खर्पाचोक ६, काभ्रे | सरल कृषि कर्जा | ५,००,००० | ४,५४,१४९ | ९,५७,१४९ | |

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| बिल बहादुर तामाङ | खर्पाचोक ६, काभ्रे | ३०३०१६/३७ | काभ्रेपलाञ्चोक, २०६३/१०/०८ | हजार सिं तामाङ | कामी ताई तामाङ |

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

| नाम | ठेगाना | नागरिकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे |
|---|---|---|---|---|---|
| कामी ताई तामाङ | खार्पाचोक ३, काभ्रे | ११८/२८६ | काभ्रेपलाञ्चोक, २०४५/०२/१३ | हजार सिं तामाङ | वावनदेउ तामाङ |

कृषि बिकास बैंक लि.
वागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

# एनआइसी एसिया बैंकले ल्यायो क्युआर मर्चेन्ट एक्टिभेसन योजना

**नयाँ पत्रिका**

एनआइसी एसिया बैंकले डिजिटल भुक्तानीलाई थप विस्तार र प्रोत्साहन गर्ने उद्देश्यले आफ्नो क्युआर कोडमार्फत भुक्तानी लिने मर्चेन्टहरूलाई विभिन्न आकर्षक सुविधासहितको क्युआर मर्चेन्ट एक्टिभेसन योजना ल्याएको छ। डिजिटल च्यानलबाट हुने भुक्तानीलाई बढीभन्दा बढी सेवाग्राहीसमक्ष पुर्‍याउने उद्देश्यले बैंकले यो योजना ल्याएको हो।

असार मसान्तसम्म सञ्चालन हुने योजनामा उक्त समयभित्र पहिलोपटक भुक्तानी लिने मर्चेन्टहरू मात्र यस योजनामा समावेश हुने जनाइएको छ। देशभर दुई लाखभन्दा बढी मर्चेन्टहरूमाझ उपस्थिति जनाइसकेको दाबी गर्दै बैंकले क्युआर भुक्तानीलाई प्रोत्साहन गर्न विभिन्न कम्पनीहरूसँगको समझदारीमा पहिलोपटक कारोबार गर्ने मर्चेन्टहरूलाई सम्बन्धित साझेदार कम्पनीहरूमार्फत आकर्षक लाभको व्यवस्था गरेको जनाइएको छ।

योजनाअनुसार यती एयरलाइन्सको तर्फबाट एक जोडीलाई माउन्टेन फ्लाइट टिकट, काठमाडौं सुपरमार्केटको तर्फबाट दुई हजार रुपैयाँबराबरका १० वटा ह्याम्पर, त्रिकट इन्डस्ट्रिजको तर्फबाट पाँच-पाँच हजार रुपैयाँबराबरको एक सयवटा भौचर, हार्ड रक क्याफेको तर्फबाट १० वटा ननभेज बिबिक्युको भौचर, बिग डिजिटलको तर्फबाट एक-एक थान राइस कुकर, ब्रेकफास्ट मेकर तथा ह्यान्ड ब्लेन्डर र सिजी डिजिटलको तर्फबाट एक-एक थान मिक्सर ग्राइन्डर, इन्डक्सन कुकर तथा ड्राई आइरनको व्यवस्था गरिएको बैंकले जनाएको छ। साथै, ट्र्याङक्विलिटी स्पाको तर्फबाट ५० वटा भौचर, अगेनो सेकुवाको तर्फबाट एक-एक हजार रुपैयाँका चारवटा भौचर, हुकुट स्टोरको तर्फबाट ६ वटा घडी एवं दुईवटा इयरबड, कुटुम्ब होटेलका तर्फबाट दुई-दुई हजार रुपैयाँका पाँचवटा भौचर, अपटाउन रेस्टुरेन्टको तर्फबाट १५-१५ सयबराबरका पाँचवटा भौचर र स्क्वायर होटेलका तर्फबाट दुई-दुई हजारका तीनवटा भौचर प्रदान गर्ने जनाइएको छ। यी उपहार विजेता बैंकले दुई सय मर्चेन्टहरूलाई उनीहरूको कारोबार रकम र कारोबार संख्याका आधारमा छनोट गर्ने जनाएको छ। उपहार प्रदान गर्ने समझदारी गरेका कम्पनीहरूले हस्तान्तरण गर्ने जनाइएको छ। योजनाअनुसार बैंकले राखेको फोनपे क्युआर कोडमार्फत असार मसान्तसम्ममा पहिलो क्युआर भुक्तानी लिने सम्पूर्ण मर्चेन्टहरूले एकपटक वा पटक-पटक गरी दुई सय रुपैयाँभन्दा माथिको भुक्तानी लिँदा कुल एक सय रुपैयाँ क्यासब्याक प्राप्त गर्ने उल्लेख छ।

बैंकले हाल देशभरमा तीन सय ६० शाखा, चार सय ७३ एटिएम, एक सय नौ विस्तारित काउन्टर एवं ६५ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

# होन्डाको 'एक्सचेन्ज र फाइनान्स मेला'

**काठमाडौं**/ होन्डा मोटरसाइकलको नेपालका लागि अधिकृत विक्रेता स्याकार ट्रेडिङ कम्पनीले होन्डा 'एक्सचेन्ज र फाइनान्स मेला' सञ्चालन गरेको छ। कम्पनीले ग्राहकलाई आफ्नो पुरानो मोटरबाइकसँग होन्डाको कुनै पनि नयाँ बाइक साट्ने सुविधा प्रदान गर्नका लागि मेला सञ्चालन गरेको हो।

मेलाबाट ग्राहकले अधिकतम लाभ लिइरहेको आयोजकको भनाइ छ। मेलामा, आफ्नो पुरानो बाइकसँग होन्डाको कुनै पनि नयाँ बाइक साट्दा उच्च मूल्यांकन रकमका साथमा तुरुन्तै पाँच हजार रुपैयाँ एक्सचेन्ज बोनस तथा १० हजार रुपैयाँसम्मको स्क्र्याच कुपनले धेरै ग्राहक लाभान्वित भइरहेको कम्पनीको भनाइ छ।

मेलामा सस्तो अग्रिम भुक्तानी र निकै कम ब्याजदरमा नयाँ होन्डा खरिद पनि गर्न सकिने उल्लेख छ। 'होन्डा फाइनान्स'मार्फत ६० हजार रुपैयाँको अग्रिम भुक्तानी र १ प्रतिशत मात्रको ब्याजदरमा मेलाबाट नयाँ होन्डा चढी ग्राहकहरू सन्तुष्ट हुँदै फर्किरहेको कम्पनीको दाबी छ।

मेलाका योजनाहरूमा सहभागी हुन काठमाडौंका होन्डा मोटरबाइकका सबै डिलरहरूमा सम्पर्क गर्न सकिनेछ र छिट्टै देशभर लागू हुने कम्पनीले जनाएको छ।

# नबिल बैंकले एसियन पेन्ट्स विक्रेतालाई च्यानल फाइनान्सिङ गर्ने

**नयाँ पत्रिका**

नबिल बैंक लिमिटेड र एसियन पेन्ट्स नेपाल प्रालिबीच च्यानल फाइनान्सिङ सुविधाका लागि सहकार्य हुने भएको छ। च्यानल फाइनान्सिङ सहकार्य गर्ने सम्बन्धमा सोमबार दुईपक्षीय सम्झौता भएको हो।



सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना र एसियन पेन्ट्सका कन्ट्री डाइरेक्टर गोपाल कृष्णनले हस्ताक्षर गरेको जनाइएको छ।

सम्झौताअनुसार एसियन पेन्ट्स नेपालसँग आबद्ध व्यवसायीले च्यानल फाइनान्सिङका रूपमा थप व्यवसाय विस्तार गर्न चालू पुँजीमा लगानी गर्ने उद्देश्यका लागि आकर्षक ब्याजदर र न्यून धितो अनुपातमा नबिल बैंकका जुनसुकै शाखाबाट च्यानल फाइनान्सिङ कर्जा उपभोग गर्न पाउने बैंकले जनाएको छ। च्यानल फाइनान्सिङका प्रमुख आकर्षणअन्तर्गत आफ्ना वितरकलाई सामान बिक्री गरेको बिलबराबरको पूरा रकम भुक्तानी हुने कर्जा सुविधा उपलब्ध हुने बताइएको छ। बैंकले सम्बन्धित व्यवसायीहरूका लागि व्यवसाय विस्तार गर्न अन्य सेवा तथा एसएमई कर्जाहरूसमेत सहुलियत दरमा उपलब्ध हुने जनाएको छ।

सम्झौतापछि बैंकका प्रमुख कार्यकारी अधिकृत ढुंगानाले बैंकसँग आबद्ध हुने एसियन पेन्ट्सका वितरकहरूले बैंकबाट विशिष्टीकृत सेवा पाउने विश्वास दिलाए। व्यवसाय विस्तारका लागि आवश्यक पुँजी बैंकमार्फत पाउने उनको भनाइ थियो।

यो सुविधाले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको चालू पुँजीकर्जासम्बन्धी मार्गदर्शनअनुरूप नै सम्पूर्ण खरिद-बिक्रीको भुक्तानी प्रक्रिया बैंक खातामार्फत मात्रै हुने प्रमुख कार्यकारी अधिकृत ढुंगानाले जानकारी दिए।

# एमजी जेडएस इभीको बुकिङ खुला

**काठमाडौं**/ एमजी भेहिकलको नेपालका लागि एक मात्र आधिकारिक आयातकर्ता र वितरक पारामाउन्ट मोटर्स प्रालिले नयाँ मोडलको विद्युतीय गाडी एसयुभी एमजी जेडएस इभी (डिलक्स)को प्रि-बुकिङ खुला गरेको छ। आव ०८०/८१ को बजेटमा ५० किलोवाटदेखि १०० किलोवाटसम्मको विद्युतीय गाडीमा अत्यधिक कर वृद्धि हुँदा पनि कम्पनीले यो गाडीमा ५० हजार रुपैयाँ मात्र मूल्यवृद्धि गरेर बुकिङ खुला गरेको हो।

नयाँ एमजी जेडएस इभी (डिलक्स) ९९ मोटर पिकपावरले सुसज्जित भएकाले २८० एनएम अधिकतम टर्क प्रदान गर्ने तथा ५१ किलोवाट आवर ब्याट्री क्षमताले एकल चार्जमा तीन सय २० किलोमिटर यात्रा गर्न सकिने कम्पनीको दाबी छ। यसको ब्याट्री ३० मिनेटभित्रमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिने तथा ब्याट्री वारेन्टी आठ वर्ष रहेको जनाइएको छ।

सुरक्षाका लागि यसमा ६ वटा एयर ब्याग, इएसपी, इएबी, एचडिसी, अटो होल्डजस्ता फिचरहरू राखिएको जनाइएको छ। प्रिमियम पानोरमिक सन-रुफ, डिएबी रेडियो र ब्लुटुथयुक्त १०.१ इन्चको इन्फोटेन्मेन्ट सिस्टम, ड्राइभरका लागि सात इन्चको डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर, वायरलेस फोन चार्जिङ, कि-लेस एन्ट्री र स्टार्ट, ६ वटा स्पिकरसहितको थ्री डी साउन्ड सिस्टम, ड्राइभरका लागि ६ वे र फ्रन्ट पेसेन्जरका लागि ४ वे इलेक्ट्रिकल एड्जस्टेबल लेदर पावर सिट यसको विशेषता रहेको जनाइएको छ। त्यस्तै, दुईवटा इसोफिक्स चाइल्ड सिट एन्कोरेज पोइन्टहरू (आउटर रियर सिटहरू), ६०/४० फोल्डिङ रियर सिटहरू, रुफ रेल, पावर-फोल्डिङजस्ता फिचरहरू राखिएको कम्पनीले जनाएको छ।

यस मोडलको गाडीको मूल्य बजेट भाषणअगाडि ५२ लाख ४९ हजार रुपैयाँ रहेकोमा अहिले ५२ लाख ९९ हजार रुपैयाँमा बुकिङ खोलेको कम्पनीले जनाएको छ। एमजी ब्रान्डले आफ्ना विविध मोडलका गाडीहरूले गर्दा नेपाली बजारमा पनि आफूलाई एउटा अब्बल ब्रान्डका रूपमा स्थापित गर्न सफल भएको कम्पनीको दाबी छ।


कोभिडपश्चात् विद्युतीय गाडीलाई आवश्यक कच्चा पदार्थको घट्दो मूल्य तथा विश्व बजारमा यस ब्रान्डको बढ्दो बिक्रीका कारण मूल्य घटाउन सफल भएको कम्पनीको दाबी छ। त्यसकारण विद्युतीय गाडीमा भएको कर वृद्धिका कारण पनि जेडएस इभी (डिलक्स) मोडलको गाडीको मूल्यमा खासै फरक नपरेको जनाइएको छ। पारामाउन्ट मोटर्सले बजेट घोषणा हुनुअघि पैठारी गरिएका स्टकमा ग्राहकले अहिले पनि पुरानो मूल्यमै पाउने जनाएको छ।

# अजोडको सेयर रजिस्ट्रारमा नबिल

**काठमाडौं**/ नबिल इन्भेस्टमेन्ट बैंकिङले युनाइटेड अजोड इन्स्योरेन्सको सेयर रजिस्ट्रारको कार्य गर्ने भएको छ। कम्पनीले सेयर रजिस्ट्रारसम्बन्धी कार्य गर्ने गरी अजोड इन्स्योरेन्ससँग सम्झौता भएको हो।

सम्झौतासँगै अब कम्पनीको धितोपत्र कारोबारसम्बन्धी अभिलेख, सेयर दाखिल खारेज, नामसारी लगत अद्यावधिकलगायतका सम्पूर्ण कार्य नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडबाट हुने जनाइएको छ। युनाइटेड इन्स्योरेन्स कम्पनी र अजोड इन्स्योरेन्स कम्पनीले गत जेठ १४ गते आइतबारबाट युनाइटेड अजोड इन्स्योरेन्सको नामबाट एकीकृत कारोबार शुभारम्भ गरेका थिए।

# सिटिजन्स बैंकले गर्‍यो सेनेटरी प्याड सहयोग



**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत तीनवटा संस्थामा रहेका बालिकाहरूको सरसफाइका लागि सहयोग गरेको छ। बैंकले अर्ली चाइल्डहुड डेभलपमेन्ट सेन्टर, बटरफ्लाइहोम र जुवेनाइल करेक्सनमा रहेका बालिकाहरूका लागि दुई वर्षलाई पुग्ने सेनेटरी प्याडका साथै तीनवटा सेनेटरी भेन्डिङ मेसिनहरू सहयोग गरेको हो।

बैंकले बालिकाहरूको सरसफाइ आवश्यकताहरू सुरक्षित गर्न र उनीहरूले सामना गर्ने चुनौतीलाई कम गर्ने उद्देश्यले संस्थाकी संस्थापक अध्यक्ष पुष्पा बस्नेतलाई उक्त सहयोग सामग्री सहयोग गरेको हो। सहयोग हस्तान्तरणका लागि आयोजित कार्यक्रममा अध्यक्ष बस्नेतले संस्थाको मान्यता प्रत्येक बालिकाको महिनावारी स्वास्थ्य व्यवस्थापन, उचित सरसफाइ सुविधा र आवश्यक स्रोतहरूमा पहुँच हुनुपर्छ भन्ने रहेको बताइन्। उक्त उद्देश्य प्राप्तिका लागि बैंकले सहयोग प्रदान गरेकोमा उनले आभार व्यक्त गरेकी थिइन्।

बैंकले देशभरि एक सय ८३ शाखा, तीन विस्तारित काउन्टर, एक सय ४० एटिएम, ६ कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

# दराजमा सामान बेच्नेलाई एनएमबि बैंकले विनाधितो कर्जा दिने

**काठमाडौं**/ इ-कमर्स प्लेटफर्म दराजमा सामान बिक्री गर्ने ग्राहकले एनएमबि बैंकमार्फत विनाधितो कर्जा पाउने भएका छन्। बैंकले दराजसँगको साझेदारीमा कर्जा लगानी गर्ने भएको हो।

सम्झौतामा दराजका प्रबन्ध निर्देशक आँचल कुँवर र बैंकका नायब प्रमुख अधिकारी गोविन्द घिमिरेले हस्ताक्षर गरेको जनाइएको छ। यो सहकार्यले उद्यमशीलताको भावना र देशको आर्थिक वृद्धिमा सहयोग गर्ने उनीहरूको प्रतिबद्धतालाई उजागर गरेको बैंकको भनाइ छ। यो कर्जा विक्रेताहरूले कुनै पनि प्रकारको सुरक्षा वा धितो प्रदान नगरी धेरै आवश्यक कोष प्राप्त गर्नु मुख्य विशेषता रहेको जनाइएको छ। यो सुविधाले साना र मझौला उद्यमहरूले वित्तीय सहायता खोज्दा सामना गर्नुपर्ने परम्परागत अवरोधहरूलाई हटाउने र अनगिन्ती सम्भावनाहरूको ढोका खोल्ने बैंकको दाबी छ।

यो सुविधाअन्तर्गत पाँच लाख रुपैयाँसम्मको ऋणका लागि आवेदन दिन सक्ने जनाइएको छ। यो ऋण रकमले विक्रेताहरूलाई सूचीमा लगानी गर्न, तिनीहरूको उत्पादन प्रस्तावहरू विस्तार गर्न, मार्केटिङ गतिविधि बढाउन र तिनीहरूको समग्र सञ्चालन सुधार गर्न सक्षम बनाउने बैंकले विश्वास व्यक्त गरेको छ।


## कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/०२/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस एसएनएस कोअपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय बुटवल, रुपन्देही मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्वन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्वन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्वन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्व चुक्ता भुक्तान गर्नुहोला, अन्यथा प्रचलित कानुन तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नियमावली २०७६ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : कृष्ण प्रसाद गैरे**
**बाबु :** हेमराज गैरे
**बाजे :** लिलामणि गैरे
**ना.प्र.नं. :** ५६०/४०१०४२
**जारी मिति :** २०६५/१२/२७ (अर्घाखाँची)
**ठेगाना :** रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. ६, दुधराक्ष बस्ने।



**व्यक्तिगत धनजमानिकर्ता : लाल बहादुर क्षेत्री**
**बुवा :** डण बहादुर क्षेत्री
**बाजे :** तुल्सीराम क्षेत्री
**ना.प्र.नं. :** २९६९/३५००
**जारी मिति :** २०६४/०१/३१ (अर्घाखाँची)
**ठेगाना :** रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. ११, बस्ने।



**धितोको विवरण**

❖ कृष्ण प्रसाद गैरेको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला साविक ख.बनगाई गा.वि.स वडा नं. ३, नक्सा सिट नं. ०९८१३१० स्थित कित्ता नं. ११८१, ११७८, ११६४र ११६५ को जम्मा क्षेत्रफल ७१०.१७ बर्गमिटरको जग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
SNS CO-OPERATIVE LTD.
एसएनएस को-अपरेटिभ सर्भिस लि.
SNS CO-OPERATIVE SERVICE LTD.
Head Office
Dillibazar, Kathmandu
Tel: 015900725



## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८०/०२/३० को नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

| क्र.स. | कर्जा शिर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | हायर पर्चेज कर्जा | **ऋणीको नामः ध्रुव बन्धु पोखरेल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४५८६७ (२०५५/०४/११/स्याङ्जा)<br>बाजेको नामः डिल्ली दत्त पोखरेल<br>बाबुको नामः पुष्पराज पोखरेल<br>ठेगानाः स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, पुतलीबजार न.पा., वडा नं. ४।<br><br>व्यक्तिगत जमानतकर्ताहरूः<br>**१. गणेशमान पौडेल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४२१०५०/९९८६० (२०६६/०५/२४/स्याङ्जा)<br>बाजेको नामः उदाखर पौडेल<br>बाबुको नामः डिल्लीराम पौडेल<br>ठेगानाः स्याङ्जा जिल्ला, आरूचौर गा.वि.स, वडा नं. ५ हाल परीवर्तित स्याङ्जा जिल्ला, अर्जुनचौपारी गा.पा., वडा नं. ५।<br><br>**२. विशाल श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४७६२ (२०५८/०९/११/स्याङ्जा)<br>बाजेको नामः खड्क प्रसाद श्रेष्ठ<br>बाबुको नामः तारा बहादुर श्रेष्ठ<br>ठेगाना. स्याङ्जा जिल्ला, जगत्रदेवी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, गल्याङ न.पा., वडा नं. ३। | धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेन्ट बैंक लि.) / ऋणी **ध्रुव बन्धु पोखरेलको** नाममा गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः<br><br>**सवारीसाधनको विवरणः**<br>कम्पनीः आइसर कं.लि<br>मोडलः Eicher 10.75 E Bus, भाडा बस<br>सवारी दर्ता नं.: ग १ ख ७७०७<br>बनेको सालः २०१७<br>च्यासिस नं.: MC2A5ERTOGK355046<br>इन्जिन नं.: E413CDGK110425 |
| २. | व्यक्तिगत कर्जा | **ऋणीको नामः मुना खरेल (न्यौपाने)**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०५५/८६० (२०६६/०५/१०/नवलपरासी)<br>बाबुको नामः गोविन्दलाल जैसी<br>ससुराको नामः गिरधारी न्यौपाने<br>पतिको नामः चन्द्रकान्त न्यौपाने<br>ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स, वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दाघाट .न.पा. वडा नं. ०४, दिव्यनगर।<br><br>व्यक्तिगत जमानतकर्ताहरूः<br>**१. चन्द्रकान्त न्यौपाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४७२०० (२०५५/०६/२६/नवलपरासी)<br>बाजेको नामः दशरथ न्यौपाने<br>बाबुको नामः गिरधारी न्यौपाने<br>ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स, वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दाघाट न.पा. वडा नं. ०४, दिव्यनगर।<br><br>**२. सजीना बस्नेत**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-६९-०४८७९ (२०६९/०८/२८/नवलपरासी)<br>बाबुको नामः जनक बहादुर बस्नेत क्षेत्री<br>ससुराको नामः गिरधारी न्यौपाने<br>पतिको नामः भरत न्यौपाने<br>ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स, वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दाघाट .न.पा. वडा नं. ०४, दिव्यनगर।<br><br>**३. केशब न्यौपाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७३५६६ (२०६१/०३/२०/नवलपरासी)<br>बाजेको नामः दशरथ न्यौपाने<br>बाबुको नामः गिरधारी न्यौपाने<br>ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स, वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दाघाट .न.पा. वडा नं. ०४, दिव्यनगर।<br><br>**४. भरत न्यौपाने**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०५५/५१० (२०६५/०९/२२/नवलपरासी)<br>बाजेको नामः दशरथ न्यौपाने<br>बाबुको नामः गिरधारी न्यौपाने<br>ठेगानाः नवलपरासी जिल्ला, बर्दाघाट .न.पा. वडा नं. ०४, दिव्यनगर। | गोविन्दलाल जैसीको छोरी, गिरधारी न्यौपानेको बुहारी, चन्द्रकान्त न्यौपानेको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स, वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दाघाट .न.पा. वडा नं. ०४, दिव्यनगर बस्ने **मुना खरेल (न्यौपाने)** को नाममा मालपोत कार्यालय नवलपरासी, परासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स/न.पा. वडा नं. ४ घ स्थित कि.न. १६४१ को क्षेत्रफल ०-०-९-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत। |

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १) | १) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४९३२०/०७७/०७८ अन्तर्गत मितिः २०७७/०८/२३ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला स्थित **अंशु बिजनेश ट्रेडिङ्ग प्रा. लि.**<br><br>**संचालक तथा जमानीकर्ताः नन्द गोविन्द महर्जन**<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ठेचो गा.वि.स.वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२<br>बाबु : नन्द बहादुर महर्जन<br>बाजे : नन्द लाल महर्जन | **२) नन्द गोविन्द महर्जन**<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ठेचो गा.वि.स.वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२<br>बाबु : नन्द बहादुर महर्जन<br>बाजे : नन्द लाल महर्जन |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) न्हुछेमाया महर्जन**<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ठेचो गा.वि.स.वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२<br>बाबु : नन्द बहादुर महर्जन<br>बाजे : नन्द लाल महर्जन | **२) भगवती कार्की क्षेत्री (महर्जन)**<br>स्थायी ठेगाना : ललितपुर जिल्ला, ठेचो गा.वि.स.वडा नं. ४<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२<br>बाबु : पूर्ण बहादुर कार्की क्षेत्री<br>ससुरा : नन्द बहादुर महर्जन<br>पति : नन्द गोविन्द महर्जन |
| | **धितोको विवरण** | |
| | १) नन्द लाल महर्जनकी नातिनि, नन्द बहादुर महर्जनकी छोरी, ललितपुर जिल्ला, ठेचो गा.वि.स.वडा नं.०४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, बस्ने न्हुछेमाया महर्जन-१, पूर्ण बहादुर कार्की क्षेत्रीकी छोरी, नन्द बहादुर महर्जनकी बुहारी, नन्द गोविन्द महर्जनकी पत्नि, ललितपुर जिल्ला, ठेचो गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, बस्ने भगवती कार्की क्षेत्री महर्जन -१ गरि जम्मा २ जनाको संयुक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, स्थित कित्ता नं. ३४५ को क्षेत्रफल १८३.२० (ब.मी.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।<br>२) अंशु बिजनेश ट्रेडिङ्ग प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। | |

**नोटः** ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

## सार्वजनिक...

पृष्ठ १ बाट क्रमशः

सय १६ स्थायी कर्मचारी कार्यरत छन् ।

अर्थतन्त्रमा परेको दबाब कम गर्न अर्थ मन्त्रालयले ५ फागुनमा १४ बुँदे खर्च कटौती गर्ने निर्देशन जारी गर्दै सम्पूर्ण करार र ज्यालादारी कर्मचारीको विवरण मागेको थियो । अर्थको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले सबै मन्त्रालय, आयोग, कार्यालय, बोर्ड, आयोजना, संस्थान, समिति र विभागमा करार/ज्यालादारीमा कार्यरत कर्मचारीको विवरण मागेको थियो । संघीय सरकारमातहतका कार्यालय वा संस्थानले २० प्रतिशतका दरले प्रशासनिक खर्च कम गर्नुपर्ने भन्दै करार र ज्यालादारीमा राखिएका अनावश्यक कर्मचारी कटौतीका लागि उक्त विवरण मागिएको थियो । तर, विवरण नै नआएको र खर्च कटौतीको नीति कार्यान्वयन गर्न पनि नसकिएको अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए । उनले दरबन्दीभन्दा बाहिर गरिने नियुक्ति गलत र गैरकानुनी रहेकोसमेत बताए ।

### दरबन्दीभन्दा बाहिर गएर करारमा भर्ती गर्नु गैरकानुनी हो

● **धनीराम शर्मा,** प्रवक्ता, अर्थ मन्त्रालय



अर्थ मन्त्रालयले स्वीकृत दरबन्दीभन्दा बाहिर गएर करारमा नियुक्ति भएको वा नभएको विषय जाँच्न करारमा कार्यरत कर्मचारीको विवरण मागेको थियो । तर, विभिन्न कारणले विवरण प्राप्त हुन सकेको छैन । दरबन्दीभन्दा बाहिर गएर कसैलाई नियुक्ति दिइन्छ भने त्यो गलत र गैरकानुनी हो । पछिल्लो समय आउटसोर्सिङ नगरी कर्मचारी वा कामदारको रिक्तता पूर्ति गर्न पनि नसक्ने अवस्था छ । तर, आफूखुसी निकटतम व्यक्तिलाई नियुक्ति दिनु गलत हो । सबै किसिमका करार नियुक्ति खराब भन्ने हुँदैन, कतिपय प्राविधिक क्षेत्रमा दक्ष जनशक्तिको आवश्यकता परिपूर्ति गर्नुपर्ने हुन्छ । राज्यलाई अतिरिक्त व्ययभार हुने गरी करार नियुक्ति दिनु भने गैरकानुनी हो ।

संस्थानमा बेथिति बढ्दै गएपछि सुधारका लागि विभिन्न समयमा सरकारले अध्ययन कार्यदल गठन गर्दै आएको छ । यस्ता कार्यदलको सुझाव कडाइका साथ कार्यान्वयन भने हुन सकेको छैन । सरकारले पछिल्लो समय पूर्वसचिव शंकर अधिकारी नेतृत्वमा समिति गठन गरी सार्वजनिक संस्थान सुधार सम्बन्धमा अध्ययन गरिरहेको छ । ५ वैशाखमा बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार गठन भएको समितिले असारसम्ममा प्रतिवेदन बुझाउने कार्यादेश पाएको समितिका सदस्य एवं अर्थ मन्त्रालयका उपसचिव भीम काफ्लेले बताए । अध्ययनमा संस्थानका प्रशासनिक खर्च, कर्मचारीलगायत सबै विषय समावेश हुने उनको भनाइ छ । 'सार्वजनिक संस्थान सुधारका लागि अहिले अध्ययनकै चरणमा छौँ । सूक्ष्म अध्ययन गरेर प्रतिवेदन दिनेछौँ । त्यसबाट संस्थान सुधारका लागि काम गर्न सरकारलाई धेरै सहज हुने अपेक्षा छ,' काफ्लेले भने ।

### कुन संस्थानमा कति छन् ज्यालादारी/करार कर्मचारी ?

#### ■ दुग्ध विकास संस्थान

एक हजार तीन कर्मचारी कार्यरत दुग्ध विकास संस्थानमा ६८४ स्थायी, ३१३ ज्यालादारी र ६ करारका छ । करारमा ठूलो संख्याका कर्मचारी पालेको यो संस्थानको घाटा गुणात्मक रूपमा बढेको छ । ०७७/७८ मा १६ करोड ७१ लाख घाटा रहेको संस्थान ०७८/७९ मा ३७ करोड चार लाख नोक्सानीमा गुज्रिएको छ । प्रशासनिक खर्च मनलाग्दी भइरहेको दुग्ध विकास संस्थानको सञ्चित नोक्सानी एक अर्ब २० करोड रुपैयाँ छ ।

#### ■ जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.

आयुर्वेदिक औषधि उत्पादनमा केन्द्रित गर्ने गरी स्थापना भएको जटीबुटी कम्पनीले लक्ष्यअनुसार कार्यसम्पादन गरेको छैन भने कर्मचारी भने ज्यालादारी, करार र अस्थायी नै बाहुल्य छन् । कुल २५४ कर्मचारी रहेको जडीबुटी कम्पनीमा ३४ मात्र स्थायी छन् । ज्यालादारीमा ३६, करारमा पनि ३६ र अस्थायीतर्फ एक सय ४८ कर्मचारी छन् । सामान्य नाफामा रहे पनि कम्पनीको नाफादर खुम्चिएको छ । ०७७/७८ मा एक करोड ९१ लाख नाफा रहेको कम्पनी ०७८/७९ मा एक करोड ६६ लाख ६९ हजारमा खुम्चिएको छ । कम्पनीको सञ्चित नाफा २९ करोड ९१ लाख छ ।

#### ■ हेटौँडा सिमेन्ट उद्योग लिमिटेड

लक्ष्यअनुसार सिमेन्ट उत्पादन गर्न असफल भएर बारम्बार बन्द हुँदै आएको हेटौँडा सिमेन्ट उद्योग निरन्तर नोक्सानीमा छ, तर दलका कार्यकर्ता भर्ती भने रोकिएको छैन । ३९५ कर्मचारी कार्यरत रहेको उद्योगमा ज्यालादारीका १०५ जना छन्, जसमा १७ जना अधिकृत तह र बाँकी ८८ जना सहायक पदमा कार्यरत छन् । त्यस्तै, करारमा रहेका ६६ मध्ये नौ अधिकृत र ५७ सहायक तहका छन् । यो उद्योगमा २२४ स्थायी कर्मचारी छन् । ०७७/७८ मा १७ करोड चार लाख नोक्सानी व्यहोरेको हेटौँडा सिमेन्ट ०७८/७९ मा ११ करोड १५ लाख नोक्सानमा गयो । उद्योगको सञ्चित नोक्सानी ९० करोड छ ।

#### ■ नेपाल औषधि लिमिटेड

६१ स्थायी कर्मचारी रहेको औषधि लिमिटेडमा २२ करार र एक ज्यालादारीका छन् । निरन्तर नोक्सान खेप्दै आएको यो संस्थानले ०७७/७८ मा १३ करोड ७४ लाख र ०७८/७९ मा १३ करोड ८६ लाख घाटा व्यहोर्‍यो ।

#### ■ उदयपुर सिमेन्ट उद्योग लिमिटेड

उदयपुर सिमेन्टमा तीन सय स्थायी र ५८ सहायक तहका करार कर्मचारी छन् । ०७८/७९ मा चार करोड ९३ लाख झिनो नाफा गरेको उद्योग चालू आवमा निरन्तर बन्द हुँदा कुल क्षमताको ३५ प्रतिशत मात्रै उत्पादन भएको छ । उद्योगको सञ्चित नोक्सानी पाँच अर्ब ४२ करोड नाघेको छ ।

#### ■ कृषि सामग्री कम्पनी लिमिटेड

रासायनिक मलको सहज आपूर्ति गर्न स्थापना गरिए पनि कहिल्यै पनि किसानलाई सहज रूपमा मल आपूर्ति गर्न नसकेको कृषि सामग्री कम्पनी लिमिटेडमा कुल २१३ कर्मचारी रहेकामा १२८ स्थायी, ८१ ज्यालादारी र चार करारका छन् । कम्पनी भने नियमित नाफामै छ । ०७७/७८ मा १२ करोड २४ लाख नाफामा रहेको कम्पनी ०७८/७९ मा ४५ करोड २१ लाख नाफामा पुग्यो । कम्पनीको सञ्चित नाफा एक अर्ब ६० करोड नाघेको छ ।

#### ■ नेपाल आयल निगम लिमिटेड

कुल ६२५ कर्मचारी रहेको आयल निगममा ५०७ स्थायी र ११८ करारका छन् । चार वर्षयता निगम निरन्तर नोक्सानीमा छ । निरन्तर प्रशासनिक खर्च बढिरहेको निगमले ०७८/७९ मा मात्रै ३८ अर्ब १७ करोड नोक्सानी व्यहोरेको छ । सञ्चित नोक्सानी १७ अर्ब ८१ करोड पुगेको छ ।

#### ■ नेपाल वन निगम लिमिटेड

टिम्बर कर्पोरेसन र वन पैदावर विकास समिति गाभिएर बनेको वन निगममा ३७ स्थायी कर्मचारी छन् भने सहायक तहका ज्यालादारी ६१ जना छन् । १७ करोड सात लाख सञ्चित नाफामा रहे पनि पछिल्ला वर्ष निगमको वार्षिक नोक्सानी भने गुणात्मक रूपमा बढ्दै गएको छ । ०७७/७८ मा ९६ लाख नोक्सानीमा रहेको निगमले ०७८/७९ मा दुई करोड २७ लाख नोक्सानी व्यहोर्‍यो ।

#### ■ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

कुल २१७ कर्मचारी कार्यरत यो संस्थानमा दुई सय स्थायी र १७ करारका छन् । मुलुकभरका औद्योगिक करिडोर निजी क्षेत्रलाई भाडामा लगाउने मुख्य जिम्मेवारी पाएकाले यो संस्थान निरन्तर नाफामा छ । ०७८/७९ मा पाँच करोड ३७ लाख नाफा आर्जन गरेको यसको सञ्चित नाफा ६० करोड १४ लाख छ ।

#### ■ पारवहन तथा गोदाम व्यवस्था लिमिटेड

पारवहन कम्पनीमा करारका कर्मचारीको बाहुल्य छ । कुल १०९ कर्मचारीमध्ये ३६ स्थायी र बाँकी सबै ७३ सहायकस्तरको करारमा कार्यरत छन् । तेस्रो देशको व्यापार सहजीकरण गर्न सामग्रीहरू हवाईजहाज तथा पानीजहाजमार्फत कार्गो सेवा प्रदान गर्न स्थापित यो कम्पनी निरन्तर नाफामै छ । ०७८/७९ मा आठ करोड ५३ लाख नाफा गरेको कम्पनीको सञ्चित नाफा ५० करोड २८ लाख छ ।

#### ■ नेपाल वायुसेवा निगम

एक हजार ३६३ कर्मचारी कार्यरत वायुसेवा निगममा ८६३ स्थायी र पाँच सय करार तथा ज्यालादारीका छन् । राष्ट्रिय ध्वजावाहक विमान सञ्चालन गर्दै आएको निगम भने निरन्तर नोक्सानीमा छ । ०७७/७८ मा तीन अर्ब ६६ करोड नोक्सानी व्यहोरेको निगमले ०७८/७९ मा नोक्सानी घटाएर एक अर्ब ७० करोडमा सीमित गरायो । निगमको सञ्चित नोक्सानी १५ अर्ब ४७ करोड छ ।

#### ■ राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

एसियाली उत्पादकत्व संगठन (एपिओ)को सम्पर्क कार्यालयका रूपमा कार्य गरिरहेको यस केन्द्रमा ६ स्थायी र दुई ज्यालादारी कर्मचारी छन् । ०७८/७९ मा २८ लाख घाटा व्यहोरेको यो केन्द्र सोही वर्षसम्म १० करोड ८८ लाख सञ्चित नोक्सानीमा रहेको तथ्यांक छ ।

#### ■ नेपाल नागरिक उड्डयन प्राधिकरण

एक हजार ४४८ कर्मचारी कार्यरत प्राधिकरणमा ८५३ स्थायी छन् भने ४९४ सहायक तहका अस्थायी र १०१ करारका छन् । करारमा रहेकामध्ये ४७ अधिकृत तह र ५४ सहायक तहका छन् । देशभरका विमानस्थल सञ्चालन गर्दै आएको प्राधिकरण निरन्तर नाफामा छ । ०७८/७९ मा एक अर्ब ३० करोड नाफा आर्जन गरेको प्राधिकरणको सञ्चित नाफा १६ अर्ब ५८ करोड छ ।

#### ■ साझा यातायात

साझामा अहिले २३ कर्मचारी छन् । जसमा सबैभन्दा धेरै १६ जना करार, चार ज्यालादारी र तीन स्थायी छन् । करारमा रहेका बसचालक र सहचालक रहेको कम्पनीले जनाएको छ । साझाले ०७८/७९ मा २२ करोड ५३ लाख नाफा गरेको थियो ।

#### ■ नेपाल रेल्वे कम्पनी लिमिटेड

११९ कर्मचारी कार्यरत रहेको रेल्वेमा १० जना मात्रै स्थायी छन् । १०९ जना ज्यालादारीमा राखिएका छन् । जनकपुरमा केन्द्रीय कार्यालय रहेको रेल्वे कम्पनी लामो समयदेखि कार्यकर्ता भर्ती केन्द्र बन्दै आएको छ । कुर्ता-जयनगर रेल सञ्चालन गर्दै आएको कम्पनी निरन्तर नोक्सानीमा छ । ०७८/७९ मा कम्पनी सबैभन्दा धेरै १४ करोड ३५ लाख नोक्सानीमा गएको थियो । त्यसअघि ०७७/७८ मा एक करोड ६५ लाख नोक्सानमा थियो । रेल्वे कम्पनीको सञ्चित नोक्सानी ४१ करोड ४९ लाख छ ।

#### ■ विशाल बजार कम्पनी लिमिटेड

भवन भाडामा दिएर कारोबार सञ्चालन गर्दै आएको विशाल बजार कम्पनी लिमिटेडमा करारका कर्मचारीको बाहुल्य छ । कुल ४१ कर्मचारीमध्ये २४ करारमा र १७ स्थायी छन् । निरन्तर नाफामा रहेको कम्पनीले ०७८/७९ मा १२ करोड नौ लाख नाफा निकालेको थियो । गत आवसम्मको सञ्चित नाफा ९९ करोड ८७ लाख छ ।

#### ■ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

३८२ कर्मचारीमा १९८ स्थायी र १८४ ज्यालादारीमा छन् । ०७८/७९ मा १४ करोड ८८ लाख नाफा गरे पनि कम्पनी ७८ करोड ७३ लाख सञ्चित नोक्सानीमा छ ।

#### ■ सांस्कृतिक संस्थान

४६ कर्मचारीमध्ये २८ स्थायी र १८ ज्यालादारीमा छन् । निरन्तर नोक्सानीमा रहेको संस्थानले ०७७/७८ मा दुई करोड ४१ लाख र ०७८/७९ मा दुई करोड ४४ लाख नोक्सान व्यहोर्‍यो । ०७८/७९ सम्म संस्थानको सञ्चित नोक्सानी २६ करोड ९३ लाख छ ।

#### ■ गोरखापत्र संस्थान

संस्थानमा कुल ४७७ कर्मचारी छन् । २८० स्थायी, १६० करार र ३७ ज्यालादारीमा छन् । ०७७/७८ मा आठ करोड नोक्सानी व्यहोरेको संस्थानले ०७८/७९ मा पाँच करोड ४९ लाख नाफा कमायो । तर, संस्थान १७ करोड सञ्चित नोक्सानमा छ ।

#### ■ जनक शिक्षा समग्री केन्द्र लिमिटेड

केन्द्रमा कुल ५०२ कर्मचारी छन् । जसमध्ये ३३२ स्थायी छन् । करारमा रहेका १५९ जना सबै सहायक तहका हुन् । यस्तै, ज्यालादारीमा ११ कामदार कार्यरत छन् । केन्द्र एक अर्ब ३९ करोड सञ्चित नोक्सानीमा छ । गत अब ०७८/७९ मा भने २२ करोड नाफा गरेको थियो ।

#### ■ नेपाल टेलिभिजन

नेपाल टेलिभिजनमा ४९५ कर्मचारी छन् । जसमध्ये २५६ मात्रै स्थायी हुन् । अस्थायीतर्फ १२१ रहेकोमा तीनजना अधिकृत तह र बाँकी ११८ जना सहायक स्तरका छन् । करारमा ९० र ज्यालादारीमा २८ जना छन् । टेलिभिजन निरन्तर नोक्सानीमा छ । ०७७/७८ मा १९ करोड ९ लाख घाटामा रहेकोमा ०७८/७९ मा केही घटेर १२ करोड ७५ लाख नोक्सानमा गयो । नेपाल टेलिभिजनको सञ्चित नोक्सानी भने दुई अर्ब ६ करोड पुगेको छ ।

#### ■ राष्ट्रिय आवास कम्पनी लिमिटेड

गरिबीको रेखामुनि रहेका र घडेरी नभएका परिवारलाई आवासको व्यवस्था गर्न स्थापना भएको यो कम्पनी राजनीतिक दलका कार्यकर्ता भर्ती केन्द्र बनेको छ । कम्पनी पूर्ण रूपले करार र ज्यालादारी कर्मचारीको भरले चलेको छ । कुल ६२ कर्मचारीमध्ये पाँचजना मात्रै स्थायी छन् । २९ अस्थायी र २८ करारका छन् । ०७८/७९ मा ६ करोड ४६ लाख घाटा व्यहोरेको कम्पनीको सञ्चित नोक्सानी १० करोड ८० लाख पुगेको छ ।

#### ■ खानेपानी संस्थान

संस्थानमा कुल ६३० कर्मचारी छन् । स्थायी ३०१ र अस्थायी ३२९ छन् । यो संस्थान निरन्तर नोक्सानीमा छ । ०७७/७८ मा ३६ करोड ३७ लाख घाटामा गएको संस्थानले ०७८/७९ मा झन् धेरै ३९ करोड ५४ लाख घाटा व्यहोर्‍यो । सञ्चित नोक्सान दुई अर्ब ४५ करोड नाघेको छ ।

#### ■ नेपाल विद्युत् प्राधिकरण

प्राधिकरणमा आठ हजार ४०४ स्थायी कर्मचारी छन् । थप १३२ ज्यालादारीमा छन् । ०७८/७९ मा १३ अर्ब ३६ करोड नाफा आर्जन गरेको प्राधिकरणको सञ्चित नाफा २४ अर्ब ८० करोड पुगेको छ ।

#### ■ नेपाल टेलिकम

नेपाल टेलिकममा तीन हजार ८१७ स्थायी र ७६ कर्मचारी करारमा छन् । टेलिकम ०७९/७९ मा आठ अर्ब ४७ करोड नाफामा थियो । सञ्चित नाफा ४५ अर्ब ३९ करोड छ ।

#### ■ विद्युत् उत्पादन कम्पनी

विद्युत् उत्पादन गर्ने उद्देश्यले ०७३ मा खुलेको यो संस्थान हालसम्म ३४ करारका कर्मचारीकै भरमा चलेको छ । कम्पनी २६ करोड २० लाख सञ्चित नाफामा छ । कम्पनीले ०७८/७९ मा मात्रै १० करोड ७९ लाख नाफा कमायो ।

#### ■ राष्ट्रिय प्रसारण ग्रिड

३७ स्थायी र दुई अस्थायी कर्मचारी कार्यरत यो संस्थान ०७८/७९ सम्म ६० करोड ३४ लाख सञ्चित नाफामा छ ।

#### ■ राष्ट्रिय बिमा संस्थान

कुल १७१ कर्मचारी रहेका संस्थानमा १०८ स्थायी, ६२ करार र एक ज्यालादारीमा छन् । ०७८/७९ सम्म संस्थानको नाफा १६ करोड ७६ लाख छ ।

#### ■ राष्ट्रिय बिमा कम्पनी लिमिटेड

कम्पनीमा कुल ९० कर्मचारीमध्ये ८६ स्थायी र चार करारमा छन् । यो कम्पनीले गत आवमा ४७ करोड ३४ लाख नाफा आर्जन गरेको थियो ।

#### ■ निक्षेप तथा कर्जा सुरक्षण कोष

कोषमा रहेका ७७ कर्मचारीमध्ये ५७ स्थायी छन् । १३ करारमा र सात ज्यालादारीमा रहेको कोष ०७८/७९ सम्म १५ करोड ६१ लाख सञ्चित नाफामा छ ।

#### ■ तीन सरकारी बैंक

कृषि विकास, राष्ट्रिय वाणिज्य र नेपाल बैंकमा स्थायीतर्फ ६ हजार १०८ र अस्थायीतर्फ २ हजार ११८ कर्मचारी कार्यरत छन् । कृषि विकास बैंकमा स्थायी २ हजार १७४, करारमा १७१ र कामदारका रूपमा ५३४ कार्यरत छन् । बैंकको सञ्चित नाफा ३ अर्ब ५२ करोड छ । त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकमा २ हजार ३ स्थायी र १०३ करार कर्मचारी कार्यरत छन् । बैंकको सञ्चित नाफा एक अर्ब आठ करोड छ । नेपाल बैंक लिमिटेडमा कुल ३ हजार २११ कर्मचारी रहेकोमा स्थायी तर्फ १ हजार ९३१ छन् । ज्यालादारीमा ४०८, अस्थायीमा ७८१ र करारमा ९१ जना छन् ।

#### ■ नेपाल स्टक एक्सचेन्ज

नेप्सेमा कुल ४१ कर्मचारी रहेकामध्ये ३२ स्थायी र नौ अस्थायी छन् । यो कम्पनी ०७८/७९ सम्म एक अर्ब ७० करोड सञ्चित नाफामा छ ।

#### ■ नागरिक लगानी कोष

कोषमा एक सय २२ कर्मचारीमध्ये ९९ स्थायी र २३ करारमा छन् । यो कम्पनी ०७८/७९ सम्म नौ अर्ब ३४ करोड सञ्चित नाफामा छ ।

#### ■ एचआइडिसिएल

जलविद्युत् आयोजनामा लगानीका लागि वित्तीय स्रोत जुटाइदिने उद्देश्य रहेको हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसिएल) मा आठ स्थायी र १९ करारका कर्मचारी कार्यरत छन् । ०७८/७९ सम्म कम्पनीको सञ्चित नाफा ७१ करोड १० लाख देखिएको छ ।

#### ■ कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

समितिमा ६७ कर्मचारी रहेकोमा २९ स्थायी र ३८ जना करारका छन् । समिति ०७८/७९ मा १४ करोड ३७ लाख नाफामा थियो ।

#### ■ तारा गाउँ विकास समिति

२५ जना कर्मचारी कार्यरत रहेकामा १९ स्थायी, पाँच करार र एक अस्थायी छन् । कम्पनीको सञ्चित नाफा ३ करोड २४ लाख छ ।

#### ■ कपास विकास समिति

कपासको निर्यात गर्ने उद्देश्यले स्थापना गरिएको समितिमा २० कर्मचारीको दरबन्दी छ । तर, २७ कर्मचारी कार्यरत छन् । यसमा पनि करारका १७ र स्थायी १० छन् । सरकारले यो संस्थानलाई आगामी आर्थिक वर्षमा खारेज गर्ने घोषणा गरिसकेको छ ।

#### ■ नेपाल इन्टरमोडेल यातायात विकास समिति

समितिमा कार्यरत कुल ७६ कर्मचारीमध्ये स्थायी ३३ र करार ४३ जना छन् । समितिको बेरुजु १८ करोड ४१ लाख छ । अब समितिलाई खारेज गर्ने आगामी आर्थिक वर्षको बजेटमै उल्लेख छ ।

#### ■ रेडियो नेपाल

रेडियोमा कुल ५४९ कर्मचारी रहेकामा ३६९ स्थायी र १८० करारमा छन् । रेडियो नेपाल र नेपाल टेलिभिजन गाभ्ने सरकारको घोषणा छ ।

#### ■ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

केन्द्रमा ४५ कर्मचारीमध्ये ४१ जना स्थायी र ४ जना करारमा छन् ।

#### ■ कर्मचारी सञ्चय कोष

कोषमा ४०२ कर्मचारी रहेकामध्ये ३३७ स्थायी र ६५ जना करारमा छन् । ०७८/७९ मा कोषको नाफा पाँच अर्ब ५८ करोड छ ।

#### ■ नेपाल पूर्वाधार कम्पनी लिमिटेड

यो कम्पनी स्थापना भएको चार वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन । इन्जिनियरिङ विषयमा विभिन्न परियोजनाको सम्भाव्यता अध्ययन गर्ने यसको कार्यक्षेत्र हो । तर, अहिलेसम्म कर्मचारी पूर्ति नै हुन सकेको छैन । रेखदेखका लागि आठजना करारका कर्मचारी छन् ।

## मालपोत र...

पृष्ठ १ बाट क्रमशः

भएका छौँ । समस्या पर्दा बैंकमा धितो राखेर ऋण लिनसमेत पाउँदैनौँ ।'

राष्ट्रिय भूमि आयोग झापाका अनुसार गौरादह- ४ र ५ (साबिक महारानीझोडा गाविस)मा करिब ६ हजार परिवारसँग पुरानो जग्गाधनी प्रमाणपुर्जा छ । तर, नक्सा कार्यान्वयन नहुँदा त्यो धनीपुर्जा अधिकांश अवस्थामा 'बेकामे' छ । स्थानीय तहको चुनावको मुखमै २२ चैत ०७८ मा ५० परिवारलाई राष्ट्रिय भूमि आयोगले पुरानो धनीपुर्जामाथि आयोगको नामको अर्को धनीपुर्जा थपिदियो । यसरी ५० परिवारले त दोहोरो प्रमाणपुर्जा पाएका छन् । 'चुनाव आउन लागेको थियो । हामीले बाँड्यौँ नि भन्ने देखाउनलाई आयोगले धनीपुर्जा बाँडेको रहेछ,' गौरादह- ४ का मुक्ति आचार्य भन्छन्, 'तत्काल लागू हुन्छ भनिएको धनीपुर्जा अझै लागू भएन ।'

गौरादह- ४ का द्रोण अधिकारीकी श्रीमती कुमारी अधिकारीको नाममा एक बिघा १५ धुर जग्गाको दुई धनीपुर्जा छ । विगतमा मालपोतबाट खरिद गर्दा उनलाई जग्गाको कुनतर्फ हो खुलाएर धनीपुर्जा दिइएको थियो । उक्त पुरानो धनीपुर्जामा जग्गाका कित्ता नम्बर भने विगतमा जसको बाट खरिद गरिएको उसको र द्रोणको पनि एउटै छ । तर, भूमि आयोगले दिएको धनीपुर्जामा भने कित्ता नम्बर फेरिएर आएको छ । '०७३ मा विशेष नापीले नाप गरेको नक्सा जारी गरिदिए हाम्रो समस्या समाधान हुन्छ,' उनले भने, 'हामीलाई भूमि आयोगले धनीपुर्जा दिने होइन । हामी सुकुमबासी होइनौँ । यो जग्गा ऐलानी पनि होइन । बेकाममा भूमि आयोगको काम थपियो । केही कर्मचारीले जागिर खाए । हामीलाई त मालपोत र नापी मिलेर नक्सा जारी गरिदिए भइहाल्छ ।'

भूमि आयोगले दिएको धनीपुर्जाको काम त मालपोतले दिएको पुरानो धनीपुर्जाजति पनि नरहेको अधिकारी बताउँछन् । 'पुरानोले त हामी मालपोत कर तिरिरहेका थियौँ,' उनले भने, 'यसले त मालपोत कर पनि तिर्न नमिल्ने रहेछ । यसको के काम रह्यो र ?'

सो ठाउँको नक्सा कार्यान्वयनमा नआउँदा धेरै समस्या रहेको स्थानीय सावित्रा सापकोटा बताउँछिन् । 'नक्सा नहुँदा तर्फ खुलाएर मात्र जग्गा किनेका छौँ । हाम्रो जग्गा ठ्याक्कै कता हो भन्ने थाहा छैन । यसले भोलिका दिनमा सिमानाको विवाद ल्याउन सक्छ । त्यो विवादको समाधान कसरी गर्ने ? ठूलो घर बनाएर बस्न पनि सकेका छैनौँ । भोलि जग्गा अर्काकोमा पर्‍यो भने ? जग्गा सडकमा पर्‍यो भने ?' उनले भनिन्, 'पैसाको धेरै समस्या पर्‍यो भने जग्गा धितो राखेर निकाल्छु भन्न सकिएको छैन । बैंकहरूले नक्साविना धितो राख्नसमेत मान्दैनन् ।'

### एक हजार ४७२ जनालाई पनि फेरि धनीपुर्जा दिने तयारी

राष्ट्रिय भूमि आयोगले गौरादह- ४ मा थप एक हजार चार सय ७२ जनालाई पुरानो धनीपुर्जामाथि थप अर्को धनीपुर्जा थप्ने तयारी गरेको छ । सूचना निकालेर उनीहरूलाई सनाखतका लागि बोलाएको छ । यद्यपि, हालसम्म तीन सय हाराहारीले मात्र सनाखत गरेका छन् । 'वैशाखसम्ममा सनाखत गराउने योजना थियो । तर, अहिलेसम्म न्यूनले मात्र सनाखत गरेका छन्,' राष्ट्रिय भूमि आयोग झापाका अध्यक्ष तिलकसिंह पाण्डेले भने ।

पाण्डेका अनुसार ०७३ सालमा विशेष नापी टोलीले गौरादह- ४ र ५ को सिंगो वडाको एकमुस्ट नक्सा तयार पारेको छ । गौरादह- ४ को तीन हजार पाँच सय र गौरादह- ५ को दुई हजार पाँच सयकै धनीपुर्जा वितरण नगरेसम्म नक्सा कार्यान्वयनमा नआउने पाण्डेले बताए । 'यो पुराना समितिको अधुरो काम हो । यहाँ पुरानो नक्सा थियो । प्रमाणित नहुँदा कार्यान्वयन भएन । ०७३ मा विशेष नापीले नापी गर्‍यो । पुरानो धनीपुर्जामा फरक कित्ता नम्बर छ । हामीले दिएकोमा फरक छ । पुरानोको क्षेत्रफल बिघामा थियो । हाम्रो हेक्टरमा छ,' उनले भने, 'यहाँ नक्सा कार्यान्वयन नभएका कारण मालपोतलाई अधिकार थिएन । त्यसैले हामीलाई दिएको हो । विशेष नापीले एउटै सिटमा सिंगो वडाको नक्सा बनाएको छ । सबैलाई धनीपुर्जा नदिएसम्म कार्यान्वयन गर्न मिल्दैन, अहिले गत वर्ष वितरण गरेका ५० जनाको कार्यान्वयनमा पठाउँदा तीन हजार पाँच सय ४० को दर्ता गर्ने बाटो बन्द हुन्छ ।'

पाण्डेका अनुसार आउने कात्तिकसम्ममा गौरादह- ४ को तीन हजार पाँच सय परिवारको धनीपुर्जा वितरण गरेर नक्सा कार्यान्वयनमा पठाइनेछ । यद्यपि, स्थानीयले भने विश्वास गरेका छैनन् । किनकि १४ महिनाअघि ५० वटा धनीपुर्जा वितरण गरेयता आयोगले थप धनीपुर्जा वितरण गर्न सकेको छैन ।

आयोगका अध्यक्ष पाण्डेले गौरादह- ४ र ५ मा अझै पनि केही प्राविधिक समस्या रहेको बताए । ती समस्या केन्द्रीय तहबाट नै हल हुनुपर्ने उनले बताए । 'यहाँ ०२२ सालको नक्सा पनि छ । नक्सा स्रेस्ता पुर्जा सबै चालू छ । तर, प्रमाणित थिएन । उक्त नक्सा अप्रमाणित भए पनि त्यसलाई आधार बनाउनु भनेर विशेष नापीलाई भनिएको थियो,' उनले भने, 'त्यसवेला भएका बाटो, पैनी, खोल्सा नक्सामा देखाएको छ । तर, व्यवहारमा छैन । अहिले त्यहाँ घर पनि बनेका छन् । यो नक्सामा साबिक र अहिलेको गरेर दुई प्रकारका छन् । यसलाई के गर्ने भन्ने समस्या छ ।' यस्तै, तीन हजार पाँच सयकै धनीपुर्जाका लागि सनाखत गर्न सूचना निकाले पनि सबै आउने सम्भावना नभएको उनी बताउँछन् । त्यो क्रममा आएकाजतिको नक्सा कार्यान्वयनका लागि पठाउँदा पछि बाँकी रहेका आए भने समस्या निम्तिन सक्ने उनी बताउँछन् ।

## चालकसहित...

पृष्ठ १ बाट क्रमशः

११ वर्षीय शिशिर खनाल हुन् । गाडीचालक लमही नगरपालिका- ५ का ताराबहादुर कुमालको पनि मृत्यु भएको छ । स्वर्गद्वारी नगरपालिका- ४ भ्यागुतेमा घुम्ती परेको सडकबाट ५० मिटर तल खसेको जिप तीव्र गतिका कारण दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । दिउँसो साढे ३ बजेतिर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय प्युठानका प्रहरी प्रमुख डिएसपी सुवास खड्काले जानकारी दिए ।


**पर्वत कुश्मा बचत तथा ऋण सहकारी संस्था लि.**

दरबारमार्ग, काठमाडौं । फोन नं. ०१-४२६०४२६

**ऋण तथा जमानी कर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सूचना**

यस पर्वत कुश्मा बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिएको सदस्यहरुले सावाँ र ब्याज चुक्ता नगरि कर्जा सम्बन्धी शर्तहरु उल्लंधन गरेको र पटक पटक लिखित पत्र पठाउँदा बुझेर नलिने, मौखीक तथा लिखीत ताकेता गर्दा समेत संस्थामा आफूले बुझाउनुपर्ने ऋण चुक्ता नगरेको कारण उल्लेखित ऋणी तथा जमानी कर्तालाई संस्थाबाट लिएका कर्जा रकमको सावाँ र ब्याज सूचना प्रकाशित मितिको ३५ दिन भित्र चुक्ता गर्न सूचति गरिन्छ । उक्त समय भित्र चुक्ता नगरेमा सहकरी ऐन, नियमावली र संस्थाको सम्बन्धी विनियम अनुसार चल,अचल श्री सम्पतिबाट असुलउपर गरिने जानकारी गराउदैछौ ।

तपशिलः-

| ऋणीको नामथर : | जमानीकर्ताको नामथर |
|---|---|
| **नाम : राम बहादुर क्षेत्री**<br>वुवा : पुष्ट बहादुर क्षेत्री<br>बाजे : मोती बहादुर क्षेत्री<br>ठेगाना : पाङ्गाराङ -७, पर्वत | |
| **नाम : प्रिति माया तामाङ्ग**<br>वुवा : राम बहादुर तामाङ्ग<br>पति : तेन्जिङ लामा<br>ठेगाना : अशिग्राम-७, डडेलधुरा | **नाम : तेन्जिङ लामा**<br>वुवा : गोपाल लामा<br>पत्नी : प्रिति माया तामाङ्ग<br>ठेगनाः नौविसे-६, खानीखोला, धादिङ्ग<br>**नाम : लक्ष्मी श्रेष्ठ**<br>वुवा : रत्न दाश श्रेष्ठ<br>पति : कमल श्रेष्ठ<br>ठेगना : चिसापानी- ५, रामेछाप |
| **नाम : शालिग्राम चालिसे**<br>वुवा : वाल कृष्ण उपाध्याय<br>ठेगानाः जैदी-१, वाग्लुङ्ग<br>हालको ठेगाना : ग्रिनल्याण्ड वडा नं. ६ काठमाडौं । | **नाम : नारायण बहादुर सुवेदी**<br>वुवा : लाल बहादुर सुवेदी<br>वाजे : पदम बहादुर सुवेदी<br>ठेगानाः नारायणस्थान-९, वाग्लुङ्ग<br>हालको ठेगाना : टोखा सरस्वती-९ काठमाडौं । |

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना**

प्रकाशित मितिः २०८०/०२/३०

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बझाङ्गबाट सिटिजन्स फाष्ट ट्रयाक कर्जा-अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

**कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा-अधिविकर्ष कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

१. नाम : **जोगा देवी रोकाया**
बाबु : सिउमल कुवँर
बाजे : धन विर कुवँर
ससुरा : गिरी रोकाया
पति : लाल बहादुर रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : १०९१/०४४/४५
जारी मिति : २०४४/११/२४
जि.प्र.का. : बझाङ्ग

२. नाम : **गणेश बहादुर रोकाया**
बाबु : लाल बहादुर रोकाया
बाजे : गिरी रोकाया
पत्नी : हरिना देवी रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : ३१२०
जारी मिति : २०४८/०७/२४ (प्रतिलिपि २०७४/०८/२८)
जि.प्र.का. : बझाङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : **हरिना देवी रोकाया**
बाबु : चन्द्र बहादुर कुवँर
ससुरा : लाल बहादुर रोकाया
पति : गणेश बहादुर रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : ७१३००७/८४
जारी मिति : २०६३/१०/१५
जि.प्र.का. : बझाङ्ग

२. नाम : **कलक रोकाया**
बाबु : लाल बहादुर रोकाया
बाजे : गिरी रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : ३१६७८
जारी मिति : २०६३/०६/२९
जि.प्र.का. : बझाङ्ग

३. नाम : **जोगादेवी रोकाया**
बाबु : लोक बहादुर खड्का
ससुरा : लाल बहादुर रोकाया
पति : ईश्वर बहादुर रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : ७१३००७/८५
जारी मिति : २०६३/१०/१५
जि.प्र.का. : बझाङ्ग

४. नाम : **तनुजा कुमारी रोकाया**
बाबु : गणेश बहादुर रोकाया
बाजे : लाल बहादुर रोकाया
ठेगाना : कोटदेवल गा.वि.स.-९ बझाङ्ग
हाल : मष्टा गा.पा.-१, बझाङ्ग
ना.प्र.नं : ७१-०१-७४-०१६३२
जारी मिति : २०७४/०४/०८
जि.प्र.का. : बझाङ्ग

**धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः- जोगा देवी रोकाया**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| बझाङ्ग | चैनपुर | ०१/०१६ | ७०५ | ००१२० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फयाक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

# इतिहास रचे जोकोभिकले



स्पेनिस खेलाडी नाडालको रेकर्ड तोड्दै जोकोभिक पुरुष टेनिस इतिहासमा सर्वाधिक २३ पटक ग्रान्डस्लाम विजेता बने

सर्वियाली नोभाक जोकोभिकले पुरुष ग्रान्डस्लाममा नयाँ इतिहास रचेका छन् । पेरिसमा आइतबार राति फ्रेन्च ओपन जितेसँगै जोकोभिक पुरुषतर्फ सर्वाधिक ग्रान्डस्लाम जित्ने खेलाडी बनेका छन् । जोकोभिकले राफेल नाडालको २२ ग्रान्डस्लामलाई पछि पार्दै २३औँ संख्या पुऱ्याएका छन् । यस सफलतासँगै पुरुष टेनिस विधामा जोकोभिकलाई सर्वकालीन महान् खेलाडीका रूपमा हेरिएको छ । यद्यपि, उनी स्वयं यस तथ्यलाई स्वीकार गर्दैनन् । 'अहिले म यो स्तरमा पुगेको जस्तो लाग्दैन,' तेस्रोपटक फ्रेन्च ओपन जितेपछि जोकोभिकले भने, 'त्यो उपलब्धि हात पार्न अझै धेरै मिहिनेत गर्नुपर्छ ।

गत वर्ष रोजर फेडेररले सन्न्यास लिनु तथा फ्रेन्च ओपनको साबिक विजेता राफेल नाडाल चोटका कारण प्रतियोगितामा सहभागिता नजनाउँदा जोकोभिकलाई इतिहास रच्न कुनै समस्या भएन । उनले तेस्रोपटक फ्रेन्च ओपन जित्न कास्पेर रुडलाई हराएका थिए । यसै सिजनको पहिलो ग्रान्डस्लाम अस्ट्रेलियन ओपनसमेत उनले जितेका थिए । वर्षमा आयोजना हुने चारवटै ग्रान्डस्लाम तीनपटक जित्ने जोकोभिक पुरुषतर्फ पहिलो खेलाडी बनेका छन् । टेनिस इतिहासमा सर्वाधिक ग्रान्डस्लामको उपाधि मार्गेट कोर्टले जितेकी थिइन् । मार्गेटले २४ ग्रान्डस्लाम हात पारेकी थिइन् ।

जोकोभिकले अमेरिकन खेलाडी सेरेना विलियम्ससँग २३ ग्रान्डस्लाम बराबरी गरेका छन् । दुई सातापछि लन्डनमा सुरु हुने विम्बल्डन टेनिस जित्दा जोकोभिकले मार्गेटको कीर्तिमान बराबरी गर्न सक्छन् ।

## सन् २००८ मा पहिलो ग्रान्डस्लाम

सन् २००८ मा जोकोभिकले करिअरकै पहिलो ग्रान्डस्लाम उपाधिका रूपमा अस्ट्रेलियन ओपन जितेका थिए । त्यसवेला फेडेरर र नाडाल निकै अगाडि बढेका थिए । नाडालले पनि त्यही समयमा ६ वटा ग्रान्डस्लाम हात पारिसकेका थिए । जोकोभिकले फेडेररले तत्काल जितेका ग्रान्डस्लाम संख्या पार गर्ने सोचेका समेत थिएनन् । फेडेररले सन् २०१५ मा पिट संप्रासको नाममा रहेको सर्वाधिक १५ ग्रान्डस्लाम तोडेका थिए । सन् २०१० देखि २०२३ सम्म जोकोभिकले प्रत्येक वर्ष कुनै न कुनै ग्रान्डस्लाम जित्दै गए ।

सन् २०११ मा फेडेरर ओरालोतर्फ लागे । यसको फाइदा जोकोभिक र नाडालले उठाए । सन् २०१२ मा फेडेररले विम्बल्डन जिते । तर, फेडेररले अर्को एउटा ग्रान्डस्लाम जित्न चार वर्ष लगाए । सन् २०१९ मा जोकोभिकले एकै सिजनमा चार उपाधि जित्ने रेकर्ड बराबरी गरे । सन् २०२१ मा जोकोभिकले अस्ट्रेलियन, फ्रेन्च र विम्बल्डन हात पार्दै २० ग्रान्डस्लाम संख्या पुऱ्याए । सन् २०२२ मा जोकोभिकले अस्ट्रेलियन ओपनमा सहभागिता जनाउन पाएनन् । अस्ट्रेलियन सरकारले अनिवार्य रूपमा कोभिड-१९ को भ्याक्सिन लिनुपर्ने नियम बनाएको थियो ।

जोकोभिकले आफूले कोभिडविरुद्धको भ्याक्सिन नलिएको र प्रतियोगिता स्वतः खेल्न पाउनुपर्ने अडान राखे । अस्ट्रेलियन सरकारअगाडि जोकोभिकको केही लागेन । उनले त्यतिकै अस्ट्रेलियन ओपन गुमाए । यसको फाइदा नाडालले लिए । उनले त्यही वर्ष नै कीर्तिमानी रूपमा १४औँ पटक फ्रेन्च र अस्ट्रेलियन ओपन जित्दै २२ ग्रान्डस्लाम संख्या पुऱ्याए । यद्यपि, जोकोभिकले त्यसलगत्तै विम्बल्डन, अस्ट्रेलियन र फ्रेन्च ओपन जित्दै पुरुषतर्फ सर्वाधिक २३ ग्रान्डस्लाम संख्या पुऱ्याए ।



### तीन खेलाडीबीच होडबाजी

पछिल्लो दशकमा ग्रान्डस्लाम र एटिपी मास्टर्स सिरिजमा तीन खेलाडीबीच मात्र उपाधिको होडबाडी चल्यो । फेडेरर, नाडाल र जोकोभिकबीचको त्रिकोणात्मक भिडन्तमा अन्य खेलाडीले मौका नै पाएनन् । यी तीन खेलाडीबीच ग्रान्डस्लाम उपाधि अन्य खेलाडीले जित्दा आश्चर्यचकित हुन्थे । यद्यपि, फेडेरर, नाडाल र जोकोभिकले निश्चित ग्रान्डस्लाममा आफ्नो शक्ति प्रदर्शन गरेका देखिन्छन् । क्ले कोर्टका बाहशाह मानिने नाडालले २२ मध्ये १४ ग्रान्डस्लाम फ्रेन्च ओपनमै जिते । नाडालको उपस्थितिमा जोकोभिक र फेडेरर निरीह हुन्थे ।

फेडेररले २० मध्ये आठ ग्रान्डस्लाम विम्बल्डनमै हात पारे । फेडेरर लगातार तीनपटक फ्रेन्च ओपनको फाइनलमा नाडालसँग पराजित भएका थिए । जोकोभिकले २३ मध्ये १० ग्रान्डस्लाम अस्ट्रेलियन ओपनमा आफ्नो नाम लेखाए । आइतबार राति जोकोभिकले चारै ग्रान्डस्लाम जित्ने तेस्रो खेलाडीको नाम लेखाउँदा स्टेफी ग्राफ र सेरेना विलियम्सको बराबरी गरे । नाडालले यो सफलता दुई र फेडेररले एकपटक हात पारे ।

## एक-अर्काविरुद्धको प्रदर्शन

३६ वर्ष भए पनि जोकोभिक उत्कृष्ट फर्ममा छन् । नाडाल र फेडेररले पनि ३५ वर्षमाथि ग्रान्डस्लाम जितेका छन् । यो उमेरमा पनि जोकोभिक र नाडाललाई अन्य युवा खेलाडीले चुनौती प्रस्तुत गर्न सक्दैनन् । टेनिस इतिहासमा धेरै फाइनल खेलेको अनुभव उनीहरूसँग छन् । यसै कारण यी दिग्गज खेलाडीले फाइनल कसरी नियन्त्रण गर्ने र खेल्ने भन्ने स्पष्ट रूपमा लिएका छन् ।

पहिलोदेखि सेमिफाइनलसम्म उत्कृष्ट प्रदर्शन गरे पनि युवा खेलाडी फाइनलमा चुक्छन् । किनभने, उनीहरूका अगाडि जोकोभिक, नाडाल वा फेडेररमध्ये एक नै प्रतिद्वन्द्वी हुन्छन् । जब तीनमध्ये एक खेलाडी फाइनलमा पुग्छन्, नयाँ खेलाडीलाई सहजै पाखा लगाउँछन् । जोकोभिकले ग्रान्डस्लाममा फेडेररसँग हेड टु हेडमा ५० मध्ये २७ खेल जितेका छन् । नाडालविरुद्ध पनि जोकोभिकको रेकर्ड राम्रो छ ।

### ग्रान्डस्लाम संख्या

**नोभाक जोकोभिक** :
१० अस्ट्रेलियन, ३ फ्रेन्च, ७ विम्बल्डन, ३ युएस ओपन

**राफेल नाडाल** :
२ अस्ट्रेलियन, १४ फ्रेन्च, २ विम्बल्डन, ४ युएस ओपन

**रोजर फेडेरर** :
६ अस्ट्रेलियन, १ फ्रेन्च, ८ विम्बल्डन, ५ युएस ओपन

**पिट संप्रास** :
२ अस्ट्रेलियन, ० फ्रेन्च, ७ विम्बल्डन, ५ युएस ओपन

### सर्वाधिक ग्रान्डस्लाम विजेता

| | |
|---|---|
| जोकोभिक | २३ |
| नाडाल | २२ |
| फेडेरर | २० |

# चुनौतीबीच साफमा सहभागी हुँदै नेपाल

**नयाँ पत्रिका**
**काठमाडौं, २९ जेठ**

नेपाली राष्ट्रिय फुटबल टोलीले ६ असारदेखि भारतको बेंग्लोरमा हुने दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिपमा सहभागी जनाउँदै छ । नेपाल साफ च्याम्पियनसिपको साबिक उपविजेता हो । तीन वर्षअघि नेपालले फाइनल खेल्दाका अधिकांश खेलाडी विदेश भासिएका छन् । प्रशिक्षक भिसेन्जोले साफ च्याम्पियनसिपका लागि खेलाडी छनोट गर्दा तीन नयाँ खेलाडीलाई स्थान दिएका छन् । सहिद स्मारक 'ए' डिभिजन लिग सकेलगत्तै नेपाली टोलीले फिलिपिन्समा अभ्यास खेलमा समेत सहभागिता जनाउनेछ । फिलिपिन्समा अभ्यास खेलसँगै नेपाली टोलीले भारतमा साफ च्याम्पियनसिप खेल्नेछ ।



खेलाडी र प्रशिक्षकसमेत नयाँ हुँदा नेपाली टोलीले साफ च्याम्पियनसिपमा थुप्रै चुनौतीको सामना गर्नुपर्ने कप्तान लिम्बूको प्रतिक्रिया

लिगमा आबद्ध खेलाडीहरूको चेतावनीका कारण अखिल नेपाल फुटबल संघ (एन्फा)ले साफ च्याम्पियनसिपको तयारी राम्रोसँग गर्न पाएन । छोटो अवधिका लागि भए पनि प्रशिक्षक भिसेन्जोले फिलिपिन्समा प्रशिक्षणको प्रबन्ध मिलाए । छोटो तयारी र मुख्य खेलाडी विदेश पलायन हुँदा नेपाली टोलीमा समस्या परेको कप्तान किरणकुमार लिम्बूले बताएका छन् । यसपटक नेपाली टोलीमा सर्वाधिक अनुभवी र सिनियर खेलाडीका रूपमा कप्तान लिम्बू नै हुन् ।

राम्रा तथा सिनियर खेलाडी एकपछि अर्को गरी विदेश जाँदा आफूलाई निकै दुःख लागेको कप्तान लिम्बूले बताए । फिलिपिन्समा अभ्यास खेल खेल्न जानुअघि उनले खेलाडी विदेशमा भविष्य बनाउन जानुपर्दा आफूलाई दुःख लागेको प्रतिक्रिया दिए । 'नेपाली फुटबल जुन दिशामा गएको छ, त्यो सम्झिँदा दुःख लाग्छ,' भावुक हुँदै लिम्बूले भने, 'खेलाडी बिदेसिँदा नेपालको फुटबल अब के हुन्छ भन्ने मनमा डर छ ।' नियमितजसो खेलाडी विदेशमा जाँदा नेपाली टोलीको सन्तुलनसमेत बिग्रेको उनको भनाइ छ ।

### नियमित खेलाडी पलायनको समस्या

'एकपछि अर्को खेलाडी विभिन्न मुलुकमा गइरहेका छन्, यसले टोलीको सन्तुलन मिलाउन गाह्रो हुन्छ,' उनले भने, 'अहिलेको अवस्थामा बिदेसिने खेलाडीले नेपाली फुटबललाई सबैभन्दा बढी पीडा दिएका छन् ।' लामो समयसम्म एन्फाले 'ए' डिभिजन लिग निश्चित नगर्नु र व्यावसायिक फ्रेन्चाइज फुटबल प्रतियोगितासमेत नगर्दा खेलाडीले अस्ट्रेलियालाई नै मुख्य गन्तव्य बनाए । यो एक वर्षभित्र नेपाली फुटबलमा आएको परिवर्तन नै खेलाडी बिदेसिनु हो । 'हरेक समूहका खेलाडी विदेश पलायन भइसकेका छन्,' कप्तान लिम्बूले भने, 'अहिले साफ खेल्न लागेको सबैजसो खेलाडी नयाँ छन् ।' साफमा सहभागी हुने अधिकांश खेलाडीदेखि प्रशिक्षकसमेत नयाँ छन् ।

साफमा फिफा वरीयतामा राम्रो स्थानमा रहेका लेबनान र कुवेत पनि छन् । नेपालले कुवेत, साबिक विजेता भारत र पाकिस्तानको चुनौती सामना गर्नुपर्छ ।

### बलिया प्रतिद्वन्द्वी

कप्तान लिम्बूले साफ च्याम्पियनसिपमा भारतसँगै लेबनान र कुवेत कडा प्रतिद्वन्द्वी भएको बताए । 'अहिले कुवेत र लेबनानको आगमनसँगै हामीले धेरै चुनौती सामना गर्नुपर्छ,' उनले भने, 'पाहुना टोलीको उपस्थितिले खेल नै फरक हुन सक्छ ।' कप्तान लिम्बूले उचित प्रशिक्षण गर्न नपाएको समस्या सुनाए । 'हामीले समयमै प्रशिक्षण गर्न पाएनौँ, टोलीमा धेरै खेलाडीले डेब्यु नै गरेका छैनन्,' उनले भने, 'सबै पक्ष नयाँ हुँदा साफ च्याम्पियनसिपमा हाम्रो प्रदर्शन कस्तो हुन्छ भन्न सकिन्न ।' यद्यपि, उनले नेपालको साफ जित्ने सपना बाँकी रहेको सुनाए । उनी भन्छन्, 'हाम्रो प्रयास भनेको साफ च्याम्पियन हुनु नै हो, यो सपना अझै पनि बाँकी नै छ ।' नेपालले समूह 'ए' मा ६ असारमा कुवेतसँग खेल्नेछ । ९ असारमा भारत र १२ असारमा पाकिस्तानविरुद्ध नेपालले प्रतिस्पर्धा गर्नेछ ।

## सार्क बुद्धिचाल आजदेखि

**काठमाडौं**/ नेपाल बुद्धिचाल महासंघको आयोजनामा दोस्रो सार्क बुद्धिचाल च्याम्पियनसिप आजदेखि हुँदै छ । ४ असारसम्म हुने प्रतियोगितामा महिला र पुरुष गरी दुई स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोतिगामा आयोजक नेपालसहित भारत, बंगलादेश, पाकिस्तान, माल्दिभ्स, श्रीलंका, भुटान र अफगानिस्तानका समान १० पुरुष र महिलाले राउन्ड रोबिनका आधारमा प्रतिस्पर्धा गर्नेछन् । च्याम्पियनसिपको पहिलो संस्करण बंगलादेशमा खुला प्रतिस्पर्धाको आधारमा भएको थियो ।

नेपालबाट पुरुष च्याम्पियन तथा फिडेमास्टर रुपेश जयसवाल र रनरअप सुरवीर लामाले भाग लिनेछन् । महिलातर्फ राष्ट्रिय च्याम्पियन फिडेमास्टर सुजना लोहनी र रनरअप सुशीला गुरुङले प्रतिस्पर्धा गर्नेछन् ।

## तेस्रो प्रयासमा उरुग्वे यू-२० विश्वकप च्याम्पियन

**लन्डन**/ दक्षिण अमेरिकी फुटबल राष्ट्र उरुग्वे यू-२० विश्वकपको च्याम्पियन बनेको छ । उरुग्वे इटालीको यू-२० फुटबल टोलीमाथि १-० को कठिन जित निकाली विश्व च्याम्पियन बनेको हो । अर्जेन्टिनामा आइतबार राति भएको उपाधि भिडन्तमा उरुग्वेलाई च्याम्पियन बनाउन लुसियानो रोड्रिग्वेजले खेलको ८६औँ मिनेटमा एक मात्र निर्णायक गोल गरेका थिए ।

उरुग्वेले तेस्रोपटकको फाइनलमा उपाधि हात पारेको हो । यसअघि उरुग्वे सन् १९९७ र २०१३ को फाइनल खेलेको थियो । उरुग्वे १९९७ मा अर्जेन्टिनासँग फाइनलमा पराजित भयो । सन् २०१३ मा उरुग्वे फ्रान्ससँग स्तब्ध भएको थियो ।

प्रतिस्पर्धात्मक र रोमाञ्चक यू-२० विश्वकपको फाइनलमा उरुग्वे र इटालीका खेलाडीले प्राप्त अवसर सदुपयोग गर्न सकेनन् । इटालीका एन्डरसन डुआर्टेले पहिलो हाफमा उत्कृष्ट मौका पाएका थिए । उनले क्लोज रेन्जबाट गोल गर्न सकेनन् । दक्षिण कोरियालाई पराजित गर्दै इटाली फाइनलमा पुगेको थियो । उरुग्वेले सेमिफाइनलमा इजरायललाई हराएको थियो । प्रतियोगितामा इजरायल तेस्रो भएको छ ।



प्रतियोगितामा इटालीका सिसर कासाडेइ विश्वकपको सर्वाधिक गोलकर्ता भए । उनले विश्वकपमा सर्वाधिक सात गोल गरेका थिए । अर्जेन्टिनामा २० मेबाट सुरु भएको विश्वकपमा ६ महादेशका २४ राष्ट्रको सहभागिता रहेको थियो । सहभागी राष्ट्रलाई ६ समूहमा विभाजन गरिएको थियो । प्रतियोगिता अर्जेन्टिनाको चार सहरमा खेलाइएको थियो ।

## खेल | संक्षेप

### एन्जल्स हार्ट सेमिफाइनलमा

**काठमाडौं**/ हिमरश्मि र एन्जल्स हार्ट प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषतर्फ सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन् । हिमरश्मिले काठमाडौं लिंकनलाई २२-१८ ले पराजित गऱ्यो । एन्जल्स हार्टले जीवन ज्योतिलाई १९-१७ ले हरायो । जुनियर पुरुषमा लालीगुराँस नेसनल एकेडेमी (एलएनए)ले सिर्जना ज्ञानसागरलाई २०-१६ ले पाखा लगायो । सिनियर महिलामा एलएनएले नर्थ भ्यालीलाई २८-१८ ले निराश पाऱ्यो । ल्यान्डमार्कले स्प्रिङ भ्यालीलाई १७-१० ले पराजित गऱ्यो ।

### मनोज र विदुरलाई स्वर्ण

**काठमाडौं**/ मनोज राणा र विदुर विष्टको जोडीले राइजिङ स्टार खुला टेनिस प्रतियोगिताको भेट्रान ६५ वर्षमाथि पुरुष डबल्समा सोमबार स्वर्ण जितेको छ । फाइनलमा विदुरको जोडीले अशोक कुमार र रामबहादुर तामाङको जोडीलाई ६-२ र ६-१ को सोझो सेटमा पराजित गऱ्यो । पुरुष एकलमा निहालजंगबहादुर थापाले विशांक सुवेदीलाई ६-० र ६-० ले हराउँदै दोस्रो स्थानको स्थान पक्का गरे । आरभसम्राट हाडाले सुशल मोक्तानलाई ६-० र ६-०, आयुषमानहजुर घलेले नवीन श्रेष्ठलाई ६-२ र ६-३ ले पाखा लगाउँदै दोस्रो स्थानको स्थान सुरक्षित गरेका छन् ।

## योग स्पोर्टस्मा भारत पहिलो




**काठमाडौं**/ तेस्रो दक्षिण एसियाली योग स्पोर्टस् च्याम्पियनसिपमा भारत पहिलो भएको छ । भारतले सर्वाधिक ६ स्वर्ण, आठ रजत र चार कांस्य जित्दै च्याम्पियनसिप उपाधि हात पारेको हो । समान ६ स्वर्ण, तीन रजत र चार कांस्यका साथ नेपाल प्रतियोगिताको उपविजेता बनेको छ । तेस्रो स्थानमा रहेको बंगलादेशले एक स्वर्ण र तीन रजत हात पाऱ्यो ।

दोस्रो माउन्ट एभरेस्ट योग महोत्सव प्रतियोगितामा पनि भारतले ११ स्वर्ण, पाँच रजत र पाँच कांस्यका साथ पहिलो स्थानमाथि कब्जा जमायो । एक स्वर्ण, दुई रजत र दुई कांस्य जितेको साउदी अरब दोस्रो भयो । आयोजक नेपालले तेस्रो स्थान रक्षा गऱ्यो । प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, साउदी अरबलगायत राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

नेपालबाट ७२, भारतबाट ७९, साउदी अरबबाट ९ र बंगलादेशबाट पाँच खेलाडीले भाग लिएका थिए । इरान योग फेडरेसनका प्रतिनिधिको उपस्थिति रहेको थियो ।


**नीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धादिङबेशी, धादिङ**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०/२/३०**

यस कार्यालयको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित रु |
|---|---|---|---|---|
| 1. | NEE-NCB-15/079/80 | Procurement and Supply of Sanitary pad | श्री Jasmine Hygiene Products, Dharan | 1810850.54 |
| 2. | NEE-S.Q-15/079/080 | Procurement and Supply of Steel Parts Fabrication of Trail Bridge | श्री Inter Tech Pvt.Ltd, Butwal | 1742948.72 |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय**
**बबरमहल, काठमाडौं**
**फोन नं. ०१-४२५००९१**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८०/०२/३०** (13 June, 2023)

यस आयोजनाबाट तपशिल वमोजिमको खरिद कार्यको लागि मिति २०७९/०९/२५ गतेको सूचना अनुसार e-GP मार्फत दर्ता हुन आएका वोलपत्रहरु मूल्याङ्कन हुँदा उल्लेखित वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्र रहेकोले सा.ख. ऐन, २०६३ को दफा २७(२) वमोजिम र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ उक्त वोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम | कवोल अंक (P.S र मू.अ.कर समेत) |
|---|---|---|---|
| (DUDBC/SBCP/Works-Interior/NCB/02/079-80) | Works for Interior, Conference and Security System Installation of Federal Parliament Building at Singhadurbar, Kathmandu. | १. श्री KC/ Shyam Sundar/ Baniya JV, Kathmandu. | रु. २,३४५,४९०,८७५.७५ |

**आयोजना निर्देशक**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com